# वार्षिक
# दर्पण
२०७९-०८०

राष्ट्रिय खेलकुद परिषद-नेपाल
National Sports Council-Nepal

# राष्ट्रिय खेलकुद परिषद्



संरक्षक
प्रधानमन्त्री **पुष्पकमल दाहाल 'प्रचण्ड'**



अध्यक्ष
**माननीय डिगबहादुर लिम्बु**
युवा तथा खेलकुद मन्त्री



उपाध्यक्ष
**शिव कोइराला 'ज्वाला'**
राष्ट्रिय खेलकुद परिषद्



सदस्यसचिव
**टंकलाल घिसिङ**
राष्ट्रिय खेलकुद परिषद्



सदस्य
**रविलाल पन्थ**
सचिव युवा तथा खेलकुद मन्त्रालय, पदेन सदस्य

प्रतिनिधि
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पदेन सदस्य



सदस्य
**इमनारायण श्रेष्ठ**
सहसचिव, खेलकुद विकास महाशाखा युवा तथा खेलकुद मन्त्रालय



सदस्य
**एकेन्द्र कुँवर**



सदस्य
**श्री नन्दा बस्याल**

सदस्य
सशस्त्र प्रहरी

सदस्य
खेलकुद विभाग प्रमुख,
नेपाली सेना, पदेन सदस्य

सदस्य
खेलकुद विभाग प्रमुख,
नेपाल प्रहरी



सदस्य
**राजेश गुरुङ**



सदस्य
**श्री चन्द्र वदाना राई**



सदस्य
**मानदेव हजारा**



सदस्य
**सुमित्रा चौधरी**



सदस्य
**लेखबहादुर क्षेत्री**



सदस्य
**प्रकाश कुमार कुसारी**



सदस्य
**बिना श्रेष्ठ**



सदस्य
**श्रीमान थापा मगर**



सदस्य
**पेमा डोल्मा लामा**



सदस्य
**अञ्जन धमला**



सदस्य
**जनक बडतौला**



सदस्य
**मोहम्मद फाजिल**



सदस्य
**दिपेन्द्र विष्ट**



सदस्य
**हंसराज वाग्ले**
सदस्यसचिव, खेलकुद
विकास बोर्ड, कोशी प्रदेश



सदस्य
**सूर्यलाल भण्डारी**
सदस्यसचिव, खेलकुद विकास
परिषद्, बागमती प्रदेश



सदस्य
**श्रीधर शर्मा**
सदस्यसचिव, खेलकुद
परिषद्, गण्डकी प्रदेश



सदस्य
**जयप्रकाश भट्टराई**
सदस्यसचिव, खेलकुद
परिषद्, लुम्बिनी प्रदेश



सदस्य
**विश्वामित्र सञ्ज्याल**
सदस्यसचिव, खेलकुद
परिषद्, कर्णाली प्रदेश



सदस्य
**दीपकबहादुर सिंह**
सदस्यसचिव, खेलकुद
परिषद्, सुदूरपश्चिम प्रदेश

संरक्षक : टंकलाल घिसिङ, सदस्यसचिव, राखेप

सम्पादक मण्डल

खुशराज दाहाल (प्रमुख, प्रचार-प्रसार शाखा)
लोकेन्द्रकुमार बस्नेत (प्रशासकीय अधिकृत, प्रचार-प्रसार शाखा)
दामोदर अर्याल (प्रचार-प्रसार शाखा)
रोशन राउत
ध्रुव तुलाधर
अनिल मल्ल ठकुरी

सहयोगी

विमला थापा (प्रचार-प्रसार शाखा)
विनिशा घिमिरे (प्रचार-प्रसार शाखा)
प्रवीण लामा (प्रचार-प्रसार शाखा)

प्रकाशन प्रति : ५००
प्रकाशन मिति : २०८० असोज
मुद्रण : वेभ प्रिन्टर्स एण्ड ट्रेडर्स

प्रकाशक

प्रचार-प्रसार शाखा
राष्ट्रिय खेलकुद परिषद्, त्रिपुरेश्वर, काठमाडौं

प्रधानमन्त्री

काठमाडौं, नेपाल



## शुभकामना

नेपालमा भएका अन्तर्राष्ट्रिय प्रतियोगिता र उपलब्धी, नेपालले सहभागिता जनाएका अन्तर्राष्ट्रिय प्रतियोगिता र उपलब्धी, खेल पूर्वाधारको प्रगति, नवौं राष्ट्रिय खेलकुदको संक्षिप्त जानकारी, राष्ट्रिय खेलकुद परिषदको प्रत्यक्ष/अप्रत्यक्ष सहयोगमा स्वदेशमा भएका विभिन्न गतिविधि लगायतका सामग्रीहरु समाविष्ट गरी राष्ट्रिय खेलकुद परिषदले "वार्षिक दर्पण" नामक पुस्तक प्रकाशन गर्न लागेको जानकारी पाउँदा मलाई खुसी लागेको छ । सर्वप्रथम प्रकाशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दै परिषदप्रति आभार प्रकट गर्दछु ।

खेल क्षेत्रको विकास राष्ट्र विकासको महत्वपूर्ण आधार भएकाले यसको विकासबाट राष्ट्रको सर्वाङ्गीणको ढोका खोल्न सकिन्छ । आजको परिप्रेक्ष्यमा खेल शारीरिक तथा मानसिक स्वास्थ्यको आधार मात्र नभएर कुटनीति, अर्थतन्त्र एवं सहकार्य र एकताको स्तम्भसमेत हुन पुगेको छ । नेपाल सरकार खेल क्षेत्रसँग सम्बन्धित सम्पूर्ण नीतिहरुको प्रभावकारी कार्यान्वयन गर्न, अपर्याप्त नीतिहरु निर्माण गर्न, संस्थागत एवं संरचनागत विकास र खेलाडीहरुको वृत्तिविकासका साथै क्षमता अभिवृद्धि गर्न प्रतिवद्ध छ ।

खेल क्षेत्रमा लगानी वृद्धि गर्ने, खेलाडीहरुको आत्मस्वाभिमान, प्रोत्साहन, पुरस्कारका साथै वृत्तिविकासमा थप योगदान गर्ने, राज्यको भूमिकालाई थप प्रभावकारी र जिम्मेवार बनाउन सरकार प्रयत्नशील रहनेछ । यस सन्दर्भमा खेल क्षेत्रको विकासका निम्ति सरकारको तर्फबाट गरिने प्रयासमा यहाँहरुको दर्बिलो साथ र सहयोगको समेत अपेक्षा गरेको छु । मैले मैदानमै पुगेर खेलाडीलाई हौसला बढाउनेदेखि प्रतियोगितामा विजयी खेलाडीहरुलाई पुरस्कृत गर्ने, खेल क्षेत्रका कार्यक्रमहरु उपस्थित भएर सम्बोधन गर्ने र खेल क्षेत्रसँग सम्बन्धित पदाधिकारीहरुलाई बोलाएर खेल क्षेत्रको विकास, खेलाडीहरुको भविष्य निर्माण र भविष्य खेल क्षेत्रमा देशको उचाइ कसरी बढाउन सकिन्छ भन्नेबारे निरन्तर सम्वाद र अन्तरक्रिया गर्दै आएको व्यहोरा यहाँहरुमा अवगत नै छ ।

खेल क्षेत्रको विकास एवं खेलाडीहरुको भविष्यका निम्ति आगामी दिनमा समेत थप तीव्रताका साथ प्रभावकारी भूमिका खेल्ने प्रतिवद्धता व्यक्त गर्दै फेरि एकपटक यहाँहरुको प्रकाशन पठनीय र संग्रहीय कृतिका रुपमा स्थापित हुन सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु, धन्यवाद ।

२० भाद्र २०८०

पुष्पकमल दाहाल 'प्रचण्ड'

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
(............................शाखा)

पत्र संख्या :
चलानी नं. :

सिंहदरबार, काठमाडौं
नेपाल।

# शुभ कामना

राष्ट्रिय खेलकुद परिषद्ले आर्थिक वर्ष २०७९/०८० मा सम्पादन गरेका कार्यहरुलाई समेटेर "बार्षिक दर्पण" प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुसी लागेको छ ।प्रकाशन हुने बार्षिक दर्पण नेपालको समग्र खेलकुद जगतको ऐनाको रुपमा रहनु पर्दछ । खेलकुदमा चासो राख्ने जो कोहीको लागि यो प्रकाशनले यथेष्ट जानकारी प्रदान गर्न सक्ने छ भन्ने आशा राखेको छु ।

खेलकुद मात्र एउटा यस्तो विधा हो जो बालक देखी बृद्धसम्म, महिला वा पुरुष, न उमेर न लिङ्ग कुनै विभेद विना सबैको सहभागीता एवं संलग्नता रहन्छ । खेल शारिरीक वृद्धि, स्वस्थ जीवन, मनोरञ्जन, व्यवसायिकता र पर्यटन लगायत सबै क्षेत्रमा महत्व र संभावना रहेको विधा हो । एउटा खेलाडीले मात्र पनि राष्ट्रको नाम अन्तराष्ट्रिय जगतमा उचो बनाउन सक्ने ल्याकत राखदछ ।

खेलकुद क्षेत्रमा सरकारी, नीजि र अन्तराष्ट्रिय लगानी र चाँसो रहने गर्दछ । स्रोतको सीमितताका कारण प्रयाप्त लगानी गर्न नसकिरहेको तितो यथार्थ हामी सामु अवगत नै रहेको छ । अन्तराष्ट्रिय स्तरमा संभावना रहेको खेलको पुर्वाधार निर्माण, प्रशिक्षण, वैदेशिक अभ्यास र खेलाडीको व्यावसायिकताको लागि राष्ट्रिय खेलकुद परिषद्ले दीर्घकालीन सोचको साथ योजनावद्ध ढंगवाट अगाडि वढ्नु पर्ने आजको आवश्यकता रहेको छ । यसै गरी परिषदमा दर्ता भएको खेल संघहरुको क्षमता विकास गर्दै खेलकुदको विकासमा सँगै हिडाउने र स्थानीय स्तरमा समेत खेलकुद गतिविधि सञ्चालन गरी नवप्रतिभाहरुको खोजी गरी उचित अवसर प्रदान गर्न पनि उतिकै जरुरी देखिन्छ ।

अन्तमा परिषद्ले प्रकाशन गर्न लागेको यस "बार्षिक दर्पण" खेलकुद क्षेत्रमा चासो राख्ने सबैको लागि जानकारीमूलक अध्यन सामाग्री बन्न सकोस । यस्ता जानकारीमूलक प्रकाशनले निरन्तरता पाउने अपेक्षा राखेको छु । परिषद्लाई आफ्नो लक्ष्य प्राप्ति एवं सिर्जनात्मक कार्यमा सफलता मिलोस भन्ने शुभकामना व्यक्त गर्दछु ।

२०८० भदौ, २४

मा. डिग बहादुर लिम्बु
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय

फोन नं.:-४२००५४२ (प्रशासन), ४२००५५३ (योजना), ४२००५४५ (युवा), ४२००५५० (खेलकुद), ४२००५४३ (आ.प्र.)
फ्याक्स नं.:- ४२०००३२, इमेल: info@moys.gov.np वेभसाइट: www.moys.gov.np

"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"
# राष्ट्रिय खेलकुद परिषद
प्रधान कार्यालयः त्रिपुरेश्वर, काठमाडौं, नेपाल
National Sports Council
Head Office: Tripureshwor, Kathmandu, Nepal

च.नं./Ref. No.:

विभाग/शाखा
Dept./ Sec.
मिति/ Date: २०८०।०५।२७

## शुभकामना

राष्ट्रिय खेलकुद परिषदले आर्थिक वर्ष २०७९/०८० मा भएका विभिन्न खेलकुद कार्यक्रमका गतिविधिको पक्षलाई समेटी दर्पण नामक पुस्तक प्रकाशन गर्न लागेकोमा राष्ट्रिय खेलकुद परिषदका उपाध्यक्षको हैशियतले एवं व्यक्तिगत तर्फबाट शुभकामना दिन चाहान्छु । साथै यसरी वर्ष भरि भए गरिएका खेलकुद क्रियाकलाप र गतिविधलाई समेटेर पुस्तक प्रकाशन गर्नु लाई सकारात्मक पक्ष मानेको छु

विगतको वर्ष देखि नै वार्षिक रुपमा भएको खेलकुदको क्रियाकलाप र गतिविधिलाई समेटेर पुस्तक प्रकाशन भएको भए कुन सालमा के कति र कस्तो किसिमको खेलकुद गतिविधि भएको थियो भन्ने कुरा मूल्यांकण गरी मापन गर्न सकिन्थ्यो तर ढिलो नै भएपनि मुलुकको खेलकुद गतिविधि गर्ने सर्वोच्च निकाय राष्ट्रिय खेलकुद परिषदले गएको आ.व.बाट खेलकुदको क्रियाकलाप र गतिविधिलाई समेटी दर्पण नामक पुस्तक प्रकाशनको सुरुवात गर्नु प्रशंसनिय कार्य हो भन्ने ठानेको छु ।

यसरी वर्ष भरिको खेलकुदको क्रियाकलाप र गतिविधि समेटेर तयार गरी दपर्ण नामक पुस्तक प्रकाशन गर्न लागेकोमा यस पुस्तकले भोली इतिहासको दस्तावेज हुने र नयाँ पिढीको लागि प्रेरणाको श्रोत बन्ने विश्वास लिएको छु र यस पुस्तक प्रकाशनले आगामी वर्षहरुमा निरन्तरता पाई रहने छ भन्ने अपेक्षा राख्दै यस पुस्तक प्रकाशनका लागि अनवरत रुपमा खटिने कर्मचारीहरुको टिमलाई सफलताको शुभकामना दिदै आउने दिनमा खेलकुदको गतिविधिहरु विगतको वर्षको भन्दा अझ उर्जाशिल हुने छ भन्ने आशा राख्दै मित्र राष्ट्र चिनको हान्जाउ शहरमा हुन गई रहेको १९ औ एशियाली खेलकुद प्रतियोगितामा सहभागि हुने खेलाडीहरुलाई प्रतियोगितामा उच्च मनोवलका साथ खेल प्रर्दशन गर्नका लागि हार्दिक शुभकामना दिन चाहान्छु ।

शिव कोईराला (ज्वाला)
उपाध्यक्ष
राष्ट्रिय खेलकुद परिषद

P.O. Box: 2090, Tripureshwor, Kathmandu, Tel.: 4-261873 (Secretariat) 4-250699, 4-248925, Fax: 977-1-4-261766/4-4-262079, E-mail: nsc.ms.secretariat@gmail.com

"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"
राष्ट्रिय खेलकुद परिषद्
प्रधान कार्यालयः त्रिपुरेश्वर, काठमाडौं, नेपाल
National Sports Council
Head Office: Tripureshwor, Kathmandu, Nepal
विभाग/शाखा
Dept./ Sec.
च.नं./Ref. No.:
मिति/ Date:

२०८०/०६/०६

## तथ्यहरुको अभिलेख बनोस्

नेपाली खेलकुद क्षेत्रले पछिल्ला दिनहरुमा पाउदै गरेको सफलतावाट राष्ट्रिय खेलकुद परिषद उत्साहीत भएको छ । अनेकौ चुनौतीका बीच खेलाडीहरुले गरेको परिश्रमले प्राप्त उपलब्धिहरु नेपालीको पूँजी हुन । यसको संरक्षण र निरन्तरता आजको चुनौती र अवसर हो । खेल पूर्वाधारको विकाससंगै खेलाडीहरुको क्षमता अभिवृद्धि गर्नुपर्ने खाँचो छ । यसका लागि राष्ट्रिय खेलकुद परिषदको समग्र नेतृत्व क्रियाशिल छ । नेपाली खेलकुद क्षेत्रले प्राप्त गरेको उपलब्धिलाई सस्थागत गर्नुपर्ने छ भने आम नागरिकलाई जनाकारी गराउनु आवश्यक छ ।

नेपाली खेलकुदको सर्वोच्च निकायका रुपमा राष्ट्रिय खेलकुद परिषदले सन्चालन गर्ने कार्यक्रम तथा योजनाले खेलकुदको भविष्य निर्धारण गर्छ । खेलकुदलाई गतिशिल वनाउन खेलाडीहरुलाई प्रोत्साहन र हौसला प्रदान गर्न उनीहरुको लगन तथा प्राप्त उपलब्धिलाई भावी पीढीसम्म पुऱ्याउनु पर्दछ । यसका लागि खेल र खेलाडी सम्वन्धि अभिलेख जरुरी पर्दछ । खेलकुद सम्वन्धि अभिलेखहरु निकै कम भईरहेको समयमा परिषदवाट प्रकाशन गरिने समाग्री सबैका लागि सहयोगी बन्न सक्छ ।

राष्ट्रिय खेलकुद परिषद्ले आर्थिक वर्ष २०७९/२०८० मा गरेका कार्यहरु, अन्तराष्ट्रिय सहभागिता र प्राप्त भएका उपलब्धि तथा देशभित्रै सन्चालन गरिएका अन्तर्राष्ट्रिय र राष्ट्रिय प्रतियोगिताहरुलाई नागरिक समक्ष लीपीवद्धरुपमा पुऱ्याउने उदेश्यवाट प्रकाशन हुने खेलकुदको **बार्षिक दर्पण** कोशेढुंगा सावित हुने विश्वास लिएको छु । पर्दणमा खेलकुद परिषदका मात्र नभई खेल संघहरुका गतिविधिहरु समेत समेटन सकिए अझै प्रभाकारी हुनेछ ।

**खेलकुद बार्षिक दर्पण** यस क्षेत्रको खोज, अध्ययन र अनुसन्धान गर्नेहरुका लागि समेत सहयोगी बन्न सक्नु पर्दछ । आगामी अंकहरु अझै प्रभाकारी वनाउदै लग्नु पर्ने छ भने प्रकाशनको निरन्तरता अर्को चुनौती हो । समावेश भएका विषय र तथ्य- तथ्यांक वस्तु निष्ट वनाउनु आवश्यक हुन्छ । प्रथम प्रयासले उल्लेखित विषयहरु पूर्ण नहुन सक्छन तर आगामी प्रकाशनहरुका लागि यो दर्पण सहयोगी वन्ने विश्वास लिएको छु ।

टंकलाल घिसिङ
सदस्य सचिव

नेपाल सरकार
# युवा तथा खेलकुद मन्त्रालय
(...........................................शाखा)

पत्र संख्या : ०८०।८१
चलानी नं. : २५८

सिंहदरबार, काठमाडौं
नेपाल ।

शुभकामना

खेलकुद क्षेत्र राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तराष्ट्रिय जगतमा राष्ट्रको सम्मान अभिवृद्धि गर्ने एउटा माध्यम पनि हो । खेलकुदले व्यक्तिलाई अनुशासित बनाउन मद्धत गर्दछ। स्वास्थ्यका लागि पनि खेलकुदको महत्व उत्तिकै छ। नेपाली खेलकुदलाई गतिशिल बनाउने खेलाडीहरुलाई प्रोत्साहन र उत्प्रेरणा आवश्यक छ। सबैका लागि खेलकुद भन्ने नारालाई मूर्त रुप दिनु अहिलेको आवश्यकता हो।

नेपालमा खेलकुद क्षेत्रको लागि पूर्वाधार निर्माण गर्ने,खेल प्रतियोगिता सञ्चालन गर्ने र खेलकुद क्षेत्रमा आवश्यक समन्वय गर्ने निकायको रुपमा राष्ट्रिय खेलकुद परिषद्ले विगत छ दशक देखि काम गर्दै आएको छ ।परिषदले वार्षिक कार्यक्रममा उल्लेख भए बमोजिमका क्रियाकलापहरु सन्चालन गर्दै आइरहेकोमा आफ्नो संस्थावाट भएका गतिविधिहरु समेटेर **वार्षिक दर्पण** नामक प्रकाशन गरेकोमा खुशी लागेको छ।

प्रत्येक संस्थाले आफ्नो उद्देश्य पूरा गर्नको लागि अल्पकालीन र दीर्घकालीन योजना बनाई वार्षिक कार्यक्रम मार्फत कार्यान्वयनमा ल्याएका हुन्छन् । कार्यक्रम कार्यान्वयनमा देखा परेका कमी कमजोरीलाई भावी योजना निर्माणका लागि पाठको रुपमा ग्रहण गर्न उपयुक्त हुन्छ। विगतमा भएका गतिविधिको अभिलेख राख्न संस्थाका प्रकाशनहरु सहायक सिद्ध हुन सक्छन् । परिषद्वाट प्रकाशित **'वार्षिक दर्पण'** वर्तमानका लागि पाठ्यसामग्री र भविष्यका लागि सन्दर्भ सामग्रीको रूपमा प्रयोगमा आउने छ भन्ने विश्वास लिएको छु । प्रस्तुत प्रकाशन आफ्नो उद्देश्यमा रहोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

मितिः २०८०/०५/२५

(रविलाल पन्थ)
सचिव

फोन नं. :- ४२००५४२ (प्रशासन), ४२००५५३(योजना), ४२००५४५(युवा), ४२००५५०(खेलकुद), ४२००५४३(आ.प्र.)
फ्याक्स नं. ४२०००३२, इमेलः info@moys.gov.np वेभसाइटः www.moys.gov.np

# इतिहासलाई अक्षरमा कुँद्ने प्रयास

भनिन्छ, इतिहास अक्षरमा कुँदिएको हुन्छ। अक्षरमा नलेखिएको इतिहासले अन्योल सिर्जना गर्छ। 'हो वा होइन' को विरोधाभाषपूर्ण अवस्था रहनु भनेको पक्कै पनि सुखद पक्ष होइन। लिखित इतिहासले मात्र भावी पुस्तालाई सही सूचना उपलब्ध गराउँछ।

नेपाली खेलकुदको नेतृत्वदायी निकाय हो, राष्ट्रिय खेलकुद परिषद् (राखेप)। हामीले हिजो वा आज गरेका कामहरू पनि आउँदो पुस्ताका लागि इतिहास बन्न पुग्छ। लिखित इतिहास नहुँदा परिषद्ले विगतमा गरेका थुप्रै गतिविधि छरपस्ट छन्।

सुदूर विगतमा नेपाली खेलकुदमा भएका थुप्रै गतिविधिको स्पष्ट तिथि/मिति फेला पार्नका लागि अहिलेको पुस्ताले ठुलै कसरत गर्नुपर्ने अवस्था छ। यसको मुख्य कारण भनेको हामीले नेपाली खेलकुदमा भएका गतिविधिलाई लिखित रूपमा संग्रह गर्न नसक्नु नै हो।

नेपालमा खेलकुद गतिविधिको थालनी निकै अगाडिदेखि सुरु भएको मानिन्छ। खेलकुद विकासको संस्थागत थालनी भएकै पनि ५० वर्षभन्दा लामो समय बितिसकेको छ। समग्रमा भन्नुपर्दा नेपालमा खेलकुद विकासको संस्थागत थालनी २०१५ सालमा तत्कालीन शिक्षामन्त्री परशुराम चौधरीको अध्यक्षतामा होराप्रसाद जोशी सदस्यसचिव रहेको 'राष्ट्रिय स्वास्थ्य तथा खेलकुद परिषद्' गठनबाट भएको हो।

त्यसको दुई वर्षपछि २०१७ सालमा त्यसबाट 'स्वास्थ्य' शब्द हटाइयो र 'राष्ट्रिय खेलकुद परिषद् (राखेप)' मात्र रह्यो। त्यसको चार वर्षपछि २०२१ सालमा राष्ट्रिय खेलकुद परिषद् ऐन बन्यो र त्यसैअन्तर्गत राखेप गठन भएको हो।

त्यसअघि नै नेपालमा खेलकुदका थुप्रै गतिविधि हुने गरेको पाइन्छ। राखेपको स्थापना हुनुअघि नै देशभित्र नेपाल क्रिकेट संघ, फुटबल संघ, टेबलटेनिस संघ र ब्याडमिन्टन संघहरू गठन भइसकेका थिए। ती खेल संघहरू गठन हुनुअघि पनि खेलकुद गतिविधिहरू नभएका होइनन्।

तर, नेपाली खेलकुदका अधिकांश इतिहास अस्पष्ट र छरपस्ट रूपमा छन्। यसको मुख्य कारण भनेको विगतमा हामीले इतिहासलाई अक्षरमा कुँद्ने प्रयास गरेनौं। यस्तै अनुभवहरूबाट शिक्षा लिएर हामीले यो नयाँ प्रयासको थालनी गरेका हौं। पछिल्लो समय नेपाली खेलकुदले पनि क्रमशः बृहत आकार ग्रहण गरिरहेको तथ्य कसैसामु लुकेको छैन। घरेलु खेलकुद गतिविधिमात्र होइन, नेपाली खेलकुदको अन्तर्राष्ट्रिय दायरा पनि फराकिलो बन्दै गएको छ। एक वर्षको अवधिमा नेपाली खेलकुदमा पर्याप्त गतिविधि हुने गरेका छन्।

वर्षभरि हुने यस्ता खेलकुद गतिविधिलाई लिपिबद्ध नगर्नु भनेको फेरि पनि नेपाली खेलकुदसँग जोडिन आउने भावी पुस्तालाई अन्योलमा राख्नु हो। त्यसैले हामीले एक वर्षको अवधिमा नेपाली खेलकुदमा भए/गरेका महत्वपूर्ण घटनालाई स्पष्ट रूपमा कागजमा उतार्ने यो प्रयासको थालनी गरेका हौं।

हाम्रो यो प्रयासले भविष्यमा नेपाली खेलकुदबारे जान्न र बुझ्न चाहनेहरूलाई पनि सही सूचना संकलन गर्न सहयोग पुऱ्याउने छ भन्ने विश्वास लिएका छौं। यो वार्षिक बुलेटिनमा यसै वर्ष आयोजना भएको नवौं बृहत राष्ट्रिय खेलकुददेखि लिएर देशभित्र आयोजना भएका विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितालाई समेत समेट्ने प्रयास गरेका छौं।

यसैगरी नेपाली खेलाडीले विदेशी भूमिमा उत्कृष्ट प्रदर्शन गरेर देशको प्रतिष्ठा बढाएका गतिविधि र नेपाली खेलकुदमा एक वर्षको अवधिमा भएका महत्वपूर्ण घटनाक्रम पनि यो वार्षिक बुलेटिनमा समेट्ने प्रयत्न गरेका छौं।

पहिलो प्रयास भएकाले यसमा भुलवश कतिपय गतिविधि छुट्न गएको हुनसक्छ। यसका लागि हामीले माफी माग्नैपर्ने हुन्छ। आगामी दिनहरूमा भुलवश भएका यस्ता त्रुटिहरू सच्याउँदै जाने प्रतिबद्धता व्यक्त गर्न चाहन्छौं। हामी विश्वास दिलाउन चाहन्छौं, यो सुरुआत हो र आगामी दिनहरूमा पनि यसले निरन्तरता पाउने छ। अन्त्यमा हाम्रो यो प्रयासमा आ-आफ्नो क्षेत्रबाट साथ र सहयोग पुऱ्याउनुहुने सबैप्रति हामी आभार व्यक्त गर्न चाहन्छौं।

धन्यवाद !

# विषय सूची


| | |
|---|---|
| परिषद् बोर्ड बैठक | १७ |
| परिषद्को ५९औं वार्षिकोत्सव | १७ |
| राष्ट्रिय खेलकुद विकास नियमावली–२०७९ | २५ |
| नवौं राष्ट्रिय खेलकुद | २७ |
| नेपालमा भएका अन्तर्राष्ट्रिय प्रतियोगिता | ३१ |
| देश बाहिर आयोजित अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाल | ४० |
| अन्तर्राष्ट्रिय प्रतियोगितामा प्राप्त पदक | ४८ |
| परिषद्को स्वीकृतिमा अन्तर्राष्ट्रिय सहभागिता | ५७ |
| १३औं राष्ट्रपति रनिङ सिल्ड | ६२ |
| १९औँ एसियाली खेलकुदको तयारी | ६४ |
| खेलाडीको जोखिम बहन गर्न खेलकुद बिमालेख | ७७ |
| विश्वविद्यालय खेलकुदका लागि राखेपको प्रयास | ७८ |
| पूर्वाधारको अवस्था | ७९ |
| खेलकुद पूर्वाधार नीति संवाद | ८४ |
| युवा तथा खेलकुदमन्त्रीलाई स्वागत | ८७ |
| राखेप कर्मचारी संघमा नयाँ नेतृत्व | ८७ |
| राष्ट्रिय खेल संघहरूको निर्वाचन | ८८ |
| परिषद्को सहयोगमा भएका प्रतियोगिता | ८९ |
| विभाग तथा शाखाहरूको प्रगति विवरण | ९५ |
| राखेप र कागेश्वरी मनोहरा नगरपालिकाबीच सम्झौता | ९७ |

# परिषद् बोर्ड बैठक

राष्ट्रिय खेलकुद परिषद्को आर्थिक वर्ष २०७९/०८० मा चार वटा बोर्ड बैठक बसेको थियो । २०७९ साउन १५ गते ११३औं र भदौ २९ गते ११४औं बोर्ड बैठक नवौं राष्ट्रिय खेलकुदको तयारीलगायतका बिषयमा केन्द्रित थियो ।



नवौं राष्ट्रिय खेलकुद सञ्चालन भइरहेको खेलस्थल पोखरामा २०७९ कात्तिक २ गते परिषदको ११५ औं बैठकबाट दसौं राष्ट्रिय खेलकुद कर्णालीमा मिति २०८१ मंसिर महिनामा आयोजना गर्ने निर्णय गरेको थियो ।

उल्लेखित तीनवटै बोर्ड बैठक तत्कालीन युवा तथा खेलकुदमन्त्री महेश्वरजंग गहतराज (अथक) को अध्यक्षतामा बसेको थियो ।

२०८० जेठ ७ गते बसेको ११६औं बोर्ड बैठकले १९औं एसियाली खेलकुदमा सहभागी हुने खेल र खेलाडी कोटा निर्धारण गरेको थियो भने कर्मचारीको बढुवासम्बन्धी पदपूर्ति समितिलाई पूर्णता दिनेलगायतका निर्णय गरेको थियो । यो बैठक युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बूको अध्यक्षतामा बसेको थियो ।

# परिषद्को ५९औं वार्षिकोत्सव



राष्ट्रिय खेलकुद परिषद् (राखेप) को ५९औं वार्षिकोत्सव समारोह २०७९ साल भदौ १३ देखि १८ गतेसम्म साताव्यापी विभिन्न कार्यक्रम आयोजना गरी भव्य रूपमा मनाइएको थियो । ५९औं वार्षिकोत्सवको उपलक्ष्यमा खेलाडी, खेल संघ र सञ्चारकर्मीहरूलाई सम्मान एवं पुरस्कार प्रदान गरिएको थियो ।

परिषद्का संरक्षक प्रधानमन्त्री शेरबहादुर देउवा एवं युवा तथा खेलकुदमन्त्री महेश्वरजंग गहतराजको समुपस्थितिमा परिषद्ले उत्कृष्ट भएका स्थानीय तहदेखि (जुनियर र सिनियर) वर्ष खेलाडीसहित उत्कृष्ट खेलकुद पत्रकारलाई सम्मान प्रदान गरेको थियो ।

परिषद्ले सर्वोत्कृष्ट परिषद् सेवा पुरस्कार, दीर्घसेवा पदक, उत्कृष्ट परिषद् सेवा पदक, परिषद् सेवा पुरस्कार, उत्कृष्ट खेल सामग्री उत्पादक र उत्कृष्ट राष्ट्रिय खेल संघलाई पनि पुरस्कार र सम्मान प्रदान गरेको थियो ।

आफ्नो ५९औं वार्षिकोत्सवमा परिषद्ले टेबलटेनिसकी इभाना थापा र एथलेटिक्सका सन्दीप थारुलाई जुनियरतर्फ सर्वोत्कृष्ट वर्ष खेलाडी घोषणा गर्दै पुरस्कार प्रदान गर्‍यो । उहाँहरूलाई जनही १५ हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरियो । पारा-तेक्वान्दो खेलाडी पलेशा गोवर्धन र फुटबलका खेलाडी किरण चेम्जोङलाई सिनियरतर्फ सर्वोत्कृष्ट वर्ष खेलाडी घोषणा गरी पुरस्कृत गरियो । उहाँहरूलाई जनही २५ हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिएको थियो ।



परिषद्ले आफ्नो ५९औं वार्षिकोत्सवको अवसरमा खेलकुद पत्रकारितामार्फत नेपाली खेलकुदको विकासमा पुऱ्याएको योगदानको कदर गर्दै राष्ट्रिय समाचार समितिकी मुना कार्की र दी हिमालयन टाइम्समा कार्यरत नेपाल खेलकुद पत्रकार मञ्चका पूर्वअध्यक्ष महेश आचार्यलाई सर्वोत्कृष्ट खेलकुद पत्रकार घोषणा गरी पुरस्कृत गरेको थियो । कार्की र आचार्यलाई जनही १५ हजार रुपैयाँ पुरस्कार प्रदान गरियो ।

कार्यक्रममा उत्कृष्ट खेलसामग्री उत्पादन गर्ने केल्मी र उत्कृष्ट राष्ट्रिय खेल संघ घोषित गरी नेपाल ट्रायथलन संघलाई पनि सम्मान गरिएको थियो ।

राखेपमा स्थायी रूपमा कार्यरत २० र २५ वर्ष कार्यकाल पूरा गरेका १ सय ४१ जना कर्मचारीलाई दीर्घसेवा पदकबाट सम्मानित गरिएको थियो ।

सोही समारोहमा परिषद्ले २५ हजार राशिको सर्वोत्कृष्ट परिषद् सेवा पुरस्कार, १५ हजार राशिको उत्कृष्ट परिषद् सेवा पुरस्कार र १० हजार राशिको परिषद् सेवा पुरस्कार प्रदान गरेको थियो ।

परिषद्मा कार्यरत कर्मचारीमध्ये प्रशासनतर्फ डिल्लीराम काफ्लेले सर्वोत्कृष्ट परिषद् सेवा पुरस्कार, दीपा बाँस्तोलाले उत्कृष्ट परिषद् सेवा पुरस्कार र अर्जुन कार्कीले परिषद् सेवा पुरस्कार प्राप्त गर्नुभयो । उहाँहरूले क्रमशः २५ हजार, १५ हजार र १० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नुभयो ।

प्राविधिकतर्फ उसुका प्रशिक्षक प्रकाश महर्जनले सर्वोत्कृष्ट परिषद् सेवा पुरस्कार, भारोत्तोलनका जीवन गौतमले उत्कृष्ट परिषद् सेवा पुरस्कार र जिम्न्यास्टिककी सजनी मानन्धरले परिषद् सेवा पुरस्कार प्राप्त गर्नुभएको थियो । उहाँहरूले पनि क्रमशः २५ हजार, १५ हजार र १० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नुभएको थियो ।

राखेपमा कार्यरत करार कर्मचारीतर्फ केशव खरेलले उत्कृष्ट पुरस्कार प्राप्त गर्नुभयो । तालिम तथा प्रशिक्षण विभागमा कार्यरत कम्प्युटर अधिकृत खरेलले १० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नुभयो । करार सेवामा कार्यरत कर्मचारीलाई पहिलो पटक पुरस्कृत गरिएको हो ।

परिषद्ले चितवनको भरतपुर महानगरपालिकालाई ५ सय ५३ मध्ये उत्कृष्ट स्थानीय तह घोषित गरेको थियो । नेपालका स्थानीय तहमध्ये खेलकुदको क्षेत्रमा सबैभन्दा धेरै बजेट विनियोजन गरेकाले भरतपुरलाई उत्कृष्ट महानगर घोषित गरिएको थियो ।

गत वर्ष भरतपुर महानगरपालिकाले खेलकुद क्षेत्रको विकासका लागि ९ करोड ४७ लाख रुपैयाँ रकम विनियोजन गरेको थियो ।





काठमाडौंमा सम्पन्न भएको वार्षिकोत्सव समारोहमा भरतपुर महानगरका उपप्रमुख चित्रसेन अधिकारीले उक्त सम्मान ग्रहण गर्नुभएको थियो ।

प्रधानमन्त्री देउवा, खेलकुदमन्त्री गहतराज, परिषद्का उपाध्यक्ष शिव कोइराला, सदस्यसचिव टंकलाल घिसिङलगायत विशिष्ट अतिथिले पुरस्कार वितरण गर्नुभएको थियो ।

५९औं वार्षिकोत्सको उपलक्ष्यमा भदौ १३ गते दीप प्रज्ज्वलन गरी साताव्यापी कार्यक्रम शुभारम्भ गरिएको थियो । उक्त कार्यक्रममा प्रमुख अतिथिको रूपमा राखेपका सदस्यसचिव टंकलाल घिसिङ उपस्थित हुनुहुन्थ्यो । साताव्यापी कार्यक्रमअन्तर्गत परिषद्का कर्मचारीबीच विभिन्न खेलकुद प्रतियोगिता पनि आयोजना गरिएको थियो ।

त्यसमध्ये तानडोरी प्रतियोगितामा काठमाडौं जिल्ला खेलकुद विकास समिति पहिलो र तालिम तथा प्रशिक्षण विभाग दोस्रो भएको थियो । खुला र मैत्रीपूर्ण ब्याडमिन्टन प्रतियोगितामा पुरुष डबल्सतर्फ तुलसी महर्जन र भीम राईको जोडी पहिलो तथा फणिन्द्र पौडेल र सुजन खतिवडाको जोडी दोस्रो भएको थियो ।

ब्याडमिन्टनको मिक्स डबल्स स्पर्धामा तुलसी महर्जन र रीता प्रजापतिको जोडी पहिलो, सुजन खतिवडा र विमला जोशीको जोडी दोस्रो तथा धर्मराज ओझा र रीताकुमारी चौलागाईंको जोडी तेस्रो भएको थियो ।

५९औं वार्षिकोत्सव कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्न विभिन्न आठ उपसमिति गठन गरिएको थियो । राखेप सदस्य अञ्जन धमलाको संयोजकत्वमा उत्सव व्यवस्थापन उपसमिति बनाइएको थियो । त्यसमा अनन्तादेवी खनाल, प्रजापती दाहाल, सरस्वती केसी र ओमनाथ न्यौपाने सदस्य हुनुहुन्थ्यो ।

तालिम तथा प्रशिक्षण विभागका उपनिर्देशक हिमालराज दाहालको संयोजकत्वमा उत्कृष्ट खेलाडी छनोट उपसमिति बनाइएको थियो । उक्त समितिमा नवराज खड्का र दीपक श्रेष्ठ सदस्य हुनुहुन्थ्यो । प्रशासन विभागका प्रमुख मधुसुदन बस्नेतको संयोजकत्वमा कर्मचारी मूल्यांकन तथा छनोट उपसमिति बनाइएको थियो । उक्त समितिमा प्रचण्ड शर्मा, संगीना वैद्य, अनन्तादेवी खनाल, पासाङ फिन्जी शेर्पा, कमल दाहाल र रन्जन थापा सदस्य हुनुहुन्थ्यो ।









खेलकुद विकास विभाग प्रमुख प्रेमबहादुर मल्लको संयोजकत्वमा उत्कृष्ट राष्ट्रिय संघ छनोट उपसमिति बनाइएको थियो। समितिका सदस्यमा चन्द्रकुमार राई, दीपा बाँस्तोला र ज्योति राई हुनुहुन्थ्यो। प्रतियोगिता तथा योजना विभाग प्रमुख मीनकुमार शर्माको संयोजकत्वमा उत्कृष्ट स्थानीय तह छनोट उपसमिति बनाइएको थियो। समितिका सदस्यमा गोविन्द भट्टराई र रन्जन थापा हुनुहुन्थ्यो।

नेपाल ट्रायथलन संघका अध्यक्ष नीलेन्द्रराज श्रेष्ठको संयोजकत्वमा ट्रफी व्यवस्थापन उपसमिति बनाइएको थियो। समितिमा दीपक थापा र केशव खरेल सदस्य हुनुहुन्थ्यो। ब्याडमिन्टनका मुख्य प्रशिक्षक सुदीप योन्जनको संयोजकत्वमा प्रतियोगिता ब्यवस्थापन उपसमिति बनाइएको थियो। समिति सदस्यमा किरण थापा र अनुप शाक्य हुनुहुन्थ्यो।

प्रचारप्रसार शाखा प्रमुख खुशराज दाहालको संयोजकत्वमा उत्कृष्ट खेल पत्रकार पुरस्कार छनोट उपसमिति बनाइएको थियो। उक्त समितिमा दुर्गानाथ सुवेदी (अध्यक्ष, नेपाल खेलकुद पत्रकार) र वासुदेव निरौला सदस्य हुनुहुन्थ्यो। प्रचारप्रसार शाखाका अधिकृत लोकेन्द्र बस्नेतको संयोजकत्वमा दृश्य छायाङ्कन उपसमिति बनाइएको थियो। समिति सदस्यमा श्याम चित्रकार र पवन आचार्य सदस्य हुनुहुन्थ्यो।

२०२१ सालमा राष्ट्रिय खेलकुद परिषद् ऐन बन्यो र त्यसपछिको वर्षलाई आधार मानेर वार्षिकोत्सव मनाउन थालिएको हो।

## वृत्तचित्र :

परिषदको वार्षिकोत्सवका अवसरमा नेपाली खेलकुदको इतिहास समेटेर वृत्तचित्रसमेत प्रस्तुत गरिएको थियो। परिषदको स्थापनादेखि अन्तर्राष्ट्रिय सहभागिता, त्यसमा प्राप्त सफलता, राष्ट्रिय प्रतियोगिता र त्यसका उपलब्धि समेटिएको वृत्तचित्रले नेपाली खेलकुद र राष्ट्रिय खेलकुद परिषद्को इतिहासलाई जीवन्त बनाउने प्रयास गरेको छ।

# दीर्घ सेवा पदक प्राप्त गर्ने कर्मचारी (२०७९)

| नाम, थर | पद | कार्यालय |
|---|---|---|
| श्री मधुसुदन वस्नेत | विभागीय प्रमुख | प्रशासन विभाग |
| श्री प्रेम बहादुर मल्ल | विभागीय प्रमुख | खे.वि.विभाग |
| श्री महम्मद ज्याउल इस्लाम | प्रमुख | मध्यमाञ्चल |
| श्री मिन कुमार शर्मा | प्रमुख | योजना विभाग |
| श्री शारदा दाहाल (निरौला) | प्रमुख | सामान्य प्रसासन |
| श्री नारायण राज अर्याल | प्रमुख | कानून |
| श्री धनअर्जुन राई | अधिकृत | खोटाङ |
| श्री लिला राम बस्नेत | अधिकृत | राष्ट्रिय टिम |
| श्री सुनिल कुमार दाहाल | अधिकृत | नवौं रा.खे. |
| श्री अनन्ता देवी खनाल | प्रमुख | कर्मचारी प्रशासन |
| श्री भोजानन्द राई | अधिकृत | प्रशासन विभाग |
| श्री सरोज कुमार पोखरेल | अधिकृत | खे.वि.विभाग |
| श्री देवराज कटुवाल | प्रमुख | अ.खे.परिसर |
| श्री कमल दाहाल | अधिकृत | प्रशासन विभाग |
| श्री तिलक बहादुर नेपाली | अधिकृत | प्रतिष्ठान |
| श्री विनोद कुमार उप्रेती | प्रमुख | काठमाण्डौं |
| श्री सुजन खतिवडा | प्रमुख | भण्डार |
| श्री प्रकाश राई | अधिकृत | अवकास |
| श्री खुश राज दाहाल | प्रमुख | प्रचार प्रसार |
| श्री पासाङ फिन्जी शेर्पा | प्रमुख | आर्थिक प्रशासन |
| श्री शुभनाथ खनाल | अधिकृत | टेवल टेनिस प्र. |
| श्री मिन बहादुर जि.सी. | लेखा अधिकृत | मध्यपश्चिमाञ्चल |
| श्री सारङ्गि निरौला | अधिकृत | भण्डार |
| श्री फणिन्द्र प्रसाद पौडेल | प्रमुख | नवौं रा.खे. |
| श्री सरस्वती कोइराला | अधिकृत | काठमाण्डौं |
| श्री ज्योती राई | अधिकृत | संघ संस्था |
| श्री प्रजापति दाहाल | लेखा अधिकृत | आर्थिक प्रशासन |
| श्री रिखिराम पोखरेल | प्रमुख | बजेट |
| श्री विरोध विक्रम जि.सी. | प्रमुख | सुर्खेत |
| श्री गोपाल दत्त भट्ट | प्रमुख | कन्चनपुर |
| श्री कृष्णराज खनाल | प्रमुख | ललितपुर |
| श्री गोविन्द राज पण्डित | अधिकृत | अ.खे.परिसर |
| श्री बाबुकाजी श्रेष्ठ | प्रमुख | सचिवालय |
| श्री प्रभा कर्माचार्य | प्रमुख | भक्तपुर |
| श्री लक्ष्मण प्रसाद योगी | प्रमुख | पश्चिमाञ्चल |
| श्री चन्द्रकुमार राई | प्रमुख | संघ संस्था |
| श्री नवराज खड्का | अधिकृत | तालिम |
| श्री टोप बहादुर विष्ट | प्रमुख | सुदुरपश्चिमाञ्चल |
| श्री टंकनाथ कट्टेल | लेखा अधिकृत | पूर्वाञ्चल |
| श्री धर्मराज ओझा | लेखा अधिकृत | अ.खे.परिसर |
| श्री ज्ञानकाजी महर्जन | अधिकृत | अवकास |
| श्री चण्डिका वास्तोला | नि. प्रमुख | पूर्वाञ्चल |
| श्री अर्जुन बहादुर कार्की | अधिकृत | बागमती प्रदेश |
| श्री सुभाष चन्द्र लाल कर्ण | प्रमुख | महोत्तरी |

| | | |
|---|---|---|
| श्री सन्तोषी बैद्य | प्रमुख | नुवाकोट |
| श्री अरविन्द कुमार यादव | प्रमुख | सिरहा |
| श्री पञ्च बहादुर राई | प्रमुख | गोरखा |
| श्री पन्नालाल शाह | अधिकृत | मध्यमाञ्चल |
| श्री लोकेन्द्र कुमार वस्नेत | अधिकृत | प्रचार प्रसार |
| श्री दुध बहादुर गुरुङ | प्रमुख | मनाङ |
| श्री अर्जुन कार्की | प्रमुख | रामेछाप |
| श्री दोवे तामाङ | प्रमुख | चिकित्सा |
| श्री दिपा बास्तोला | अधिकृत | योजना विभाग |
| श्री दुर्गा प्रसाद दुलाल | अधिकृत | बागमती प्रदेश |
| श्री महेश चन्द | प्रमुख | मध्यपश्चिमाञ्चल |
| श्री महेन्द्र प्रसाद यादव | अधिकृत | उदयपुर |
| श्री डम्बर बहादुर भण्डारी | प्रमुख | डडेल्धुरा |
| श्री रामजी ढकाल | प्रमुख | चितवन |
| श्री यज्ञनिधी पौडेल | प्रमुख | ताप्लेजु |
| श्री विनोद कुमार सिह | प्रमुख | धनुषा |
| श्री प्रदिप शर्मा | प्रमुख | बारा |
| श्री रामवावु यादव | प्रमुख | उदयपुर |
| श्री बलराम शर्मा | प्रमुख | काभ्रे |
| श्री वीरेन्द्र ढुंगाना | प्रमुख | रौतहट |
| श्री सुभाष कुमार पोखरेल | लेखापाल | आर्थिक प्रशासन |
| श्री हिरा प्रसाद पौडेल | नायब सुब्बा | प्रशासन विभाग |
| श्री एक नाथ मगर | नायब सुब्बा | उपाध्यक्ष सचिवालय |
| श्री डिल्लीराम काफ्ले | नायब सुब्बा | आर्थिक प्रशासन |
| श्री विजया वस्नेत | लेखापाल | राष्ट्रिय टिम |

| | | |
|---|---|---|
| श्री वासु देव निरौला | नायब सुब्बा | प्रचार प्रसार |
| श्री देवेन्द्र कट्टेल | नायब सुब्बा | धनुषा |
| श्री प्रकाश बराल | प्रमुख (नायव सुब्बा) | कास्की |
| श्री रामचन्द्र कार्की | नायब सुब्बा | राष्ट्रिय टिम |
| श्री कुमार वस्नेत | लेखापाल | बजेट |
| श्री डम्बर बहादुर नेपाली | नायब सुब्बा | पश्चिमाञ्चल |
| श्री राजन कुमार पोखरेल | प्रमुख (नायव सुब्बा) | मोरङ |
| श्री रेखा बस्नेत | नायब सुब्बा | तालिम |
| श्री टेक कुमार राजभण्डारी | नायब सुब्बा | संघ संस्था |
| श्री सुकुमार थापा | नायब सुब्बा | कर्मचारी प्रशासन |
| श्री ढाका देवी पराजुली | टा.नायब सुब्बा | खे.चिकित्सा |
| श्री सविता कुमारी कोइराला | टा.नायव सुब्बा | खे.प्र.तथा योजना |
| श्री ग्याल्जेन शेर्पा | प्रमुख (नायव सुब्बा) | भोजपुर |
| श्री सानुराजा के.सी. | नायब सुब्बा | काठमाण्डौं |
| श्री अमिृता घिमिरे | नायब सुब्बा | निर्माण |
| श्री विमला कुमारी थापा | नायब सुब्बा | प्रचार प्रसार |
| श्री रेखा कुमारी प्याकुरेल | नायब सुब्बा | पूर्वाञ्चल |
| श्री निर बहादुर बस्नेत | नायब सुब्बा | भण्डार |
| श्री गायत्रा भट्टराई | नायब सुब्बा | संघ संस्था |
| श्री दिपक बहादुर सिंह | प्रमुख (नायव सुब्बा) | कैलाली |
| श्री अभिकेशर कट्टेल | नायब सुब्बा | अवकास |

| | | |
|---|---|---|
| श्री सितादेवी अधिकारी | प्रमुख (नायव सुब्बा) | टेवल टेनिस |
| श्री बलराम बस्नेत | नायब सुब्बा | ललितपुर |
| श्री विक्रम निरौला | नायब सुब्बा | खे.चिकित्सा |
| श्री सुदिल कुमार वि.क. | नायब सुब्बा | योजना विभाग |
| श्री चुनिमाया पराजुली | नायव सुब्बा | प्रतिष्ठान |
| श्री सरस्वती भण्डारी के.सी. | नायब सुब्बा | खे.वि.विभाग |
| श्री सन्तोष कुमार श्रेष्ठ | प्रमुख (टा.नायव सुब्बा) | बाँके |
| श्री रमा कोइराला | लेखापाल | बजेट |
| श्री झुना देवी शर्मा | टा.नायव सुब्बा | उपाध्यक्षको सचिवालय |
| श्री नविन प्रधान | प्रमुख (लेखापाल) | धनकुटा |
| श्री धनपूर्ण घले | लेखापाल | निर्माण |
| श्री रविसिंह सिजापति | नायव सुब्बा (स्टोर) | मध्यपश्चिमाञ्चल |
| श्री दुर्गा देवी बस्नेत | लेखापाल | तालिम |
| श्री ईरा कार्की | लेखापाल | प्रतिष्ठान |
| श्री मातृका दाहाल | लेखापाल | भक्तपुर |
| श्री हकुमलाल कामती | लेखापाल | सिरहा |
| श्री माया कार्की | लेखापाल | काठमाण्डौ. |
| श्री अमरजित कुमार शाह | लेखापाल | महोत्तरी |
| श्री श्यामहरी भट्टराई | प्रमुख (लेखापाल) | तेह्रथुम |
| श्री लेख नाथ कट्टेल | लेखापाल | कर्मचारी प्रशासन |
| श्री राम बहादुर बोहोरा | लेखापाल | सुदुरपश्चिमाञ्चल |
| श्री कमल भारती | लेखापाल | सुरक्षा फाँट |
| श्री शिवहरी पण्डित | प्रमुख (लेखापाल) | तनहुँ |
| श्री प्रद्युम्न प्रसाद गौतम | लेखापाल | पूर्वाधार |
| श्री देवी कुमारी न्यौपाने | लेखापाल | अवकास |

| | | |
|---|---|---|
| श्री लक्ष्मी चौलागाई | लेखापाल | अ.खे.परिसर |
| श्री बाल कुमार खनाल | प्रमुख (लेखापाल) | ओखलढुंगा |
| श्री दान बहादुर राई | प्रमुख (लेखापाल) | म्याग्दी |
| श्री सुशिल कडेल | प्रमुख (लेखापाल) | अवकास |
| श्री केशव प्रसाद कट्टेल | लेखापाल | चिकित्सा |
| श्री भोला थापा | लेखापाल | आर्थिक |
| श्री भिम बहादुर कर्माचार्य | लेखापाल | काभ्रे |
| श्री खेम शंकर अधिकारी | लेखापाल | आर्थिक |
| श्री कृष्ण लाल श्रेष्ठ | लेखापाल | धादिङ |
| श्री पूर्ण कुमार गौली | प्रमुख (लेखापाल) | संखुवासभा |
| श्री वेद कुमारी बस्नेत | लेखापाल | ललितपुर |
| श्री भिम प्रसाद राई | लेखापाल | सचिवालय |
| श्री बिमला कार्की | लेखापाल | ललितपुर |
| श्री गिर्मि लामा | प्रमुख (लेखापाल) | सिन्धुपाल्चोक |
| श्री नेत्र प्रसाद घिमिरे | प्रमुख (लेखापाल) | सोलुखुम्वु |
| श्री सोम माया गुरुङ | लेखापाल | निर्माण |
| श्री जया कुमारी बम | लेखापाल | अ.खे.परिसर |
| श्री यादव कार्की | प्रमुख (लेखापाल) | सुनसरी |
| श्री गुन्जु गुरुङ | लेखापाल | आर्थिक |
| श्री प्रेमकला रानाभाट | लेखापाल | सामान्य |
| श्री सानु कार्की | लेखापाल | चिकित्सा |
| श्री भरत भट्टराई | टा.ना.सु. | अ.खे.परिसर |
| श्री यान्जु देवी दाहाल | टा.ना.सु. | भण्डार |
| श्री गोपि कृष्ण निरौला | नायव सुब्बा (स्टोर) | प्रतिष्ठान |
| श्री लिलाभक्त के.सी. | प्रमुख (सह–लेखापाल) | खोटाङ |
| श्री मिला कुमारी राई | नायव सुब्बा | अवकास |
| श्री लक्ष्मण मण्डल | अधिकृत | अवकास |

# राष्ट्रिय खेलकुद विकास नियमावली–२०७९

लामो समयदेखि चर्चामा रहे पनि प्रभावकारी रूपमा प्रक्रिया अगाडि बढ्न नसकेको राष्ट्रिय खेलकुद विकास नियमावली २०७९ ले अन्ततः मूर्त रूप लिएको छ। लामो समयदेखि रोकिएर रहेको राष्ट्रिय खेलकुद विकास नियमावली नेपाल सरकार मन्त्रिपरिषद्ले सैद्धान्तिक सहमतिसहित पारित गरेको थियो।

त्यसपछि २०७९ साल कात्तिक २४ गते राष्ट्रिय खेलकुद विकास नियमावली-२०७९ नेपाल राजपत्रमा प्रकाशित गरेको थियो। त्यसअघि युवा तथा खेलकुद मन्त्रालयले २०७९ साल असार २८ गते मन्त्रिपरिषद्मा राष्ट्रिय खेलकुद विकास नियमावली पारितका लागि प्रस्ताव लगेको थियो।

सोही अनुसार मन्त्रिपरिषद्ले नियमावली पारितका लागि सैद्धान्तिक सहमति दिएको थियो। राष्ट्रिय खेलकुद विकास ऐन-२०७७ असार १७ गतेबाट कार्यान्वयनमा आएको हो। राष्ट्रिय खेलकुद विकास ऐन-२०७७ को दफा ५४ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय खेलकुद विकास नियमावली-२०७९ बनेको हो।




## पुरस्कारको स्पष्ट व्यवस्था

सरकारबाट अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरूमा पदक जित्ने खेलाडीलाई दिइने आर्थिक सम्मान (नगद पुरस्कार) लाई पनि नियमावलीमा समेटिएको छ।

नियमावली लागू हुनुअघि ओलम्पिक खेलकुद, एसियाली खेलकुद र दक्षिण एसियाली खेलकुदमा पदक जित्ने खेलाडीका लागि मात्र नगद पुरस्कारको स्पष्ट व्यवस्था गरिएको थियो। त्यसबाहेक अन्य अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा पदक जित्ने खेलाडीलाई स्वविवेकका आधारमा नगद पुरस्कार प्रदान गरिने प्रचलन रहँदै आएको थियो।

यस्तो अवस्थामा ओलम्पिक, एसियाली र दक्षिण एसियाली खेलकुदबाहेक अन्य अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जित्ने

खेलाडीले नगद पुरस्कार पाउने विषयमा ढुक्क हुने अवस्था थिएन। नगद पुरस्कार पाए पनि कति पाउने भन्नेमा अन्योल थियो। तर, राष्ट्रिय खेलकुद विकास नियमावली-२०७९ लागू भएपछि अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जित्ने खेलाडीले पाउने नगद पुरस्कारको विषयमा स्पष्ट गरिएको छ।

राष्ट्रिय खेलकुद विकास नियमावली-२०७९ ले राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कार्यकारी समिति र सदस्यसचिवको काम, कर्तव्य र अधिकारको विषयमा पनि थप व्याख्या गरेको छ। राखेपको कार्यकारी समितिले खेलकुद विकासका लागि तत्कालीन, अल्पकालीन र दीर्घकालीन योजना बनाएर परिषद्मा पेस गर्ने उल्लेख गरिएको छ।

नियमावलीमा राखेप सदस्यसचिवले नियुक्ति भएको मितिले ३० दिनभित्र युवा तथा खेलकुद मन्त्रालयका सचिवसँग कार्यसम्पादन सम्झौता गर्नुपर्ने विषय नियमावलीमा समेटिएको छ। सदस्यसचिवको मासिक पारिश्रमिक, भत्ता, सवारी र इन्धन सुविधालगायतको विषय पनि नियमावलीमा समेटिएको छ। सदस्यसचिवले परिषद्को कामको सिलसिलामा स्वदेशभित्र भ्रमण गर्दा परिषद् अध्यक्ष (युवा तथा खेलकुदमन्त्री) र विदेश भ्रमण गर्नुपर्ने भएमा मन्त्रिपरिषद्को स्वीकृति लिनुपर्ने व्यवस्था नियमावलीमा गरिएको छ।

## खेल संघको मापदण्ड

नियमावलीमा खेल संघको मापदण्ड र प्रदेश खेल संघ गठनको विषयमा उल्लेख गरिएको छ। संघ, प्रदेश र स्थानीय तहका खेल संघ गठन गर्दा सम्बन्धित खेल खेल्नका लागि परिषद्ले तोकेको मापदण्डबमोजिम कम्तीमा एउटा भौतिक संरचना हुनुपर्ने तर, तत्काल भौतिक संरचना नभएमा बढीमा एक वर्षभित्र भौतिक संरचना निर्माणका लागि आवश्यक जग्गा प्राप्त गर्न सकिने विश्वसनीय आधार सम्बन्धित खेल संघले पेस गर्नुपर्ने व्यवस्था नियमावलीमा गरिएको छ। खेल संघको विधानमा स्थानीय खेल संघले प्रदेश खेल संघसँग, प्रदेश खेल संघले राष्ट्रिय खेल संघ वा महासंघसँग समन्वय तथा सहकार्य गर्ने गरी व्यवस्था गरेको हुनुपर्ने पनि नियमावलीमा उल्लेख छ। खेल संघको विधान परिषद्बाट स्वीकृत भएपछि मात्र लागू हुने व्यवस्था गरिएको छ।

## ओलम्पिक कमिटी

यस्तै नियमावलीमा नेपाल ओलम्पिक कमिटी, पारा ओलम्पिक कमिटी, विशेष ओलम्पिक कमिटी र अन्य प्रकृतिका ओलम्पिक कमिटी दर्ता गर्ने प्रकृयाको विषयमा पनि उल्लेख गरिएको छ। ओलम्पिक कमिटीहरूले प्रत्येक वर्ष आफूले सम्पादन गरेका काम-कारवाही र आयव्ययको विवरण परिषद्मा बुझाउनुपर्ने व्यवस्था पनि नियमावलीमा गरिएको छ।

नियमावलीमा राष्ट्रिय खेल संघ, महासंघ वा ओलम्पिक कमिटी दर्ता गर्न १० हजार रुपैयाँ, नवीकरण गर्न ५ हजार रुपैयाँ र विवरण परिवर्तन गर्न ५ हजार रुपैयाँ दस्तुर लाग्ने व्यवस्था गरिएको छ। पारा ओलम्पिक कमिटी र विशेष ओलम्पिक कमिटीको हकमा भने दर्ता गर्न, नवीकरण गर्न र विवरण परिवर्तन गर्न केवल ५ हजार रुपैयाँ दस्तुर लाग्ने उल्लेख छ।

## भौतिक पूर्वाधार

परिषद्को स्वामित्वमा रहेका देशभरका खेलकुद भौतिक पूर्वाधारलाई संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबीच आपसी समन्वय र सहकार्यका आधारमा परिषद्ले प्रदेश वा स्थानीय तहमा हस्तान्तरण गर्न सक्ने व्यवस्था पनि नियमावलीमा गरिएको छ।

## कर्मचारी समायोजन

नियमावलीले कर्मचारी समायोजनको सन्दर्भमा परिषद्का कर्मचारीलाई संघ, प्रदेश र स्थानीय तहका खेलकुदसम्बन्धी संरचनामा समायोजन गर्ने प्रयोजनका लागि परिषद्ले संगठन तथा व्यवस्थापन सर्वेक्षणको प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।

नियमावलीअनुसार संघ, प्रदेश र स्थानीय तहका खेलकुदसम्बन्धी संरचनामा समायोजन हुने पदमा समायोजित हुन चाहने कर्मचारीबाट निवेदन माग गरी परिषद्ले सूचना प्रकाशन गर्नेछ। साथै परिषद्मा कार्यरत स्थायी कर्मचारीले समायोजित हुन चाहेको सम्बन्धित प्रदेश वा स्थानीय तहको सहमति लिई आएमा परिषद्ले सोही प्रदेश वा स्थानीय तहमा समायोजन गर्न सक्ने व्यवस्था पनि नियमावलीले गरेको छ।

## एन्टी डोपिङ एजेन्सी

नियमावलीमा राष्ट्रिय एन्टी डोपिङ एजेन्सी गठन प्रक्रिया तथा एजेन्सीको काम, कर्तव्य र अधिकारको बारेमा पनि उल्लेख गरिएको छ।




# नवौं राष्ट्रिय खेलकुद

'एकताबद्ध देश, खेलकुदको सन्देश' भन्ने नारासहित बृहत राष्ट्रिय खेलकुद प्रतियोगिताको नवौं संस्करण २०७९ साल असोज २८ देखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशका विभिन्न जिल्लामा आयोजना गरिएको थियो । गण्डकी प्रदेशअन्तर्गतका आठ जिल्लाका अतिरिक्त काठमाडौं र ललितपुरमा पनि नवौं संस्करणका खेलहरू खेलाइएको थियो ।

देश संघीय संरचनामा गएपछि पहिलो पटक प्रदेश संरचनामा राष्ट्रिय खेलकुद आयोजना गरिएको थियो । त्यसैले धेरै अर्थमा ऐतिहासिक बनेको बृहत राष्ट्रिय खेलकुदको नवौं संस्करणको उद्घाटन असोज २८ गते शुक्रबारका दिन भएको थियो । प्रतियोगिताको औपचारिक उद्घाटन हुनुअघि नै केही खेलहरू भने सुरु भइसकेका थिए ।




पर्यटकीय नगरी पोखरा रंगशालामा भव्य समारोहबीच उपराष्ट्रपति नन्दबहादुर पुनले नवौं राष्ट्रिय खेलकुदको उद्घाटन गर्नुभएको थियो । २०७६ साल वैशाखमा नेपालगन्जमा सम्पन्न आठौं राष्ट्रिय खेलकुदको समापन समारोहमा नवौं राष्ट्रिय आयोजनाको जिम्मेवारी गण्डकी प्रदेशलाई दिइएको थियो ।

नवौं राष्ट्रिय खेलकुदको उद्घाटन समारोहमा गण्डकी प्रदेशका ओलम्पियन टीकाबहादुर बोगटीले ओलम्पिक ज्योति प्रज्ज्वलन गर्नुभएको थियो । युवा तथा खेलकुदमन्त्री महेश्वरजंग गहतराजले झन्डोत्तोलन गर्नुभएको थियो ।

नवौं संस्करणमा सहभागी भएका ११ वटै टोलीका खेलाडी र पदाधिकारीले उद्घाटन समारोहमा मार्चपास पनि गरेका थिए । उद्घाटन समारोहमा देशभरको विविध कला/संस्कृति झल्काउने झाँकी र सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरिएको थियो ।

उद्घाटन समारोहमा आतिसबाजी र लेजर लाइटको प्रयोग गरेर कार्यक्रमलाई थप रोमाञ्चक बनाइएको थियो । आठौं संस्करण सकिएको तीन वर्षपछि नवौं संस्करण आयोजना भएको हो । विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) महामारीका कारण प्रतियोगिता आयोजनामा ढिलाइ भएको थियो ।

गण्डकीमा भने ३९ वर्षपछि बृहत् राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना भएको हो । यसअघि २०४० सालमा गण्डकी अञ्चलले दोस्रो बृहत् राष्ट्रिय खेलकुद आयोजना गरेको थियो । नवौं संस्करणका अधिकांश खेल पोखरा रंगशालामा भएका थिए ।

नवौं संस्करणमा ११ टोलीका ६ हजार १ सय २७ खेलाडीले प्रतिस्पर्धा गरेका थिए । प्रतियोगितामा सात प्रदेशका टिमसहित नेपाल प्रहरीको नेपाल पुलिस क्लब, सशस्त्र प्रहरी बलको एपीएफ क्लब र नेपाली सेनाको त्रिभुवन आर्मी क्लबले भाग लिएका थिए । गैरआवासीय नेपाली संघ (एनआरएनए) को टोलीले

पनि प्रतियोगितामा सहभागिता जनाएको थियो। एनआरएनएको राष्ट्रिय खेलकुदमा यो दोस्रो सहभागिता थियो।

नवौं संस्करणको समापन समारोहमा प्रधानमन्त्री एवं राष्ट्रिय खेलकुद परिषद् (राखेप) का संरक्षक शेरबहादुर देउवा प्रमुख अतिथिका रूपमा सहभागी हुनुभएको थियो।

समापन समारोहमा प्रधानमन्त्री देउवाले राष्ट्रिय खेलकुदको दसौं संस्करण २०८१ साल मंसिरमा कर्णाली प्रदेशमा आयोजना सम्पन्न गर्नका लागि कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री यज्ञबहादुर बीसीलाई झण्डा हस्तान्तरण गर्नुभएको थियो।

नवौं खेलकुदकै क्रममा पोखरामा बसेको राष्ट्रिय खेलकुद परिषद् (राखेप) को बोर्ड बैठकले कर्णाली प्रदेशमा हुने दसौं राष्ट्रिय खेलकुद प्रतियोगिता २०८१ साल मंसिर २ देखि ९ गतेसम्म आयोजना गर्ने निर्णय गरेको थियो। राखेपका सदस्यसचिव टंकलाल घिसिङले दसौं राष्ट्रिय खेलकुदको मिति पनि घोषणा गर्नुभएको थियो। बृहत राष्ट्रिय खेलकुदको इतिहासमा पहिलो पटक टिम च्याम्पियनका लागि चाँदीको ट्रफी बनाइएको हो। उक्त ट्रफीलाई सातै प्रदेश, विभागीय टोलीका मुख्यालयसहित देशका विभिन्न सांस्कृतिक सम्पदास्थलमा पुऱ्याइएको थियो। त्रिभुवन आर्मी क्लब १ सय ७२ स्वर्ण पदकसहित सर्वाधिक ३ सय ७१ पदक जितेर टिम च्याम्पियन बनेको हो।

**जम्मा पदक तालिका**

| नाम | स्वर्ण | रजत | कास्यं | जम्मा | स्थान |
|---|---|---|---|---|---|
| त्रिभुवन आर्मी क्लब | १७२ | ११० | ८९ | ३७१ | १ |
| नेपाल एपीएफ क्लब | ६५ | ७२ | ८२ | २१९ | २ |
| नेपाल पुलिस क्लब | ६१ | ६१ | ७३ | १९५ | ३ |
| गण्डकी प्रदेश | ३२ | ३१ | ५७ | १२० | ४ |
| बागमती प्रदेश | २४ | ४७ | ७४ | १४५ | ५ |
| प्रदेश नं. १ | १० | २३ | ५० | ८३ | ६ |
| सुदूरपश्चिमाञ्चल प्रदेश | १० | १० | ४३ | ६३ | ७ |
| एनआरएनए | १० | ९ | ७ | २६ | ८ |
| लुम्बिनी प्रदेश | ६ | २२ | ४० | ६८ | ९ |
| मधेश प्रदेश | ५ | ८ | २६ | ३९ | १० |
| कर्णाली प्रदेश | २ | ४ | १२ | १८ | ११ |

# नवौं राष्ट्रिय खेलकुदका विशेषता

## रनिङ ट्रफीको सुरुआत

राष्ट्रिय खेलकुद परिषद्ले बृहत राष्ट्रिय खेलकुदको इतिहासमा पहिलो पटक रनिङ सिल्ड ट्रफी निर्माण गरेको थियो। उक्त ट्रफी करिब १० लाख रुपैयाँको लागतमा निर्माण गरिएको हो। बृहत राष्ट्रिय खेलकुदको विजेता टोलीलाई दिइने ट्रफी २०७९ साल भदौ ३१ गते प्रधानमन्त्री निवास बालुवाटारमा एक कार्यक्रमबीच प्रधानमन्त्री शेरबहादुर देउवाले सार्वजनिक गर्नुभएको थियो।



रनिङ ट्रफी लगातार तीन संस्करणमा च्याम्पियन हुने टोलीले स्थायी रूपमा राख्न पाउने प्रावधान गरिएको छ। उक्त ट्रफीमा ५ केजी चाँदी र २ तोला सुन प्रयोग गरिएको छ।

प्रतियोगिता सुरु हुनुअघि उक्त रनिङ ट्रफीलाई प्रदर्शनीका लागि सातवटै प्रदेश र तीन विभागीय टोलीमा पुऱ्याइएको थियो। उपत्यकाको सांस्कृतिक सम्पदाको रूपमा रहेको

वसन्तपुर, पाटन र भक्तपुर दरबार स्क्वायर, चन्द्रागिरिमा प्रदर्शनी गरिएको थियो ।

ती ठाउँहरूको भ्रमण गराइएपछि 'रनिङ ट्रफी'लाई प्रतियोगिता आयोजनास्थल गण्डकी प्रदेश पुऱ्याइएको थियो। गण्डकी प्रदेशमा पुऱ्याइएपछि ट्रफीलाई बाजागाजासहित पोखरा नगर परिक्रमा पनि गराइएको थियो ।

## सर्वाधिक खेल, स्पर्धा र खेलाडी

राष्ट्रिय खेलकुदको नवौं संस्करणमा ३६ खेलका ३ सय ९६ स्पर्धा समावेश गरिएको थियो। बृहत राष्ट्रिय खेलकुदको इतिहासमा यो सर्वाधिक खेल र स्पर्धा हो। बृहत राष्ट्रिय खेलकुदको ४१ वर्ष लामो इतिहासमा यसअघि यति धेरै खेल र स्पर्धा समावेश गरिएको थिएन। नवौं राष्ट्रिय खेलकुदमा ३६ खेलका कुल ३ सय ९७ स्वर्ण पदकका लागि मात्र प्रतिस्पर्धा भयो। यसबाहेक नवौं राष्ट्रिय खेलकुदमा च्याप्टिङ एन्ड कायकिङ, मुवाँथाई, लोकदोहोरी, मार्सल आर्ट हाप्किडो, ब्रेकिन एन्ड डान्स, पेनकेक सिलात मार्सल आर्ट्स, स्ट्रेन्थ लिफ्टिङ र ठेलो (प्रदेशको परम्परागत खेल) लाई प्रदर्शनी खेलका रूपमा समावेश गरिएको थियो ।

नवौं राष्ट्रिय खेलकुदमा कुल ६ हजार १ सय २७ खेलाडीले प्रतिस्पर्धा गरेका थिए। प्रतियोगितामा सहभागी खेलाडीमध्ये पुरुष ३ हजार ४ सय १४ तथा महिला २ हजार ७ सय १३ खेलाडी थिए।

## लोगो, मस्कट र नारा

नवौं राष्ट्रिय खेलकुदको लोगोमा माछापुच्छ्रे हिमाललाई रेखाकृतिमा राखिएको थियो। आकाशे नीलो रेखाले शान्तिको प्रतीक परेवालाई प्रतिविम्बित गरेको थियो। रातो रंगको चार धर्साले भने परेवाको पखेटा र ट्र्याक दर्शाएको थियो। प्रतिकात्मक रूपमा चार धर्साले साबिकको प्रदेश नम्बर ४ (गण्डकी) लाई पनि दर्शाएको थियो। चन्द्रसूर्यले भने राष्ट्रिय ध्वजालाई प्रतिबिम्वित गर्नुका साथै सबै टिमको प्रतिनिधित्व गरेको थियो ।

मस्कटका रूपमा लोपोन्मुख तथा संरक्षित प्राणी कस्तुरी मृग रहेको थियो। कस्तुरी मृग प्रतियोगिता आयोजना गर्ने गण्डकी प्रदेशमा पनि पाइन्छ। नवौं राष्ट्रिय खेलकुदको नाराका रूपमा 'एकताबद्ध देश, खेलकुदको सन्देश' रहेको थियो ।

'एकताबद्ध देश,
खेलकुदको सन्देश'




## विभागीय टोलीको दबदबा




नवौं राष्ट्रिय खेलकुदमा विभागीय टोलीहरूको दबदबा रह्यो। विभागीय टोलीले नै पहिलो, दोस्रो र तेस्रो स्थान हासिल गरेका थिए। त्रिभुवन आर्मी क्लब टिम च्याम्पियन बन्यो। आर्मी क्लब १ सय ७२ स्वर्णसहित कुल ३ सय ७१ पदक जित्दै टिम च्याम्पियन बनेको हो।

नवौं संस्करणको पदक तालिकामा एपीएफ क्लब दोस्रो भयो। एपीएफले ६५ स्वर्ण, ७२ रजत र ८२ कांस्यसहित कुल २ सय १९ पदक जितेको थियो। अर्को विभागीय टोली नेपाल पुलिस क्लब तेस्रो भयो। पुलिसले ६१ स्वर्ण, ६१ रजत र ७३ कांस्यसहित कुल १ सय ९५ पदक जित्यो।

## २८ राष्ट्रिय कीर्तिमान

बृहत राष्ट्रिय खेलकुद प्रतियोगिताका क्रममा विभिन्न खेलमा खेलाडीहरूले थुप्रै राष्ट्रिय कीर्तिमान बनाएका थिए। केही खेलाडीले आफ्नै नाममा रहेको कीर्तिमानमा सुधार गरेका थिए

भने केही खेलाडीले वर्षौंअघिको कीर्तिमान भंग गरेका थिए।

अन्तर्राष्ट्रिय मापदण्डलाई आधार मान्दा नवौं संस्करणमा कुल २८ कीर्तिमान बनेका थिए। सबैभन्दा बढी भारोत्तोलन खेलमा १० खेलाडीले १६ वटा कीर्तिमान बनाएका थिए।

नवौं संस्करणमा एथलेटिक्सतर्फ पनि ८ खेलाडीले विभिन्न स्पर्धामा ११ राष्ट्रिय कीर्तिमान बनाएका थिए। यसका अतिरिक्त नवौं राष्ट्रिय खेलकुदमा सुटिङ खेलमा पनि एउटा राष्ट्रिय कीर्तिमान बन्यो।

## नगद पुरस्कारमा वृद्धि



उत्कृष्ट प्रदर्शनका लागि प्रोत्साहन गर्ने र मैदानमा प्रतिस्पर्धाको भावना बढाउने उद्देश्यले नवौं राष्ट्रिय खेलकुदमा पदक जित्ने खेलाडीले पाउने नगद पुरस्कारमा वृद्धि गरिएको थियो। यसका अतिरिक्त राष्ट्रिय कीर्तिमान बनाउने खेलाडीलाई थप हौसला प्रदान गर्न अतिरिक्त नगद पुरस्कार व्यवस्था पनि गरिएको थियो।

नवौं राष्ट्रिय खेलकुदमा सहभागी विभिन्न खेलको व्यक्तिगत स्पर्धामा स्वर्ण पदक जित्ने खेलाडीलाई २५ हजार रुपैयाँ पुरस्कारको व्यवस्था गरिएको थियो। टिम स्पर्धामा स्वर्ण पदक जित्ने टोलीका प्रत्येक खेलाडीलाई १५ हजार रुपैयाँ नगद पुरस्कार दिने व्यवस्था गरिएको थियो। विभिन्न खेलमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कीर्तिमान बनाउने खेलाडीलाई ५० हजार रुपैयाँ नगद पुरस्कारको व्यवस्था गरिएको थियो।

## राष्ट्रिय खेलकुदमा 'डोपिङ' परीक्षण

नवौं राष्ट्रिय खेलकुदका क्रममा ४० खेलाडीको 'डोपिङ' परीक्षण गरिएको थियो। नेपाली घरेलु खेलकुदको इतिहासमा यति धेरै संख्यामा खेलाडीको डोपिङ परीक्षण गरिएको पहिलो पटक हो।

प्रतिबन्धित औषधि तथा उपायहरू प्रयोग गरेको हो वा होइनन् भनेर पत्ता लगाउन डोपिङ परीक्षण गर्ने गरिन्छ। खेलकुद प्रतियोगिताहरूलाई हरेक तरिकाले निष्पक्ष र पारदर्शी बनाउन डोपिङ परीक्षण आवश्यक पनि छ।

यसरी खेलाडीबाट संकलन गरिएको नमूना डोपिङ परीक्षणका लागि कतार पठाइएको थियो। डोपिङ परीक्षणका लागि भारोत्तोलन, फेन्सिङ, ह्यान्डबल, एथलेटिक्स, पौडी, फुलकन्ट्याक्ट कराते र उसुका खेलाडीको नमूना संकलन गरिएको थियो। खेलकुद क्षेत्रलाई प्रतिबन्धित औषधिको प्रयोगबाट मुक्त राख्न आगामी दिनमा अझ बढी संवेदनशील रहने नीति राष्ट्रिय खेलकुद परिषद्ले लिएको छ।




## ग्लाइडरको अर्धकद शालिक

नवौं राष्ट्रिय खेलकुदको प्याराग्लाडिङमा प्रतिस्पर्धा गर्नेक्रममा आकाशबाट खसेर मृत्यु भएका त्रिभुवन आर्मी क्लबका खेलाडी निसिम थापाको अर्धकदको शालिक राख्नुका साथै मानार्थ स्वर्ण पदक प्रदान गर्ने निर्णय राष्ट्रिय खेलकुद परिषद्ले गरेको थियो।

उक्त अप्रिय घटनापछि पोखरामै बसेको राखेप बोर्ड बैठकले पोखरा रंगशाला हाताभित्र खेलाडी निसिमको अर्धकदको शालिक राख्ने निर्णय गरेको थियो। प्याराग्लाइडिङ दुर्घटनामा मृत्यु भएका निसिमप्रति सम्मान जनाउन उनलाई मानार्थ स्वर्ण पदक प्रदान गर्ने निर्णय बैठकले गरेको थियो।

## पहिलो पटक खेलाडीको विषयमा अनुसन्धान

राष्ट्रिय खेलकुद परिषद्ले नवौं संस्करणमा सहभागी खेलाडीहरूको विषयमा अध्ययन तथा अनुसन्धान गर्न अनुसन्धान उपसमिति गठन गरेको थियो। बृहत राष्ट्रिय खेलकुदको इतिहासमा यस्तो उपसिमिति गठन गरिएको यो पहिलो पटक हो। उपसमितिलाई खेलाडीहरूको आर्थिक, पारिवारिक, सामाजिक, मनोवैज्ञानिक अवस्थाका बारेमा अध्ययन तथा अनुसन्धान गर्ने जिम्मेवारी दिइएको थियो।

यसक्रममा उक्त उपसमितिले प्रतियोगितामा सहभागीमध्ये १ हजार १ खेलाडीको तथ्यांक संकलन गरेको थियो। यो तथ्यांकको विश्लेषणले आगामी दिनमा खेलाडीलाई केन्द्रमा राखी नेपाली खेलकुदमा सुधार गर्नुपर्ने पक्षहरूको विषयमा जानकारी उपलब्ध गराउने विश्वास लिइएको छ।

# नेपालमा भएका अन्तर्राष्ट्रिय प्रतियोगिता

नेपालमा आर्थिक वर्ष २०७९/८० मा विभिन्न खेलका अन्तर्राष्ट्रिय प्रतियोगिता पनि धेरै आयोजना भएका छन्। यसै वर्ष नवौं राष्ट्रिय खेलकुदको आयोजना सम्पन्न गर्नुपर्ने र चीनको हाङझाउमा हुने १९ औं एसियाली खेलकुदको तयारी गर्नुपर्ने समय रह्यो। तर, राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले अन्तर्राष्ट्रिय प्रतियोगिताहरू आयोजना गर्न राष्ट्रिय संघहरूलाई प्रोत्साहित गरिरह्यो।

राखेपकै महत्वाकांक्षी योजनाका बाबजुद यस केही ठूला एसियाली स्तरको उत्कृष्ट आयोजनासहित २० वटा अन्तर्राष्ट्रिय प्रतियोगिता भएको थियो।

यसले गर्दा घरेलु भूमिमा नै नेपाली खेलाडीहरूले उच्च मनोबलका साथ खेल्दै प्रदर्शन गर्ने अवसर पाए भने शिथिल बनिरहेको अर्थतन्त्रमा देशभित्र भएका खेलकुद आयोजनाले थोरै भए पनि टेवा पुऱ्याउन सक्यो। यहाँको होटल व्यवसायलाई चलायमान बनायो। राखेपको स्वीकृति र प्रत्यक्ष, अप्रत्यक्ष सहयोगमा देशभित्र उक्त अन्तर्राष्ट्रिय प्रतियोगिताहरू आयोजना भएका थिए।

राखेपले देशभित्र अन्तर्राष्ट्रिय प्रतियोगिता गर्न संघहरूलाई प्रोत्साहित गर्नुका साथै महत्वपूर्ण अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाइरह्यो।




## फुटबल

### थ्री नेसन्स उपाधि :

असोज महिनामा अखिल नेपाल फुटबल संघ (एन्फा) को आयोजनामा साफ महिला च्याम्पियनसिप काठमाडौंमा नै सम्पन्न भयो। दशरथ रंगशालामा पहिलोपटक अन्तर्राष्ट्रिय प्रतियोगिता खेलेको नेपालको महिला सिनियर फुटबल टोली सेमिफाइनलमा भारतलाई नै हराउँदै पाँचौं पटक फाइनलमा पुगेको थियो। तर, नेपाल फाइनलमा बंगलादेशसँग ३-१ ले पराजित भयो। यसै वर्ष पुरुष टोलीले भने रंगशालामा नै सम्पन्न प्रधानमन्त्री कप थ्री नेसन्स फुटबलको उपाधि जित्यो। गत वर्ष नेपालले चैतमा प्रधानमन्त्री कप त्रिदेशीय फुटबल प्रतियोगिता जितेको हो। लाओसलाई हराएर नेपालले उपाधि जितेको थियो। राष्ट्रिय खेलकुद परिषद्को विशेष सहयोग रहेको उक्त प्रतियोगितामा लाओस र भुटान सहभागी भएका थिए। उक्त प्रतियोगिताले खेलप्रेमीमा निकै उत्साह बढाएको रंगशालामा देखिएको उपस्थितिले प्रस्ट पारेको थियो। किनकि कोरोनापछि बाक्लो संख्यामा दर्शक उपस्थिति हुन छाडेको थियो।




## तेक्वान्दो : जी टु मा दुई कांस्य

विश्व तेक्वान्दो (डब्लूटी) बाट जी टु वरीयताप्राप्त अन्तर्राष्ट्रिय प्रतियोगिता असोज महिनामा पोखरामा आयोजना भएको थियो। तेस्रो माउन्ट एभरेस्ट इन्टरनेसनल ओपन तेक्वान्दो च्याम्पियनसिपमा १२ राष्ट्रका एक हजार ४ सय ५५ खेलाडीले प्रतिस्पर्धा गरेका थिए। चार दिने प्रतियोगितामा करिब एक करोड ३६ लाख रुपैयाँ खर्च भएको आयोजकले जनाएको छ। प्रतियोगितामा नेपाली खेलाडीले अन्तर्राष्ट्रिय एक्सपोजर पाउनुका साथै स्थानीय व्यवसायमा पनि टेवा पुगेको थियो। च्याम्पियनसिपमा नेपालले दुई कांस्य पदक जितेको थियो। नेपालका वीरबहादुर महराले पुरुष ६८ केजीमुनि र पूजन विष्टले महिला ६७ केजीमुनि तौल समूहमा कांस्य पदक जितेका थिए।

## क्रिकेट : एसिया कपको छनोट यात्रामा सफल




नवौं राष्ट्रिय खेलकुदको असोज अन्तिम सातादेखि कात्तिक पहिलो सातासम्म आयोजना हुँदा अन्तर्राष्ट्रिय प्रतियोगिताहरू रोकिएका थिए। त्यसअगाडि पनि नेपाल क्रिकेट संघ (क्यान)ले विश्वकप लिग-२ को शीर्ष तीन स्थानमा रहने लक्ष्यसहित घरेलु मैदानमा शृंखलाहरू आयोजना गऱ्यो। शृंखलामा उत्कृष्ट प्रदर्शन गर्दै नेपालले जिम्बावेमा हुने विश्वकप छनोटमा स्थान बनाएको थियो।

नवौं राष्ट्रिय खेलकुद सकिएलगत्तै कात्तिक २८ देखि मंसिर २ गतेसम्म काठमाडौंमा संयुक्त अरब इमिरेट्स (युएई) विरुद्ध तीन खेलको एकदिवसीय शृंखला आयोजना भयो। यो शृंखला २-१ ले जित्दै नेपालले लिगको शीर्ष तीन यात्रा जीवन्त राखेको थियो। नेपाली टोलीले फागुनमा पनि यो शृंखला खेलेको थियो। फागुन २ देखि नै आईसीसी विश्वकप लिग-२ अन्तर्गत नेपाल, नामिबिया र स्कटल्यान्डबीच त्रिदेशीय शृंखला आयोजना भयो।

जिम्बावेमा हुने एकदिवसीय विश्वकप छनोटमा स्थान बनाउन



यो शृंखला जित्न आवश्यक थियो । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा शृंखलाका ४ खेल जित्दै नेपालले बलियो दाबेदारी कायमै राख्यो ।

शीर्ष तीनका लागि तेस्रो स्थानको दाबेदारमा रहेको नामिबियाविरुद्धको जितले नेपाललाई फाइदा पुगेको थियो । यो शृंखलालगत्तै नेपाल क्रिकेट संघ (क्यान) ले फागुन २५ देखि त्रिदेशीय शृंखला गऱ्यो । विश्वकप लिग-२ को अन्तिम चार खेल थियो । त्यो शृंखलाका सबै खेल जित्दा मात्र नेपालले नामिबियालाई पछि पार्दै विश्वकप छनोटका लागि जिम्बावे भ्रमण गर्न सक्थ्यो ।

झन्डै तीसौं हजार समर्थकको साथ पाएको नेपालले अन्तिम खेलमा यूएईमाथि डकवर्थ लेविस पद्धतिका आधारका ९ रनको नाटकीय जित हात पार्दै शृंखलाका चारै खेलमा सफलता निकालेको थियो । यो सफलताले नेपाल विश्वकप छनोटमा स्थान बनाउन सफल भयो । यस आर्थिक वर्षमा नेपाली क्रिकेट टिमले घरेलु मैदानमा खेलेका ११ खेलमध्ये १० खेलमा सफलता पाएको थियो ।

## घरेलु मैदानबाट एसिया कप यात्रा

क्यानले वैशाख ५ गतेदेखि एसीसी प्रिमियर कप कीर्तिपुर र मूलपानी मैदानमा आयोजना गरेको थियो । प्रिमियर कपमा १० राष्ट्रले प्रतिस्पर्धा गरेका थिए । नेपाल अपराजित रहँदै च्याम्पियन बनेको थियो । फाइनलमा संयुक्त अरब इमिरेट्स (यूएई) लाई ७ विकेटले हराउँदै नेपालले पाकिस्तान र श्रीलंकामा हुने एसिया कपलाई छनोट पक्का गरेको थियो । नेपालले एसिया कप पहिलोपल्ट खेल्न लागेको हो । जहाँ भारत र पाकिस्तानजस्ता क्रिकेट महारथी टोली थियो । नेपाल सन् २००१ मा छनोट भएर पनि खेल्न पाएको थिएन ।

## रग्बी : एसियाली प्रतियोगिता आयोजना




गत वर्ष नेपाल रग्बी संघले पहिलो पटक एसियाली प्रतियोगिता आयोजना गरेको थियो । मंसिर २४ गतेदेखि सुरु भएको एसिया यू-१८ रग्बी सेभेन्समा १० राष्ट्रका खेलाडी नेपाल आएर प्रतिस्पर्धा गरेका थिए । महिला र पुरुष दुवैमा नेपालले भाग लिएको थियो । उक्त च्याम्पियनसिपमा नेपालको पुरुष टोलीले भारतमाथि रोमाञ्चक जित दर्ता गरेको थियो । पुस र माघ महिनामा नेपालमा अन्तर्राष्ट्रिय प्रतियोगिता नभए पनि विदेशमा भने नेपाली खेलाडीको प्रतिस्पर्धा जारी नै रह्यो । फागुनमा भने नेपालमा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजनाले निरन्तरता पायो ।

# एथलेटिक्स : एसियन क्रसकन्ट्री आयोजना र सफलता






नेपाल एथलेटिक्स संघको आयोजनामा गोकर्ण गल्फ रिसोर्टमा भएको नेपाल क्रसकन्ट्री एथलेटिक्स प्रतियोगितामा नेपालले पुरुष सिनियरको व्यक्तिगत र टिम दुवैमा स्वर्ण पदक जितेको छ। त्यस्तै सिनियर महिला र जुनियर महिलामा नेपालले समान २ रजत पदक जितेको छ। नेपालले थप २ कांस्य पनि जित्यो।

सिनियर पुरुष १० किलोमिटर दौडमा दीपक अधिकारीले स्वर्ण पदक जितेका हुन्। सो इभेन्टमा मुकेशबहादुर पालले कांस्य पदक जिते। सिनियर पुरुष टिम इभेन्टमा पनि नेपालले स्वर्ण पदक जितेको छ। दीपक, मुकेश र दीपक सुहाङले १ घन्टा ४३ मिनेट १९ सेकेन्डमा दौड पूरा गरेर स्वर्ण पदक जिते।

## महिला सिनियरमा दुई रजत

एसियन क्रसकन्ट्री च्याम्पियनसिपमा नेपालले सिनियर महिलामा पनि २ रजत पदक जितेको छ। सिनियर महिला १० किमी दौडमा नेपालका लागि राजपुरा पछाईले रजत पदक जितेकी थिइन्। सोही स्पर्धाको टिम इभेन्टमा नेपालले रजत पदक जितेको हो। राजपुरा पछाई, पुष्पा भण्डारी र वृन्द्रा धन्के श्रेष्ठले रजत पदक जितेका हुन्।

## जुनियर पुरुष टिममा कांस्य

एसियन क्रसकन्ट्री च्याम्पियनसिपको जुनियर पुरुष (यू-२०) ८ किलोमिटर दौडमा नेपाली टोलीले कांस्य पदक जितेको छ। नेपालका शेरबहादुर अधिकारी, सञ्जय दमाई र विकेश घिमिरेले कांस्य पदक जितेको थिए।

## महिला जुनियरमा दुई रजत

नेपालकी राममाया बुढा फोटो फिनिसमा पछि पर्दै महिला जुनियर ६ किलोमिटर दौडमा रजत पदकमा चित्त बुझाउनुपरेको थियो। राममाया र भारतकी श्रुती श्रीधर रेडाकर दुवैले २४ मिनेट १५ सेकेन्डमा दूरी तय गरेपछि फोटो फिनिसमा भारतकी श्रुतीले बाजी मार्दै स्वर्ण पदक प्राप्त गरिन्। टिममा पनि नेपालले रजत पदक जित्यो। नेपालका राममाया बुढा, राज्यलक्ष्मी रावल र विमला कार्कीले रजत पदक जिते। टिमतर्फ तीन खेलाडीले तय गरेको समय जोडेर विजेता चुनिएको हो। प्रधानमन्त्री पुष्पकमल दाहालले प्रतियोगिताको उद्घाटन गरेका थिए।

च्याम्पियनसिपमा सिनियर महिला र पुरुषतर्फ १० किलोमिटर, २० वर्ष मुनिका जुनियर महिलातर्फ ६ किलोमिटर र २० वर्ष मुनिका जुनियर पुरुषतर्फ ८ किलोमिटर गरि ४ विधामा व्यक्तिगत र टिम इभेन्ट्समा प्रतिस्पर्धा भएको थियो। प्रतियोगितामा ११ राष्ट्रका ६५ खेलाडीको सहभागिता रहेको थियो। विजेता खेलाडीलाई नेपाल एथलेटिक्स संघका अध्यक्ष राजीवविक्रम शाह, एसियन एथलेटिक्स एसोसिएसनका अध्यक्ष दलान जुमान अल-हमादलगायतले पुरस्कृत गरे।




## ट्रायथलन :

नेपाल ट्रायथलन संघले पनि २० देशको सहभागिता गराएर एकै पटक दक्षिण एसियाली र एसियाली ट्रायथलन प्रतियोगिता सम्पन्न गऱ्यो। राखेपकै सहयोगमा भएको उक्त प्रतियोगितामा २० देशका १५ महिला ३४ पुरुष खेलाडीले प्रतिस्पर्धा गरे।

पोखरामा आयोजित उक्त तेस्रो एसिया ट्रायथलन कपमा पुरुषतर्फ नेपालका खेलाडीले सफलता हात पार्न नसके पनि राम्रो एक्सपोजर पाए। साउथ एसियन ट्रायथलन च्याम्पियनसिपमा नेपालका वसन्त थारु तेस्रो र दीपेश चौधरी चौथो भएका थिए। जुनियर स्पर्धामा पनि नेपालका यजु महर्जन चौथो स्थानमा रहे।

वैशाख महिना पनि चार अन्तर्राष्ट्रिय प्रतियोगिता देशभित्र भए। ट्रायथलन संघले वैशाखमा पनि अन्तर्राष्ट्रिय कार्यक्रमलाई निरन्तरता दियो। वैशाख २३ गतेदेखि पोखरामा निकै कठिन मानिने हिमालयन एक्स्ट्राई वर्ल्ड टुर एक्सट्रिम ट्रायथलन च्याम्पियनसिप आयोजना गऱ्यो। जहाँ २२ राष्ट्रका ३६ खेलाडीको सहभागिता थियो। यो प्रतियोगिता खेल्न निकै कठिन थियो। त्यसैले होला कुनै पनि नेपाली खेलाडी सहभागी भएनन्।

## लनटेनिस :

नेपाल टेनिस संघले मंसिर १० गतेदेखि आईटीएफ वर्ल्ड टेनिस टुर जे-५ र एटीपी यू-१४ सर्किट १ र २ प्रतियोगिता आयोजना गरेको थियो। नेपालका अकी जुवेन रावत र आरभसम्राट हाडाको जोडी आईटीएफ विश्व टेनिस टुर जे-६० काठमाडौंअन्तर्गत सर्किट १ को ब्वाइज डबल्समा विजेता भएको थियो। अकी र आरभको जोडीले फाइनलमा भारतका स्मिट निलेशभाइ पटेल र देवाशिष साहुको जोडीलाई ३-६, ७-५, १०-८ को सेटमा हरायो।

सातदोबाटोस्थित टेनिस कोर्टमा गत वर्ष पुसमा सम्पन्न २० औं जयकर स्मृति एटीएफ यू-१४ टेनिसअन्तर्गत सर्किट-२ को ब्वाइज सिंगल्समा नेपालका राजवीर प्रधानले स्वर्ण जितेका थिए। राजवीरले फाइनलमा हङकङका की छियोङ मोरिस ताङलाई ६-१, ६-१ को सोझो सेटमा हराउँदै स्वर्ण जितेका हुन्। प्रतियोगिताको सर्किट-१ मा नेपालका आयुषमान हजुर घलेले रजत पदक जितेका थिए। उनी फाइनलमा भारतका भिभान मिर्धासँग पराजित भएका हुन्।

## टेबलटेनिस :

काठमाडौंमा अखिल नेपाल टेबलटेनिस संघले मंसिर २२ गतेदेखि वर्ल्डकप टेबलटेनिस क्वालिफाइङ राउन्ड (साउथ एसियन क्वालिफिकेसन फर वर्ल्ड च्याम्पियनसिप) प्रतियोगिता आयोजना गरेको थियो। प्रतियोगितामा नेपाल, भारत, पाकिस्तान, माल्दिभ्स, श्रीलंका र बंगलादेश गरी ६ राष्ट्रले भाग लिएका थिए। यहाँबाट नविता श्रेष्ठ, सिक्का सुवाल, संयोग कपाली, दिनेश खानियाँ, रुबिना महर्जनले छनोट पार गरेर कतारमा हुने एसिया कन्टिनेन्टल च्याम्पियनसिपको यात्रा तय गरेका थिए।

## भलिबल : काभामा नेपाल तेस्रो




जेठमा नेपालको राष्ट्रिय खेल भलिबलको काभा महिला भलिबल च्याम्पियनसिप आयोजना भयो। राखेप कभर्डहलमा भएको उक्त च्याम्पियनसिपमा नेपालले सेमिफाइनलसम्म यात्रा गरेको थियो। तेस्रो स्थानका लागि भएको खेलमा नेपालले उज्वेकिस्तानलाई हराएको थियो। राखेपकै सहयोगमा नेपाल भलिबल संघले आयोजना गरेको एनएससी काभा महिला भलिबल च्यालेन्ज कपमा मध्य एसियाका आठ राष्ट्रले प्रतिस्पर्धा गरेका थिए। नेपाल कराते महासंघको आयोजनामा बुटवलमा अन्तर्राष्ट्रिय कराते प्रतियोगिता आयोजना भएको थियो।

---

**नेत्रहीन क्रिकेट :** नेत्रहीन क्रिकेट संघ नेपालले भारतसँग दोस्रो ट्वान्टी-२० क्रिकेट शृंखला आयोजना गर्न सफल भयो। काठमाडौंमा सम्पन्न उक्त शृंखलामा कुल ३ सय खेलाडीले प्रतिस्पर्धा गरेका थिए।

**गल्फ :** जेठमा नै नेपाल गल्फ संघले पनि नवौं एमेच्योर ओपन अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गरेको थियो। गोकर्ण गल्फ कोर्समा भएको उक्त प्रतियोगितामा ५१ खेलाडीले प्रतिस्पर्धा गरेका थिए।

# नेपालमा आयोजित अन्तर्राष्ट्रिय प्रतियोगिता

| क्र.सं. | संघको नाम | प्रतियोगिता | मिति र स्थान | सहभागी टिम |
|---|---|---|---|---|
| १ | नेपाल तेक्वान्दो संघ | तेस्रो माउन्ट एभरेस्ट अन्तर्राष्ट्रिय ओपन तेक्वान्दो (डब्लूटी च्याङकिङ जी २) | २०७९ असोज ६-९, पोखरा, कास्की | नेपालसहित ११ देश |
| २ | अखिल नेपाल फुटबल संघ | साफ महिला च्याम्पियनसिप फुटबल २०२२ | २०२२ सेप्टेम्बर ६-१९ काठमाडौं, | नेपालसहित ७ देश |
| ३ | नेपाल रग्बी संघ | यू-१८ अस्लान सेभेन्स पुरुष तथा महिला रग्बी च्याम्पियनसिप | २०२२ डिसेम्बर १०-११, काठमाडौ | नेपालसहित १० देश |
| ४ | नेपाल गल्फ संघ | नेपाल टुरिजम एमेच्योर गल्फ च्याम्पियनसिप २०२२ | ०७९ असोज काठमाडौं | सार्क राष्ट्र |
| ५ | नेपाल टेनिस संघ | आईटीएफ टेनिस टुर जे-५,<br>२०औं जयकर मेमोरियल एटीएफ टुर्नामेन्ट यू-१४ सर्किट १ र २ | २०२२ नोभेम्बर २६ देखि डिसेम्बर १०, पोखरा<br>२०२२, डिसेम्बर १० देखि जनवरी २४, सातदोबाटो, ललितपुर | नेपालसहित ९ देश |
| ६ | नेपाल क्रिकेट संघ | दुई राष्ट्रबीचको टी-२० क्रिकेट शृंखला | २०७९ कात्तिक २८ देखि मसिर २, काठमाडौं | २ देश |
| ७ | अखिल नेपाल टेबलटेनिस संघ | विश्वकप क्वालिफाइङ राउन्ड टेबलटेनिस च्याम्पियनसिप | २०२२ डिसेम्बर ८-११ काठमाडौं | ६ देश |
| ८ | अखिल नेपाल फुटबल संघ | प्रधानमन्त्री कप त्रिदेशीय फुटबल प्रतियोगिता | २०७९ चैत ८-१७ दशरथ रंगशाला, काठमाडौं | नेपाल, भुटान र लाओस |
| ९ | नेपाल ट्रायथलन संघ | एसियाली तथा दक्षिण एसियाली ट्रायथलन च्याम्पियनसिप २०२३ | २०७९ चैत १८-१९, पोखरा | नेपालसहित २० देश |
| १० | नेपाल क्रिकेट संघ | एसीसी प्रिमियर कप, २०२३ | २०८० वैशाख ५-१८, कीर्तिपुर/मूलपानी | १० राष्ट्र सहभागी |
| ११ | नेपाल ट्रायथलन संघ | हिमालयन एक्ट्रिम हाइअल्टिच्युड ट्रायथलन च्याम्पियनसिप | २०८० वैशाख २३, पोखरा | २२ राष्ट्र र ३६ जना |
| १२ | नेपाल कराते महासंघ | एमजीके इन्टरनेसनल कराते च्याम्पियनसिप २०२३ | २०८० बैशाख २३ गते कास्की, पोखरा | ३०० जना |

| | | | | |
|---|---|---|---|---|
| १३ | नेत्रहीन क्रिकेट संघ-नेपाल | दोस्रो नेपाल-भारत दुईपक्षीय टी-२० ब्लाइन्ड महिला क्रिकेट शृंखला | २०८० बैशाख १५ र १६ गते, बुटबल, रूपन्देही | १५० जना |
| १४ | नेपाल भलिबल संघ | काभा महिला भलिबल च्यालेन्ज कप | २०८० जेठ ८ देखि १४, काठमाडौं | ८ देशका १०० |
| १५ | मधेश प्रदेश तेक्वान्दो संघ | प्रथम गढीमाई अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगिता | २०८० जेष्ठ ८ देखि १४ सम्म त्रिपुरेश्वर, काठमाडौं | १५० जना |
| १६ | नेपाल गल्फ संघ | नवौं नेपाल एमेच्योर ओपन अन्तर्राष्ट्रिय गल्फ प्रतियोगिता | २०८० जेठ १५ देखि १५ सम्म, गोकर्ण | ५१ जना |
| १७ | नेपाल बुद्धिचाल महासंघ | भीमबहादुर तामाङ मेमोरियल दोलखा ओपन इन्टरनेसनल चेस च्याम्पियनसिप २०२३ | २०८० जेठ ५ देखि ९, दोलखा, नेपाल | १३९ खेलाडी (६ देश) |
| १८ | नेपाल बुद्धिचाल महासंघ | विराट ओपन इन्टरनेसनल चेस प्रतियोगिता २०२२ | २०७९ कात्तिक ३ देखि ८, विराटचोक, मोरङ | १३४ खेलाडी (३ देश) |
| १९ | नेपाल बुद्धिचाल महासंघ | सार्क चेस च्याम्पियनसिप २०२३ | २०८० जेठ २९देखि ३ असार, गोदावरी, ललितपुर | १८ खेलाडी (५देश) |
| २० | नेपाल बुद्धिचाल महासंघ | पहिलो कूप ओपन फिडे इन्टरनेसनल ब्लिट्ज ओपन रेटिङ चेस प्रतियोगिता २०२३ | २०८० जेठ १५, ललितपुर, नेपाल | १२० (३ देश) |
| २१ | नेपाल बुद्धिचाल महासंघ | त्रिरत्न ग्वाछा मेमोरियल इन्टरनेसनल ओपन र्‍यापिड रेटिङ चेस प्रतियोगिता २०२३ | २०८० जेठ १२, भक्तपुर, नेपाल | १४० (४ देश) |
| २२ | नेपाल बुद्धिचाल महासंघ | सार्क चेस च्याम्पियनसिप २०२३ | २०२३, जुन १३-२०, काठमाडौं | १०० जना |
| २३ | नेपाल तेक्वान्दो संघ, मधेश प्रदेश | प्रथम गढीमाई अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगिता | २०८० जेठ ४-६, बारा | |
| २४ | नेपाल तेक्वान्दो संघ | अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगिता, २०८० | २०८० आसार १६-१७ गते, मोरङ | |
| २५ | अखिल नेपाल फुटबल संघ | अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल (नेपाल र बंगलादेश) | २०२२ सेप्टेम्बर, काठमाडौं (३-१) ले विजयी | २ देश |
| २६ | अखिल नेपाल फुटबल संघ | अन्तर्राष्ट्रिय मैत्रीपूर्ण फुटबल (नेपाल र पाकिस्तान) | २०२२ नोभेम्बर, काठमाडौं, (१-०) ले विजयी | २ देश |

| | | | | |
|---|---|---|---|---|
| २७ | नेपाल गल्फ संघ | नेपाल टुरिजम एमेच्योर गल्फ च्याम्पियनसिप | ०७९, असोज | |
| २८ | मनजयकर टेनिस एकेडेमी | आईटीएफ टेनिस जुयिनर जे-५ तथा २० औं जयकर मेमोरियल टेनिस प्रतियोगिता तथा एटीएफ यू-१४ जुनियर च्याम्पियनसिप सर्किट १ र २ | २०२२ डिसेम्बर १०-२४ जनवरी, सातदाबाटो, ललितपुर तथा २०२२ नोभेम्बर २६ देखि डिसेम्बर १०, पोखरा, कास्की | |
| २९ | नेपाल क्रिकेट संघ | आईसीसी सीडब्लूसी लिग २ क्रिकेट (विश्वकप छनोट) | २०७९ फागुन २५ देखि चैत २, त्रिवि मैदान कीर्तिपुर, काठमाडौं | |
| ३० | नेपाल क्रिकेट संघ | आईसीसी सीडब्लूसी लिग २ क्रिकेट (विश्वकप छनोट) | २०७९ फागुन २ देखि ९ सम्म, त्रिवि मैदान कीर्तिपुर, काठमाडौं | २०७९ फागुन २ देखि ९ सम्म, त्रिवि मैदान कीर्तिपुर, काठमाडौं |
| ३१ | नेपाल नेत्रहिन क्रिकेट संघ | दोस्रो नेपाल-भारत दुईपक्षीय टी-२० ब्लाइन्ड महिला क्रिकेट शृंखला | २०८० बैशाख १५ देखि १७, काठमाडौं | २ देश (नेपाल-भारत) |
| ३२ | अखिल नेपाल टेबलटेनिस संघ | विश्वकप क्वालिफाइङ राउन्ड टेबलटेनिस | २०२२ डिसेम्बर ८-११, लैनचौर काठमाडौं | |
| ३३ | नेपला एथलेटिक्स संघ | १६ औं एसियन क्रसकन्ट्री एथलेटिक्स च्याम्पियनसिप | २०७९ फागुन २३, गोकर्ण, काठमाडौं | |
| ३४ | नेपाल कराते महासंघ | एमजीके अन्तर्राष्ट्रिय कराते च्याम्पियनसिप | २०८० बैशाख १५ र १६, बुटबल, रूपन्देही | |






# देश बाहिर आयोजित अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाल

आर्थिक वर्ष २०७९/८० मा विदेशी भूमिमा आयोजित अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरूमा पनि नेपालले महत्त्वपूर्ण सफलता हात पारेको छ। यस अवधिमा विभिन्न राष्ट्रमा आयोजित ९० वटाभन्दा बढी अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाली खेलाडीले उपलब्धिमूलक सहभागिता जनाएका छन्। विभिन्न खेलका ती अन्तर्राष्ट्रिय प्रतियोगितामध्ये केहीमा नेपाली खेलाडी उल्लेख्य सफलता हात पारेका छन्।




## बक्सिङ

महत्वपूर्ण सफलताहरूमध्ये एक हो, एएसबीसी यू-२२ एसियन मेन्स एन्ड वुमेन्स बक्सिङ च्याम्पियनसिपमा नेपाली खेलाडी सुष्मा तामाङले हात पारेको उपलब्धि।

सन् २०२३ को जनवरी १६ देखि २७ तारिखसम्म थाइल्यान्डको बैंककमा सम्पन्न उक्त प्रतियोगितामा नेपाली खेलाडी सुष्माले रजत पदक जितेकी थिइन्। सुष्माले जितेको त्यो पदक नेपाली खेलकुदका लागि ऐतिहासिक थियो। नेपाली बक्सिङमा उमेर समूहतर्फ सुष्माले प्राप्त गरेको यो पदक अहिलेसम्मकै ठूलो हो। यसअघि नेपाली बक्सरले एसियाली स्तरको प्रतियोगितामा कांस्य पदकमात्र जित्न सकेका थिए। सुष्मा एएसबीसी च्याम्पियनसिपअन्तर्गत ४८ केजी तौल समूहको फाइनलमा उज्वेकिस्तानकी बक्सर फोजिलोभा फार्जोनासँग अंकका आधारमा ५-० ले पराजित भएकी थिइन्। फाइनलमा पराजित भए पनि उनी नेपाली खेलकुद इतिहासमा कीर्तिमानी खेलाडीका रूपमा दरिन पुगिन्।

ऐतिहासिक रजत पदक जितेकी सुष्मालाई नेपाल बक्सिङ संघले भारतमा आयोजना हुने विश्व महिला बक्सिङ च्याम्पियनसिपमा सिधै छनोट गरेको थियो। संघका अनुसार देशका लागि ऐतिहासिक पदक जितेकाले सम्मानस्वरूप उनलाई सिधै विश्व बक्सिङ च्याम्पियनसिपमा छनोट गरिएको हो। खेलकुदको माध्यमले देशको प्रतिष्ठा बढाएकामा सुष्मालाई प्रधानमन्त्री पुष्पकमल दाहालले पनि बधाई दिनुभएको थियो। सोही प्रतियोगितामा महिलातर्फ नेपाली खेलाडी हेमा राई र त्रिशा जबेगु तथा पुरुषतर्फ विजय बाटाले पनि कांस्य पदक जितेका थिए।

## मुवाँथाई

सन् २०२२ को नोभम्बर १६ देखि २३ तारिखसम्म थाइल्यान्डमा आयोजित १७औं विश्व मुवाँथाई प्रतियोगितामा नेपाली खेलाडीले दुई कांस्य पदक जितेका थिए। पुरुष ५७ केजी तौल समूहमा गुणराज रूचाल र महिला ४८ केजी तौल समूहमा डेनिका राईले नेपालका लागि कांस्य पदक जितेका हुन्।

## बिच भलिबल

बंगलादेशको राजधानी ढाकामा आयोजित भीसी सेन्ट्रल जोन बिच भलिबल प्रतियोगितामा नेपाली खेलाडी मानबहादुर श्रेष्ठ र दिल सुनार तथा कोपिला उप्रेती र कमला पुनले रजत पदक जितेका थिए। प्रतियोगिता सन् २०२२ को डिसेम्बर २८ देखि ३० सम्म भएको थियो।

## शारीरिक सुगठन

माल्दिभ्सको राजधानी मालेमा २०८० साल असार २० देखि २४ गतेसम्म सम्पन्न १३औं दक्षिण एसियाली शारीरिक सुगठन प्रतियोगितामा नेपाली खेलाडी ललित धिमालले स्वर्ण पदक जित्दै देशको गौरव बढाएका थिए।

ललितले ७५ केजी तौल समूहमा स्वर्ण जितेका हुन्। उक्त स्पर्धामा भारतका खेलाडी दोस्रो र अफगानिस्तानका खेलाडी तेस्रो भएका थिए। ललितको स्पर्धामा ६ खेलाडी सहभागी थिए। आफ्नो स्पर्धामा स्वर्ण जितेका ललितले ओभरअल च्याम्पियन मिस्टर दक्षिण एसियाको उपाधिका लागि पनि प्रतिस्पर्धा गर्ने अवसर पाएका थिए। तर, ओभरअलमा भारतीय खेलाडी च्याम्पियन बने।

दक्षिण एसियाली शारीरिक सुगठनकै क्रममा प्रथम माल्दिभ्स अन्तर्राष्ट्रिय आमन्त्रण शारीरिक सुगठन प्रतियोगिता पनि भएको थियो। उक्त प्रतियोगितामा भने ललित दसौं स्थानमा रहे। खुला तौल समूहको प्रतिस्पर्धामा १४ खेलाडीले प्रतिस्पर्धा गरेका थिए।

२०७९ साल मंसिर २० देखि २६ गतेसम्म थाइल्यान्डमा आयोजित १३औं विश्व शारीरिक सुगठन तथा फिजिक स्पोर्ट्स च्याम्पियनसिपमा नेपाली खेलाडीले एक रजत र एक कांस्य पदक जितेर देशको प्रतिष्ठा बढाए।

उक्त प्रतियोगिताको महिला मोडेल फिजिक १ सय ६० सेन्टिमिटर स्पर्धामा नेपालकी श्वेता कपालीले रजत पदक जितिन्। पुरुषतर्फ नेपालका लागि प्रज्ज्वलमान शाक्यले कांस्य पदक जितेका थिए।

सन् २०२३ को जुलाई १५ देखि २१ तारिखसम्म माल्दिभ्समा आयोजित ५४औं एसियाली शारीरिक सुगठन तथा फिजिक स्पोर्ट्स च्याम्पियनसिपमा नेपाली खेलाडीले एक रजत र एक कांस्य पदक जितेर देशको गौरव बढाए।



उक्त प्रतियोगितामा नेपालका उमेश राईले रजत पदक जितेका थिए। उमेशले ८० केजी तौल समूहमा रजत जितेका हुन्। आठ खेलाडी सहभागी उक्त स्पर्धामा भारतका आश्विन सेट्ठीले स्वर्ण र थाइल्यान्डका पतैवात अलकावातले कांस्य पदक जिते।

फिटनेस फिजिकतर्फ १७० सेन्टिमिटर स्पर्धामा नेपालका राजु राईले कांस्य पदक जितेका थिए। नेपालबाट तीन खेलाडीको सहभागिता रहेको उक्त प्रतियोगितामा महिलातर्फ एथलेटिक फिजिक स्पर्धामा सुजिता मानन्धर छैटौं भइन्।




**पारा तेक्वान्दो** : सन् २०२२ को डिसेम्बर ८ देखि १० तारिखसम्म साउदी अरेबियामा 'विश्व पारा तेक्वान्दो ग्रान्ड प्रिक्स' आयोजना भएको थियो । प्रतियोगितामा नेपाली खेलाडी सिर्जना घिसिङ (बीचमा)ले स्वर्ण पदक जितेर देशको गौरव बढाएकी थिइन् ।



पुष्पा भण्डारी

## एथलेटिक्स (म्याराथन)

सन् २०२३ को जनवरी २० तारिखमा बंगलादेशको राजधानी ढाकामा बंगबन्धु शेख मुजिब ढाका म्याराथन आयोजना भएको थियो । नेपालले १ स्वर्ण र २ कांस्य पदक जित्यो । प्रतियोगितामा नेपालबाट १० खेलाडीले भाग लिएका थिए । धाविका पुष्पा भण्डारीले स्वर्ण पदक जितेर राष्ट्रको प्रतिष्ठा बढाइन् ।

साफ एलिटको महिलातर्फ पुष्पाले स्वर्ण पदक जितेकी हुन् । पुष्पाले निर्धारित ४२.१९५ किलोमिटर दुरी २ घन्टा ४८ मिनेट २ सेकेन्डमा पूरा गरिन् । श्रीलंकाकी सुजनी परेरा दोस्रो भइन् । पुष्पाले परेराभन्दा २० सेकेन्ड पहिले दौड पूरा गरिन् । पुष्पाले यो प्रतियोगितामा दोस्रो पटक स्वर्ण जितेकी हुन् । पुष्पाले सन् २०२१ मा पनि स्वर्ण जितेकी थिइन् । २०२२ को संस्करणमा भने उनले कांस्य जितेकी थिइन् ।

नेपालकी वृन्द्राधन्के श्रेष्ठले पनि म्याराथनमा कांस्य जितिन् । उनले निर्धारित दुरी २ घण्टा ५२ मिनेट ३० सेकेन्डमा पूरा गरिन् । पुरुषतर्फको हाफ म्याराथनमा नेपालका गोपीचन्द्र पार्कीले कांस्य पदक जितेका थिए ।




## मार्सल आर्टस गेम्स

सन् २०२२ को सेप्टेम्बर २३ देखि २५ तारिखसम्म स्लोभेनियामा आयोजना भएको 'डब्लूएमएसी वर्ल्ड मार्सल आर्टस गेम्स' मा नेपाली खेलाडीले दुई स्वर्ण र दुई कांस्य पदक जितेका थिए। नेपाली खेलाडी सञ्जिव तामाङले १८ वर्षभन्दा माथिको चाइनिज फोम्स स्पर्धामा स्वर्ण पदक जितेका थिए। उनले लाइट कन्ट्याक्ट स्पर्धामा पनि कांस्य जिते।

सोही प्रतियोगिताको भेट्रान्स पुरुष ३५ भन्दामाथिको उमेर समूहमा नेपाली खेलाडी सन्जितकुमार राईले स्वर्ण जितेका थिए। सन्जितले ट्रेडिसनल फोम्स स्पर्धामा पनि कांस्य जिते।

---

## सोतोकान कराते

भारतको कोलकातामा पुस २३ देखि २४ सम्म भएको प्रतियोगितामा नेपाल २१ स्वर्ण, १२ रजत र ७ कांस्यसहित टिम च्याम्पियन बन्न सफल भएको थियो।

नेपाल सोतोकान कराते संघका प्रमुख प्रशिक्षक तथा महासचिव श्याम शेर्पाका अनुसार प्रतियोगितामा नेपालसहित भारत, बंगलादेश र भुटान गरी ४ राष्ट्रका करिब ७ सय खेलाडी सहभागी थिए। बंगलादेश दोस्रो र भारत तेस्रो भए।

नेपालका सफल महर्जन, अभिषेक थिङ तामाङ, प्रदीप राई, विप्लव खड्का, प्रशान्त घले, अभिषेक तामाङ, अतित विक, आयुश लामा, रन्जित तामाङ, सुरज सुवेदी, अनिश पौडेल, निश्चल गोले, राजवीर चौधरी, संयोक सेन्चुरी, सन्जिव तामाङ, नैना मानन्धर, सन्जना भुजेल, प्रविका मानन्धर, समृद्धि थापा, श्रेया तामाङ र एन्जेला डंगोलले स्वर्ण पदक जितेका थिए।

अदीप लिम्बू, रोचक महर्जन, निश्चल सुनुवार, मविन बुढामगर, मनोज घलान, कृतिश मानन्धर, सुमित धिमाल, आयुशा महर्जन, निर्भाना महर्जन, विभा पौडेल, आयुष्मा विष्ट र रोजिना योञ्जनले रजत जितेका थिए। प्रतियोगितामा नेपालबाट ५७ खेलाडीले भाग लिएका थिए।




पुनम श्रेष्ठ

**जुडो** : साग स्वर्णधारी पुनम श्रेष्ठले बिस्केक एसियाली सिनियर खुला जुडो च्याम्पियनसिपमा कांस्य पदक जितेकी छन्। किर्गिस्तानको बिस्केकमा भएको महिला ७० केजीमुनि पुनमले रिपिचेजमा किर्गिस्तानकी गुल्नुरलाई पराजित गरी कांस्य जितेकी हुन्।

प्रतियोगितामा पुरुष ६६ केजीमुनि इन्द्रबहादुर श्रेष्ठ दोस्रो चरणमा किर्गिस्तानीसँग पराजित भए। पहिलो चरणमा इन्द्रले किर्गिस्तानकै खेलाडीलाई हराएका थिए।








## क्रिकेट :

सन् २०२२ को अगस्ट २५ देखि सेप्टेम्बर ६ तारिखसम्म नेपाली राष्ट्रिय क्रिकेट टोलीले केन्याको भ्रमण गरेको थियो। केन्या भ्रमणका क्रममा नेपालले आयोजक राष्ट्रसँग पाँच टी-२० र तीन एकदिवसीय प्रतियोगिता खेलेको थियो।

टी-२० र एकदिवसीय दुवै शृंखलामा आयोजक केन्यालाई हराउँदै नेपाली क्रिकेट टोलीले देशको गौरव बढाएको थियो। टी-२० शृंखलामा नेपालले केन्यालाई ३-२ ले हराएको थियो। पहिलो खेलमा नेपाल ५ विकेट विजयी भयो भने दोस्रो खेल केन्याले १८ रनले जितेको थियो।

तेस्रो टी-२० खेलमा नेपाल ४ विकेटले विजयी भयो। निर्धारित ओभरको खेल सकिनुभन्दा तीन बलअघि नेपालले जित हात पारेको थियो। चौथो खेलमा केन्या ७ रनले विजयी भएपछि शृंखला रोमाञ्चक मोडमा पुग्यो। त्यसपछि पाँचौं तथा अन्तिम खेलमा घरेलु टोली केन्यालाई ३१ रनले हराउँदै नेपालले शृंखला ३-२ ले आफ्नो पक्षमा पारेको थियो।

केन्याविरुद्धको एकदिवसीय शृंखला भने नेपालले ३-० ले जितेको थियो। पहिलो एकदिवसीय खेलमा नेपाल ७ विकेटले विजयी भयो। दोस्रो खेलको नतिजा नेपालले १७ रनले आफ्नो पक्षमा पारेको थियो। तेस्रो तथा अन्तिम खेलमा नेपाल ६ विकेटले विजयी भयो र शृंखला क्लिन स्विप गर्न सफल भयो।





## खोखो

सन् २०२३ मार्च २० देखि २३ तारिखसम्म भारतको आसामस्थित गुवाहाटीमा भएको चौथो एसियाली खोखो च्याम्पियनसिपमा नेपालले दुई रजत पदक जितेको छ। प्रतियोगितामा नेपाली पुरुष/महिला दुवै टोलीले रजत जितेको थियो ।

नेपाल खोखो संघका कार्यवाहक अध्यक्ष प्रदीप महर्जनका अनुसार फाइनलमा नेपाल छिमेकी भारतसँग पराजित भएर रजत पदकमा सीमित भयो। समूह 'ए' मा नेपालले इरान र भुटानलाई हराएको थियो भने भारतसँग पराजित भएको थियो। सेमिफाइनलमा नेपालले बंगलादेशलाई हराउँदै भारतसँग उपाधि भिडन्त पक्का गरेको थियो। आठ राष्ट्र सहभागी थिए।

महिलामा पनि ८ राष्ट्र सहभागी थिए। समूह 'बी' मा नेपालले दक्षिण कोरिया, बंगलादेश र इन्डोनेसियालाई हराएर समूह विजेताका रूपमा सेमिफाइनल पुगेको थियो। सेमिफाइनलमा नेपालले श्रीलंकालाई हराएर फाइनलमा स्थान बनायो। फाइनलमा नेपाली महिला टोली पनि भारतसँगै हार्‍यो ।

पुरुष खेलाडी : राजन बल, हेमराज पनेरु, गणेश विक, जनक चन्द, गौरव रोकाया, विष्णु थारू, भरत सारू, रोहितकुमार बर्मा, विकरालसिंह रत्गैया, प्रवेज आलम, वेदबहादुर ओली र कपिलदेव भट्ट।

महिला खेलाडी : सरस्वती कडायत, बिनु तामाङ, निशा शाही, निर्मला गिरी, पूजा ओड, अन्जली थापामगर, दीपा बिक, पुनम थारू, आशा थारू, अनिशा गोले, खुश्बु राना र मनमति धामी।




**कबड्डी :** इरानमा सन् २०२३ मार्च ५ तारिखमा सम्पन्न भएको दोस्रो जुनियर विश्व कबड्डी च्याम्पियनसिपमा कांस्य जित्न सफल नेपाली टिम ।

## किक बक्सिङ

सन् २०२२ को डिसेम्बर १० देखि १८ तारिखसम्म थाइल्यान्डको बैंककमा भएको एसियाली किक बक्सिङ च्याम्पियनसिपमा ५७ केजी तौल समूहका नेपाली खेलाडी दिवांश श्रेष्ठले कांस्य पदक जितेका थिए। उनले कम्बोडिया र चाइनिज ताइपेईका खेलाडीलाई हराउँदै कांस्य जितेका हुन् ।

## गल्फ

नेपालले सेप्टेम्बर २७ देखि २९, २०२३ मा आयोजना गरेको नेपाल पर्यटन कपमा नेपालले दुई स्वर्ण पदक जितेको थियो। नेपाल, बंगलादेश, कतार र मलेसियाले भाग लिएको कपमा सुवास तामाङ र सद्भाव आचार्यको टिमले स्वर्ण पदक जितेको थियो। व्यक्तिगत स्पर्धामा पनि सुवास तामाङले स्वर्ण जितेका थिए ।

थाइल्यान्डमा अक्टोबर १८ देखि २१, २०२२ मा भएको थाइल्यान्ड एमेच्योर गल्फ च्याम्पियनसिपमा नेपालका सुवास तामाङ र सद्भाव आचार्य सहभागी भएका थिए । प्रतियोगितामा भारत, हङकङ, सिंगापुर, नेपाल, बंगलादेश, अस्ट्रेलिया, इन्डोनेसिया, मलेसिया, पाकिस्तान, यूएई, कतार, भियतनाम र म्यानमारको सहभागिता थियो ।

एसियन प्यासिफिक एमेच्योर च्याम्पियनसिप थाइल्यान्डमा २०२२ अक्टोबर २६ देखि २९ सम्म सञ्चालन भयो। प्रतियोगितामा नेपाली गल्फर सुवास तामाङ र सदभाव आचार्यले प्रतिस्पर्धा गरेका थिए ।

## भेट्रान्स टेबलटेनिस

२०७९ साल माघ पहिलो साता ओमानको मस्कटमा आयोजना भएको २०औं विश्व भेट्रान्स टेबलटेनिसमा नेपालले स्वर्ण पदक जितेको थियो। पुरुष ४५ वर्षभन्दा माथिको उमेर समूहमा नेपाली खेलाडी राजेन्द्र दुलाल र रत्न मानन्धरको जोडीले स्वर्ण पदक जितेको थियो । उक्त जोडीले फाइनलमा भारतीय खेलाडी रजनिश खतवकर र अमृत अनिल मोदीको जोडीलाई ३-२ सेटले पराजित गर्दै स्वर्ण पदक जितेको हो ।

## विश्व जुनियर कबड्डी :

२०७९ साल फागुन तेस्रो साता नेपालले इरानमा भएको दोस्रो विश्व जुनियर कबड्डी च्याम्पियनसिपमा कांस्य पदक जितेको थियो । विश्व जुनियर कबड्डी प्रतियोगितामा नेपालले पहिलो पटक पदक जित्दै इतिहास रचेको थियो । नेपालसँगै सेमिफाइनल पुगेको पाकिस्तानले पनि संयुक्त रूपमा कांस्य पदक जितेको थियो । सेमिफाइनलमा नेपाल आयोजक इरानसँग ६०-३७ अंकले पराजित भएपछि कांस्यमा सीमित बनेको हो ।




## नेपाल यू-१५ महिला साफ च्याम्पियन

महिला यू-१५ साफ च्याम्पियनसिप फुटबल प्रतियोगिता सन् २०२२ को नोभेम्बर १ देखि ११ सम्म बंगलादेशमा आयोजना भएको थियो। उक्त महिला साफ च्याम्पियनसिपको उपाधि नेपाली टोलीले जितेको थियो।

नेपाली टोलीले प्रतियोगितामा अपराजित रहँदै उपाधि जितेको हो। प्रतियोगितामा नेपालसहित आयोजक बंगलादेश र भुटानको सहभागिता थियो। यू-१५ महिला साफ च्याम्पियनसिपमा नेपालले जितेको यो पहिलो उपाधि हो। नेपालका लागि यो उपाधि निकै महत्वपूर्ण रहेको थियो। उमेर समूह होस् वा सिनियर साफ च्याम्पियनसिप या दक्षिण एसियाली खेलकुद (साग)मा नेपाली महिला टोलीले त्यसअघि कुनै पनि उपाधि जित्न सकेको थिएन।

नेपाली टोलीले आफ्नो पहिलो खेलमा भुटानलाई ७-० गोलको फराकिलो अन्तरले हराएको थियो। दोस्रो खेलमा नेपालले आयोजक बंगलादेशलाई १-० गोलले पराजित गरेको थियो। तेस्रो खेलमा नेपालले पुनः भुटानलाई १-० गोलले हरायो। अन्तिम खेलमा भने नेपाली टोली आयोजक बंगलादेशसँग १-१ गोलको बराबरीमा रोकिएको थियो। नेपालले कुल १० अंकसहित उपाधिमाथि कब्जा जमाएको हो। आयोजक बंगलादेश ७ अंकसहित दोस्रो भएको थियो।

---

## प्याङ्कोर आइल्यान्ड अन्तर्राष्ट्रिय तेक्वान्दोमा स्वर्ण

२०७९ साल मंसिर अन्तिम साता नेपालका सुष्मा थापा र सोनम गैरेले मलेसियामा आयोजित प्याङ्कोर आइल्यान्ड अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा स्वर्ण पदक जितेका थिए। प्याङ्कोर आइल्यान्डमा सुष्माले महिला ४६ केजीमुनिको तौल समूहमा स्वर्ण पदक जितेकी थिइन्। सोनमले भने पुरुष ५८ केजीमुनिको तौल समूहमा पहिलो स्थान हात पारेका थिए।

प्रतियोगितामा नेपालले ७ स्वर्ण र ४ रजत पदक जितेको थियो। सन्तोष भट्टले पुरुष ८० केजीमाथिको तौल समूहमा स्वर्ण जितेका थिए। नितिश विश्वकर्माले पुरुष ७४ केजीमा पहिलो स्थान हात पारेका थिए। मोहमद उमर खान र सुनिता विष्टले पेयर पुम्से तथा सक्षम चौधरीले एकल पुम्सेमा स्वर्ण जितेका थिए। जाइनाब खातुनले एकल पुम्से, अब्बास खानले ग्योरोगीको ६८ केजी तौल समूह, सुनिता विष्टले एकल पुम्से र मोहमद उमर खानले पनि एकल पुम्सेमा रजत पदक जितेका थिए।

## रत्नजितलाई अमेरिकामा दोहोरो उपाधि

नेपाली ब्याडमिन्टन खेलाडी रत्नजित तामाङले अमेरिकामा भएको सोनिक स्मास ब्याडमिन्टन च्याम्पियनसिप-२०२२ मा दोहोरो उपाधि जितेका थिए। सिनर्जी ब्याडमिन्टन एकेडेमी फ्रेमन्टमा भएको सोनिक स्मास ब्याडमिन्टन च्याम्पियनसिपमा दोस्रो वरीयताका रत्नजितले पुरुष एकल र मिक्स डबल्स स्पर्धामा गरी दोहोरो उपाधि जितेका थिए।

## उसुका तीन नेपाली आईडब्लूयूएफको मनोनयनमा

२०७९ साल माघ तेस्रो साता १३औं दक्षिण एसियाली खेलकुदमा स्वर्ण पदक जितेका दुईसहित तीन नेपाली खेलाडी अन्तर्राष्ट्रिय उसु महासंघ-२०२२ आईडब्लूयूएफ एथलिट अफ द इयरको विभिन्न विधाको मनोनयनमा परेका थिए। १३औं सागका स्वर्ण विजेता दीपक हमाल, जुनी राई र एलिश मारिक अलग-अलग विधाको मनोनयनमा परेका थिए।

# अन्तर्राष्ट्रिय प्रतियोगितामा प्राप्त पदक

राष्ट्रिय खेलकुद परिषद्को अनुमती तथा सहकार्यमा नेपालले २०७९/२०८० मा एक सय भन्दा धेरै अन्तराष्ट्रिय प्रतियोगितामा खेलाडीहरू सहभागी भएका छन् । यस्तो सहभागिताले खेलाडीहरूलाई अनुभव लिन सहयोग हुने गरेको छ भने कतिपय प्रतिष्पर्धामा पदक नै प्राप्त भएका छन् । एक वर्षको अवधिमा विभिन्न प्रकारका अन्तराष्ट्रिय प्रतियोगितामा खेलाडीहरूले ५६ स्वर्ण ३८ रजत तथा ३७ कास्य पदक प्राप्त भएका छन् । पदक प्राप्त प्रतियोगिताहरू :

| क्र.सं. | खेलाडी/टिमको नाम | प्रतियोगिताको नाम | मिति, आयोजनास्थल | प्राप्त पदक | | |
|---|---|---|---|---|---|---|
| | | | | स्वर्ण | रजत | कांस्य |
| १ | सुष्मा तामाङ | एएसबीसी यू-२२ एसियन महिला तथा पुरुष बक्सिङ च्याम्पियनसिप | १६-२७ जनवरी, २०२३, थाइल्यान्ड बैंकक | | रजत | |
| २ | हेमा राई | एएसबीसी यू-२२ एसियन महिला तथा पुरुष बक्सिङ च्याम्पियनसिप | १६ -२७ जनवरी, २०२३, थाइल्यान्ड, बैकक | | | कांस्य |
| ३ | त्रिशा जबेगु | एएसबीसी यू-२२ एसियन महिला तथा पुरुष बक्सिङ च्याम्पियनसिप | १६ -२७ जनवरी, २०२३, थाइल्यान्ड, बैंकक | | | कांस्य |
| ४ | विजय बाटा | एएसबीसी यू-२२ एसियन महिला तथा पुरुष बक्सिङ च्याम्पियनसिप | १६ -२७ जनवरी, २०२३, थाइल्यान्ड, बैकक | | | कांस्य |
| ५ | यू-१९ राष्ट्रिय क्रिकेट टोली | आईसीसी यू-१९ विश्वकप क्रिकेट, एसिया क्वालिफायर | २०२३ फेब्रुअरी २४ देखि मार्च २, युएइ | स्वर्ण | | |
| ६ | नेपाली राष्ट्रिय क्रिकेट टोली | विश्वकप क्रिकेट प्रतियोगिता २०२३ को छनोट आईसीसी विश्वकप लिग २ | फेब्रुअरी १४ देखि २१, २०२३ नेपाल काठमाडौं | स्वर्ण (शीर्ष स्थानमा) | | |
| ७ | नेपाली राष्ट्रिय क्रिकेट टोली | एसीसी प्रिमियर कप | २०८० साल वैशाख ५ देखि १८ सम्म, काठमाडौं, नेपाल | स्वर्ण | | |
| ८ | नेपाली टिम | एएससी काभा महिला च्यालेन्ज कप | २०८० जेठ ८ देखि १४, काठमाडौं, नेपाल | | | कांस्य |
| ९ | नेपाली फुटबल टिम | साफ वुमेन्स फुटबल च्याम्पियनसिप | २०२३ मे ६ देखि १९, काठमाडौं, नेपाल | | रजत | |
| १० | नेपाली पुरुष फुटबल टिम | प्रधानमन्त्री कप थ्री नेसन्स फुटबल प्रतियोगिता | २०२३ मार्च २२ देखि ३१, काठमाडौं | स्वर्ण | | |
| ११ | नेपाली महिला फुटबल टिम | ओलम्पिक महिला क्वालिफायर फुटबल | अप्रिल ५ देखि ८, २०२३ | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | वसन्त थारू | एसिया कप ट्रायथलन कप तथा साउथ एसियन कप | चैत्र १८ र १९, २०७९, पोखरा | | | कांस्य |
| १३ | श्रेवी महर्जन | एसिया कप ट्रायथलन कप तथा साउथ एसियन कप | चैत्र १८ र १९, २०७९, पोखरा | | रजत | |
| १४ | नेपाली महिला बास्केटबल टिम | साबा महिला बास्केटबल च्याम्पियनसिप | २०२३ मे २४ देखि ३०, माले, माल्दिभ्स | | रजत | |
| १५ | उमेश राई | ५४औ एसियन शारीरिक सुगठन तथा फिजिक स्पोर्ट्स च्याम्पियनसिप | २०२३ जुलाई १५ देखि २१, माले, माल्दिभ्स | | रजत | |
| १६ | राजु राई | ५४औ शारीरिक सुगठन तथा फिजिक स्पोर्ट्स च्याम्पियनसिप | २०२३ जुलाई १५ देखि २१, माले, माल्दिभ्स | | | कांस्य |
| १७ | सन्जिव तामाङ (१८ वर्षमाथि चाइनिज फोम्स) | डब्लूएमएसी वर्ल्ड मार्सल आर्ट गेम्स | २०२३ सेप्टेम्बर २३ देखि २५, स्लोभेनिया | स्वर्ण | | |
| १८ | सन्जिव तामाङ (लाइट कन्ट्याक्ट) | डब्लूएमएसी वर्ल्ड मार्सल आर्ट गेम्स | २०२३ सेप्टेम्बर २३ देखि २, स्लोभेनिया | | | कांस्य |
| १९ | सन्जितकुमार राई (भेट्रान्स ३५ वर्षमाथि) | डब्लूएमएसी वर्ल्ड मार्सल आर्ट गेम्स | २०२३ सेप्टेम्बर २३ देखि २, स्लोभेनिया | स्वर्ण | | |
| २० | सन्जितकुमार राई (ट्रेडिसनल फोम्स) | डब्लुएमएसी वर्ल्ड मार्सल आर्ट गेम्स | सेप्टेम्बर २३ देखि २५, २०२३ स्लोभेनिया | | | कांस्य |
| २१ | गुणराज रूचाल, (५७ केजी) | १७औं विश्व मुवाँथाई | नोभेम्बर १६ देखि २३, २०२२ थाइल्यान्ड | | | कांस्य |
| २२ | डेनिका राई (४८ केजी) | १७औं विश्व मुवाथाई | नोभेम्बर १६ देखि २३, थाइल्यान्ड २०२२ | | | कांस्य |
| २३ | प्रज्वलमान शाक्य | तेह्रौ विश्व शारीरिक सुगठन तथा फिजिक स्पोर्ट्स च्याम्पियनसिप | मंसिर २० देखि २०७९, मंसिर २०-२६, बैंकक, थाइल्यान्ड | | | कांस्य |
| २४ | श्वेता कपाली, मोडेल (फिजिक १६० सेमि) | तेह्रौ विश्व शारिरीक सुगठन तथा फिजिक स्पोर्ट्स च्याम्पियनसिप | २०७९, मंसिर २०-२६, थाइल्यान्ड | | रजत | |
| २५ | सिर्जना घिसिङ | विश्व पारा तेक्वान्दो ग्राँ प्रि | २०२२, डिसेम्बर ८-१०, साउदी अरेबिया | स्वर्ण | | |
| २६ | दिवान्स श्रेष्ठ (५७ केजी) | एसियाली किक बक्सिङ च्याम्पियनसिप | डिसेम्वर १० देखि १८,२०२३ | | | कांस्य |
| २७ | मानबहादुर श्रेष्ठ | एभीसी सेन्ट्रल जोन बिच भलिबल च्याम्पियनसिप | २०२२, डिसेम्बर २८ देखि ३०, ढाका, बंगलादेश | | रजत | |
| २८ | दिल सुनार | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २९ | कोपिला उप्रेती | एभीसी सेन्ट्रल जोन बिच भलिबल च्याम्पियनसिप | २०२२, डिसेम्बर २८ देखि ३०, ढाका, बंगलादेश | | रजत | |
| ३० | कमला पुन | | | | | |
| ३१ | ललित धिमाल | १३ औं दक्षिण एसियाली शारीरिक सुगठन प्रतियोगिता | २०८० असार २० देखि २४, माले, माल्दिभ्स | स्वर्ण | | |
| ३२ | पुनम श्रेष्ठ | बिस्केक एसियन ओपन जुडो २०२३ | २०२३ जुन १०-११, किर्गिज रिपब्लिक | | | कांस्य |
| ३३ | दिवान्स श्रेष्ठ | एसियन किक बक्सिङ च्याम्पियनसिप | २०२२ डिसेम्बर १०-१८, थाइल्यान्ड | | | कांस्य |
| ३४ | पुष्पा भण्डारी | बंगबन्धु शेख मुजिब ढाका म्याराथन २०२३ | २०२३ जनवरी २०, ढाका, बंगलादेश | स्वर्ण | | |
| ३५ | विन्द्राधन्के श्रेष्ठ | बंगबन्धु शेख मुजिब ढाका म्याराथन २०२३ | २०२३ जनवरी २०, ढाका, बंगलादेश | | | कांस्य |
| ३६ | गोपीचन्द्र पार्की | बंगबन्धु शेख मुजिब ढाका म्याराथन २०२३ | २०२३ जनवरी २०, ढाका, बंगलादेश | | | कांस्य |
| ३७ | राष्ट्रिय पुरुष फुटबल टिम | अन्तर्राष्ट्रिय मैत्रीपूर्ण फुटबल खेल (नेपाल-बंगलादेश) | २०२२ सेप्टेम्बर- | स्वर्ण | | |
| ३८ | राष्ट्रिय युथ फुटबल टिम | साफ यू-१७ फुटबल च्याम्पियनशिप | श्रीलंका, २०२२ सेप्टेम्बर ६-१९, बंगलादेश | | रजत | |
| ३९ | राष्ट्रिय पुरुष फुटबल टिम | अन्तर्राष्ट्रिय मैत्रीपूर्ण फुटबल खेल (नेपाल-पाकिस्तान) | २०२२ नोभेम्वर- | स्वर्ण | | |
| ४० | राष्ट्रिय महिला फुटबल टिम | छैटौं साफ महिला फुटबल च्याम्पियनसिप | २०२२ सेप्टेम्बर, काठमाडौं | | रजत | |
| ४१ | महिला युवा फुटबल टिम | साफ यू-१५ महिला फुटबल च्याम्पियनसिप | २०२२ नोभेम्बर, बंगलादेश | स्वर्ण | | |
| ४२ | युवा महिला फुटबल टिम | साफ यू-२० महिला च्याम्पियनसिप | २०२३ फेब्रुअरी, बंगलादेश | | रजत | |
| ४३ | सफल महर्जन | ३१ औं खुला अन्तर्राष्ट्रिय सोतो कप कराते प्रतियोगिता | २०७९ पुस २३ देखि २४, भारत | स्वर्ण | | |
| ४४ | अभिषेक थिङ तामाङ | ३१ औं खुला अन्तर्राष्ट्रिय सोतो कप कराते प्रतियोगिता | २०७९ पुस २३ देखि २४, भारत | स्वर्ण | | |
| ४५ | प्रदीप राई | ३१ औं खुला अन्तर्राष्ट्रिय सोतो कप कराते प्रतियोगिता | २०७९ पुस २३ देखि २४, भारत | स्वर्ण | | |
| ४६ | विप्लव खड्का | ३१ औं खुला अन्तर्राष्ट्रिय सोतो कप कराते प्रतियोगिता | २०७९ पुस २३ देखि २४, भारत | स्वर्ण | | |
| ४७ | प्रशान्त घले | ३१ औं खुला अन्तर्राष्ट्रिय सोतो कप कराते प्रतियोगिता | २०७९ पुस २३ देखि २४, भारत | स्वर्ण | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४८ | अभिषेक तामाङ | ३१ औं खुला अन्तर्राष्ट्रिय सोतो कप कराते प्रतियोगिता | २०७९ पुस २३ देखि २४, भारत | स्वर्ण | | |
| ४९ | अतित विक | ३१ औं खुला अन्तर्राष्ट्रिय सोतो कप कराते प्रतियोगिता | २०७९ पुस २३ देखि २४, भारत | स्वर्ण | | |
| ५० | आयुश लामा | ३१ औं खुला अन्तर्राष्ट्रिय सोतो कप कराते प्रतियोगिता | २०७९ पुस २३ देखि २४, भारत | स्वर्ण | | |
| ५१ | रन्जित तामाङ | ३१ औं खुला अन्तर्राष्ट्रिय सोतो कप कराते प्रतियोगिता | २०७९ पुस २३ देखि २४, भारत | स्वर्ण | | |
| ५२ | सुरज सुवेदी | ३१ औं खुला अन्तर्राष्ट्रिय सोतो कप कराते प्रतियोगिता | २०७९ पुस २३ देखि २४, भारत | स्वर्ण | | |
| ५३ | अनिश पौडेल | ३१ औं खुला अन्तर्राष्ट्रिय सोतो कप कराते प्रतियोगिता | २०७९ पुस २३ देखि २४, भारत | स्वर्ण | | |
| ५४ | निश्चल गोले | ३१ औं खुला अन्तर्राष्ट्रिय सोतो कप कराते प्रतियोगिता | २०७९ पुस २३ देखि २४, भारत | स्वर्ण | | |
| ३३ | ठूलोपोखरी खेलमैदान स्तरोन्नति, सर्लाही | विनियोजित बजेटबमोजिम पूर्वाधार कार्य सम्पन्न । |
| ३४ | तीनपिप्ले टेबुलटेनिस हल निर्माण, लमजुङ | विनियोजित बजेटबमोजिम पूर्वाधार कार्य सम्पन्न । |
| ३५ | गोदावरी नपा १२ मा खेलमैदान निर्माण, ललितपुर | विनियोजित बजेटबमोजित रिटेनिङ वाल निर्माण कार्य सम्पन्न । |
| ३६ | थवाङ रंगशाला निर्माण, रोल्पा | विनियोजित बजेटबमोजिम पूर्वाधार कार्य सम्पन्न । |
| ३७ | ओम्नी ध्यमु खेलमैदान निर्माण, सिन्धुपाल्चोक | विनियोजित बजेटबमोजिम पूर्वाधार कार्य सम्पन्न । |
| ३८ | खेलमैदान निर्माण मदाने-४, गुल्मी | विनियोजित बजेटबमोजिम पूर्वाधार कार्य सम्पन्न । |

| | | |
|---|---|---|
| ३९ | दमकडामा खेल पूर्वाधार निर्माण, पाल्पा | विनियोजित बजेटबमोजिम पूर्वाधार कार्य सम्पन्न। |
| ४० | भीमसेनस्थान खेलमैदान निर्माण, सल्यान | विनियोजित बजेटबमोजिम पूर्वाधार कार्य सम्पन्न। |
| ४१ | मानेटार खेलमैदान म्यागाङ-४ किन्ताङ, नुवाकोट | खेलमैदानका लागि रिटेनिङ वाल तथा तारजाली, घेराबार सम्पन्न। |
| ४२ | पोखरीडाँडा खेलमैदान, ललितपुर | विनियोजित बजेटबमोजिम पूर्वाधार कार्य सम्पन्न। |
| ४३ | सोलुखुम्बु, मनाङ, जुम्ला, मुस्ताङ, गोरखा, सिन्धुपाल्चोक, दोलखा, रुकुमपूर्वमा हाइअल्टिच्युड ट्रेनिङ सेन्टर निर्माण | मनाङको तिमाङमा डीपीआरअनुसार खेलमैदान सम्याउने, मेटलको घेराबार लगाउने र रिटेनिङ वाल लगाउने कार्य, जुम्लामा फिल्ड सम्याउने कार्य भएको आयोजनाको १.५% सम्पन्न। |
| ४४ | फुटबल मैदान, सानीभेरी गापा, रुकुमपश्चिम | विनियोजित बजेटबमोजिम पूर्वाधार कार्य सम्पन्न। |
| ४५ | आठबिसकोट खेल मैदान निर्माण, रूकुम पश्चिम | विनियोजित बजेट बमोजिम पूर्वाधार कार्य सम्पन्न। |
| ४६ | खारानेटा खेलमैदान निर्माण, रुकुम पश्चिम | विनियोजित बजेटबमोजिम पूर्वाधार कार्य सम्पन्न। |
| ४७ | भल्टार खेलमैदान निर्माण, गजुरी-६, धादिङ | खेलमैदानका लागि रिटेनिङ वाल निर्माण कार्य सम्पन्न। |
| ४८ | चुनिखेल क्रिकेट मैदान, बूढानीलकण्ठ, काठमाडौं | विनियोजित बजेटबमोजिम पूर्वाधार कार्य सम्पन्न। |
| ४९ | बोरिङ तथा पानी ट्यांकी निर्माण, पोखरा रंगशाला, कास्की | पानी ट्यांकी निर्माणको डीपीसीसम्मको कार्यको सम्पन्न, बिम ढलान, आयोजनाको ४०% कार्य सम्पन्न। |
| ५० | राष्ट्रिय स्मृति कभर्डहल, सुनापानी ३, रामेछाप | विनियोजित बजेटबमोजिम पूर्वाधार कार्य सम्पन्न। |
| ५१ | कीर्तिपुर क्रिकेट मैदानमा फ्लड लाइट जडान | कीर्तिपुर त्रिवि रंगशालामा फ्लड लाइट जडानका लागि बोलपत्र आह्वान भएकामा ५ वटा बोलपत्रदाता प्राविधिक मूल्याकङ्न क्रममा उत्तीर्ण हुन नसकेकाले ठेक्का रद्द भएको। |
| ५२ | तेक्वान्दो खेलाडी छात्रावास निर्माण, सातदोबाटो, ललितपुर | डीपीआर तयार भएको। |
| ५३ | चोरमारा कभर्डहल पूर्वाधार निर्माण, मध्यविन्दु नपा ७, पूर्वी नवलपरासी | विनियोजित बजेटबमोजिम पूर्वाधार कार्य सम्पन्न। |
| ५४ | रमादेवी स्मृति रंगशाला निर्माण, पूर्वी नवलपरासी | विनियोजित बजेटबमोजिम पूर्वाधार कार्य सम्पन्न। |
| ५५ | मिलनचोक रंगशाला, पाल्पा | विनियोजित बजेटबमोजिम पूर्वाधार कार्य सम्पन्न। |
| ५६ | छिनेवास खेल मैदान निर्माण, बिरुवा ६, स्याङ्जा | विनियोजित बजेटबमोजिम पूर्वाधार कार्य सम्पन्न। |
| ५७ | विशालनगर रंगशाला, गुटु, सुर्खेत | विनियोजित बजेटबमोजिम पूर्वाधार कार्य सम्पन्न। |
| ५८ | ऐरेली रंगशाला, शिवालय, जाजरकोट | विनियोजित बजेटबमोजिम पूर्वाधार कार्य सम्पन्न। |
| ५९ | दशरथ रंगशाला तथा परिषद्को कार्यालय परिसर मर्मत तथा अन्य मर्मत कार्य | विनियोजित बजेटबमोजिम दशरथ रंगशाला तथा सातदोबाटो परिसरमा आवश्यकअनुसार मर्मत तथा अन्य मर्मत कार्य, पानी ट्रिटमेन्टप्लान्ट जडान, कम्पाउन्ड वाल तथा पार्किङ निर्माण कार्य सम्पन्न। |

# खेलकुद पूर्वाधार नीति संवाद




राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले एउटा नयाँ प्रयास थालनी गरेको छ। परिषद्को यो प्रयासले लामो समयदेखि परम्परागत रूपमा अगाडि बढ्दै आएको घरेलु खेलकुदमा नयाँ तरंग ल्याउने विश्वास गरिएको छ। 'खेलकुद पूर्वाधार नीति संवाद' को अवधारणाले निकट भविष्यमा खेलकुद क्षेत्रमा केही नयाँपन ल्याउने विश्वास गर्न सकिन्छ।

देशको भौगोलिक अवस्थाअनुसार कस्तो खेल पूर्वाधार निर्माण गर्न उपयुक्त हुने लगायतका विषयमा सुझाव संकलन गर्न ०७९ साल चैत १८ र १९ गते 'खेलकुद पूर्वाधार नीति संवाद' आयोजना गरिएको थियो। मापदण्डसहितका पूर्वाधार निर्माणको नीति तय गराउने, खेल पूर्वाधारको स्तर निर्धारणको मापदण्ड तयार गर्ने, खेलकुद पूर्वाधारको वर्तमान अवस्थाबारे जानकारी गराउने, पूर्वाधारका लागि लगानीको अवस्था विषयमा जानकारी दिने उद्देश्यले आयोजित यो अभियान सफल भएको छ।

संघ, प्रदेश र स्थानीय तहमा कस्ता पूर्वाधार हुनुपर्छ भन्ने विषयमा आवश्यक मापदण्ड बनाउने, संघ, प्रदेश र स्थानीय तहमा हुनुपर्ने पूर्वाधारको विषयमा जानकारी लिन, खेलकुद पूर्वाधारमा राज्यको अवधारणा र प्रतिबद्धताका लागि पूर्वाधार निर्माणमा लगानी वृद्धि गराउन, निजी क्षेत्रलाई पनि खेलकुद पूर्वाधारमा उत्प्रेरित गर्ने, भौगोलिक अवस्थितिका आधारमा पूर्वाधार निर्माणको नीति तयार गर्ने लगायतका विषयमा 'खेलकुद पूर्वाधार नीति संवाद' धेरै हदसम्म सफल भएको छ।

संवाद कार्यक्रमको परिषद् संरक्षक प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उद्घाटन गर्नुभएको थियो। प्रधानमन्त्री दाहालले वर्तमान सरकारले खेल क्षेत्रलाई उच्च प्राथमिकता दिएको बताउनुभएको थियो। उहाँले खेल क्षेत्रमा नेपाललाई विश्वकै हव बनाउन सकिने भएकाले सरकारले यस क्षेत्रप्रति उच्च प्राथमिकता दिएको स्पष्ट पार्नुभयो।

'खेलकुद पूर्वाधार नीति संवाद' कार्यक्रममा प्रधानमन्त्रीले खेल क्षेत्र राष्ट्रिय एकतालाई सुदृढ गर्ने प्रभावकारी माध्यम भएको पनि बताउनुभयो। प्रधानमन्त्री दाहालले खेल क्षेत्रमा केही गरौं भन्ने भावना रहेको बताउँदै कार्यक्रमबाट आएका निष्कर्ष हेरेर नीति, कार्यक्रम र बजेटमा व्यवस्था गर्ने प्रतिबद्धता पनि जनाउनुभएको थियो।

कोशी प्रदेशका सामाजिक विकासमन्त्री बुद्धिकुमार राजभण्डारीले खेलकुद पूर्वाधार बनाउने विषयमा स्पष्ट हुन जरुरी रहेको बताउँदै कर्मचारी हस्तान्तरणको विषयमा पनि गम्भीर हुनुपर्ने आवश्यकता औंल्याउनुभयो।

वागमती प्रदेशकी सामाजिक विकासमन्त्री कुमारी मोक्तानले खेलकुदमा देखिएको नीतिगत र प्रशासनिक समस्याको समाधान हुन आवश्यक रहेको बताउँदै वागमती प्रदेशले पूर्वाधारको समस्यालाई ध्यानमा राखी आगामी आर्थिक वर्षको बजेटमा पूर्वाधारतर्फ प्राथमिकता दिने बताउनुभयो।

महानगरपालिका फोरमका अध्यक्षसमेत रहनुभएका पोखरा महानगरपालिका मेयर धनराज आचार्यले राष्ट्रिय एकताका

लागि, व्यक्तिगत स्वास्थ्यसँगै सामाजिक स्वास्थ्यका लागि पनि खेलकुदलाई राज्यले प्राथमिकता दिनुपर्ने बताउनुभयो ।

राखेपका उपाध्यक्ष शिव कोइरालाको सभापतित्वमा भएको उद्घाटन कार्यक्रममा प्रदेशका सामाजिक विकासमन्त्री र सचिव, प्रदेश खेलकुद परिषद्का सदस्यसचिव, प्याब्सन र एन-प्याब्सनका अध्यक्ष, अर्थ मन्त्रालय, शिक्षा मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालयका प्रतिनिधि, जिल्ला समन्वय समिति महासंघका प्रतिनिधि, महानगरपालिका फोरम र गाउँपालिका महासंघका प्रतिनिधि, राखेपका सदस्य, खेलकुद पत्रकारलगायतको उपस्थिति थियो ।

राखेपका सदस्यसचिव टंकलाल घिसिङले उपयुक्त खेल पूर्वाधार भएको अवस्थामा थुप्रै ठूला अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्न सकिने बताउँदै खेलकुद पूर्वाधार निर्माणमा सबैको सहभागिता कसरी हुन सक्छ भन्ने विषयमा छलफल गर्न कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो ।

'खेलकुद पूर्वाधार र खेलकुद विकासको दायित्व सिंगो देशको हो, राज्यको हो । त्यो नागरिकको पनि दायित्व हो । खेलकुदको आधारस्तम्भको रूपमा रहेको विद्यालयको पनि हो । विश्वविद्यालयहरूको पनि हो,' सदस्यसचिव घिसिङले भन्नुभयो, 'हजारौं संख्यामा रोजगारी दिन सक्ने औद्योगिक क्षेत्रले पनि किन खेलस्थल नबनाउने ? यो निजी क्षेत्रको पनि दायित्व हो । तीनै तहका सरकारको समान दायित्व हो ।'

## सहभागी

कोशी प्रदेश सामाजिक विकास मन्त्रालयका सचिव वासुदेव दाहाल, मधेश प्रदेश सामाजिक विकास मन्त्रालयका सचिव रजित यादव, राष्ट्रिय खेलकुद परिषद्का पूर्वसदस्यचिव युवराज लामा, जिल्ला समन्वय महासंघका महानिर्देशक कृष्णचन्द्र न्यौपाने, कोशी प्रदेश खेलकुद विकास बोर्डका सदस्यसचिव हंशराज वाग्ले, वागमती खेलकुद विकास परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारी, कर्णाली प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव विश्वामित्र सञ्जेल, सुदूरपश्चिम प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव दीपकबहादुर सिंह, लुम्बिनी प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव जयप्रकाश भट्टराईलगायतले पूर्वाधारलाई प्रदेशको अधिकार क्षेत्रमा पुऱ्याउन सकेमात्र खेलकुदको विकास हुने धारणा प्रस्तुत गर्नुभएको थियो ।

नेपाल खेलकुद पत्रकार मञ्चका अध्यक्ष दुर्गानाथ सुवेदी, प्याब्सनका अध्यक्ष डीके ढुंगाना, नेकपा माओवादीका खेलकुद विकास विभाग प्रमुख गणेशमान पुन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघका अध्यक्ष दीपक श्रेष्ठलगायतले पनि खेलकुद पूर्वाधार वर्तमान खेलकुदको प्रमुख आवश्यकता भएको चर्चा गर्नुभएको थियो ।

## उद्देश्य र निष्कर्ष

मापदण्डसहितका खेलकुद पूर्वाधार निर्माणको नीति निर्माण गराउनु, पूर्वाधारको स्तर निर्धारणको मापदण्ड तयार गर्नु, पूर्वाधारको वर्तमान अवस्था प्रस्ट्याउनु, पूर्वाधारका लागि लगानीको अवस्थाको विषयमा जानकारी दिनु, संघ, प्रदेश र स्थानीय तहमा पूर्वाधारको मापदण्डका लागि सुझाव संकलन गर्नु तथा तीनै तहमा आवश्यक पर्ने पूर्वाधारको विषयमा जानकारी लिनु कार्यक्रमको मुख्य उद्देश्य हो ।

खेलकुदको पूर्वाधार निर्माणमा लगानीका विषयमा छलफल गर्नु, राज्यको अवधारणा र प्रतिवद्धता सुनिश्चित गर्दै पूर्वाधार निर्माणमा लागानी वृद्धि गराउनु, निजी क्षेत्रलाई खेलकुद पूर्वाधारमा उत्प्रेरित गर्नु तथा भौगोलिक अवस्थितिका आधारमा पूर्वाधार निर्माणको नीति तयार पार्नु पनि यो कार्यक्रमको उद्देश्य थियो ।

यी उद्देश्यहरू प्राप्तिका लागि राष्ट्रिय खेलकुद परिषदले पेस गरेको कार्यपत्र तथा भारतीय शोधकर्ता सोनाम रामिचरी र अमेरिकाका केभिन योङ्ले प्रस्तुत गरेको अवधारणामाथि भएको छलफलबाट आएको निष्कर्ष तपसिलअनुसार रहेको छ ः

### (१) पूर्वाधार सम्बन्धमा

खेलाडी उत्पादन र प्रतियोगिताहरूका लागि संघ, प्रदेश र स्थानीय तहमा हुनुपर्ने पूर्वाधारहरूको वर्गीकरण निम्नानुसार हुनुपर्ने ः

- अन्तर्राष्ट्रिय स्तरको पूर्वाधारका लागि अन्तर्राष्ट्रिय खेल महासंघको मापदण्डअनुसार रंगशाला, कभर्डहल र कोर्ट निर्माण गर्दा पार्किङ, शौचालय, प्रशासनिक ब्लक, चिकित्सक कक्ष, वार्मअप स्थल, खुला मैदान, सर्कुलेसन रोड, फरक क्षमतामैत्री निर्माण मापदण्ड पुगेको संरचना, प्रशासनिक कक्ष तथा क्याफेटेरिया र अन्तर्राष्ट्रिय मापदण्डअनुसारको पार्किङ क्षेत्र हुनुपर्ने ।
- राष्ट्रिय स्तरको पूर्वाधारका लागि रंगशाला, कभर्डहल र कोर्ट निर्माण गर्दा पार्किङ, शौचालय, प्रशासनिक ब्लक, चिकित्सक कक्ष, वार्मअप स्थल तथा खुला मैदान



आदिको व्यवस्था हुनुपर्ने ।

- स्थानीय स्तरको पूर्वाधारका लागि बहुउपयोगी कभर्डहल, खेल मैदान र खुला व्यायमशालाहरू निर्माण गर्दा फरक क्षमतामैत्री मापदण्डबाट निर्माण हुनुपर्ने ।
- संस्थागत स्तरमा एक विद्यालय, एक बहुउपयोगी खेल मैदान, बहुउपयोगी हल तथा एक उद्योग, एक खेल मैदान र हल हुनुपर्ने ।
- खेलमैदान, कोर्ट, बहुउद्देश्यीय कभर्डहल, पिच, चेन्जिङ रूम, रिकभरी वार्ड, फिटनेस सेन्टर, चिकित्सा कक्ष, प्रशासनिक कक्ष, क्याफेटेरिया र खेलाडी छात्रावासको निर्माण मापदण्डअनुसार हुनुपर्ने ।

## (२) लगानी सम्बन्धमा

- अन्तर्राष्ट्रिय स्तरका खेलकुद पूर्वाधार संघ, राष्ट्रिय स्तरको पूर्वाधार प्रदेश र स्थानीय स्तरका पूर्वाधार स्थानीय तहबाट निर्माण हुनुपर्ने ।
- निजी विद्यालयहरू आफैंले खेलकुदको पूर्वाधार निर्माण गर्नुपर्ने । सामुदायिक विद्यालयहरूमा भने स्थानीय सरकारबाट खेलकुदको पूर्वाधार निर्माण हुनुपर्ने ।
- उद्योग प्रतिष्ठान वा औद्योगिक क्षेत्रमा सम्बन्धित प्रतिष्ठानहरूबाट खेलकुदको पूर्वाधार निर्माणमा लगानी गरिनुपर्ने ।
- राज्यले खेलपूर्वाधार निर्माणमा ठोस योजनासहित पर्याप्त बजेट विनियोजन गर्नुपर्ने ।
- राष्ट्को गौरवका रूपमा अन्तर्राष्ट्रिय स्तरका पूर्वाधार निर्माणका लागि राज्यबाट लगानी हुनुपर्ने ।

## (३) विद्यालय र खेलकुद सम्बन्धमा

- खेलाडी उत्पादनको मुख्य आधार विद्यालयहरू हुन् ।
- प्रत्येक विद्यालयमा खेलमैदान र इन्डोर हलको नीति लागू हुनुपर्ने ।
- सञ्चालन भइरहेका विद्यालयहरूमा दुई वर्षभित्र उल्लेखित खेलस्थलको व्यवस्था भइसक्नुपर्ने ।
- नयाँ विद्यालयलाई स्वीकृति दिँदा नै खेलपूर्वाधारको सर्त अनिवार्य गरिनुपर्ने ।
- विश्वविद्यालय तथा आंगिक क्याम्पसहरूमा पनि खेलपूर्वाधारको मापदण्ड लागू हुनुपर्ने ।

## (४) निजी क्षेत्रको सहभागिता सम्बन्धमा

- पूर्वाधार निर्माणका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्ने ।
- निजी क्षेत्रसँगको सहकार्यलाई थप मजबुत बनाउनुपर्ने ।
- उद्योग प्रतिष्ठानमा मजदुरको स्वास्थ्यलाई ध्यानमा राखी कभर्डहल तथा खेलस्थल निर्माण अनिवार्य सर्त बनाइनुपर्ने ।

## (५) प्रशिक्षण केन्द्रको अवधारणा सम्बन्धमा

- राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलाडीलाई नियमित प्रशिक्षण गराउन संघ र प्रदेशहरूमा प्रशिक्षण केन्द्रहरू अनिवार्य रूपमा स्थापना गरिनुपर्ने ।
- भौगोलिक रूपमा खेलको लोकप्रियताका आधारमा खेलगत पूर्वाधार निर्माण हुनुपर्ने ।
- खेल प्रतिभाको खोजी गर्दै खेलाडीको क्षमता अभिवृद्धिका लागि प्रशिक्षण केन्द्रहरू स्थापना गरिनुपर्ने ।

## (६) सहकार्य सम्बन्धमा

- राष्ट्रिय खेलकुद परिषद्का ७७ वटै जिल्ला तथा स्थानीय तहमा रहेका खेल संरचनाहरू आवश्यकताका आधारमा स्थानीय तह, जिल्ला र प्रदेशहरूले उपयोग गर्ने ।
- परिषद्अन्तर्गतका खेलपूर्वाधार र संरचनाको उपयोग, संरक्षण तथा स्तरोन्नतिका लागि स्थानीय तह र प्रदेशहरूसँग सहकार्य गरिनुपर्ने ।
- आवश्यकताका आधारमा खेल पूर्वाधारको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने ।

---

# युवा तथा खेलकुदमन्त्रीलाई स्वागत

आम निर्वाचन २०७९ मंसिरपछि नयाँ सरकार गठन भए पनि युवा तथा खेलकुद मन्त्रालय लामो समयसम्म नेतृत्वविहीन बन्न पुग्यो । सरकारमा सहभागी राजनीतिक दलहरूबीचको सहमतिमा २०७९ साल चैतमा मात्र युवा तथा खेलकुद मन्त्रीका रूपमा डिगबहादुर लिम्बूले शपथ लिनुभएको थियो । परिषद्का अध्यक्षसमेत रहनुभएका मन्त्री लिम्बूलाई राष्ट्रिय खेलकुद परिषद्ले आफ्नो प्राङ्गणमा भव्य स्वागत तथा बधाई ज्ञापन कार्यक्रम आयोजना गरेको थियो ।






# राखेप कर्मचारी संघमा नयाँ नेतृत्व

राष्ट्रिय खेलकुद परिषदमा कार्यरत कर्मचारीको ट्रेड युनियन अधिकार सुरक्षाका लागि राष्ट्रिय खेलकुद परिषद कर्मचारी संघ स्थापना भई क्रियाशील छ । परिषद्मा कर्मचारीको एकमात्र आधिकारिक संघ रहेको र उक्त संघको छैटौं केन्द्रीय अधिवेशन २०७९ फागुन ४ र ५ गते नेपालगन्जमा सम्पन्न भएको थियो ।

राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले उद्घाटन गर्नुभएको अधिवेशन अध्यक्ष रन्जन थापाको अध्यक्षतामा भएको हो । महासचिव फणिन्द्र पौड्यालले प्रगति विवरण र कोषाध्यक्ष फणिन्द्र पछाईंले आर्थिक प्रतिवेदन पेस गर्नुभएको थियो । दुई दिन चलेको अधिवेशनले सरस्वती केसीको नेतृत्वमा तीन वर्षका लागि ३५ सदस्यीय कार्यसमिति चयन गरेको छ । राष्ट्रिय खेलकुद परिषद् अन्तर्गत २०४८ मा कर्मचारी संघ गठन भएपछि संघले पहिलोपटक महिला नेतृत्व पाएको छ ।

# राष्ट्रिय खेल संघहरूको निर्वाचन

खेलकुद विकास ऐन २०७७ र नियमावली २०७९ को व्यवस्थाअनुसार विभिन्न खेल संघहरू नयाँ व्यवस्थाअनुसार क्रियाशील बनाउनु परिषद्को दायित्व हो। त्यसैले परिषद्का सदस्यसचिव टंकलाल घिसिङले राष्ट्रिय संघहरूलाई नयाँ ऐन नियमावलीअनुरुप सञ्चालन गराउन निकै सक्रियता देखाउनुभयो। संघहरूलाई नयाँ व्यवस्थाअनुसार विधान परिमार्जन गरी परिषद्बाट स्वीकृत गराउन र सोहीअनुसार जिल्ला, प्रदेश हुँदै केन्द्रीय अधिवेशनका लागि पत्राचार गरिएको थियो। आर्थिक वर्ष २०७९/०८० सम्ममा अधिवेशन भएका संघहरूको विवरण प्रस्तुत गरिएको छ :



| क्र. स. | संघको नाम | स्थापना वर्ष | निर्वाचित मिति | अध्यक्ष / महासचिव |
|---|---|---|---|---|
| १ | अखिल नेपाल फुटबल संघ | २००८ | २०७९।३।६ | पंकजविक्रम नेम्वाङ/किरण राई |
| २ | नेपाल भलिबल संघ | २०३३ | २०७९।५।२२ | जितेन्द्रबहादुर चन्द/रोशन श्रेष्ठ |
| ३ | अखिल नेपाल कबड्डी संघ | २०३४ | २०८०।३।२६ | तुलसी थापा/अरविन्द कुमार झा |
| ४ | नेपाल सुटिङ संघ | २०३७ | २०८०।३।१७ | पुष्पदास श्रेष्ठ/प्रदीप खाती |
| ५ | नेपाल गल्फ संघ | २०४० | २०८०।२।१८ | टासी घले/चूडाबहादुर भण्डारी |
| ६ | नेपाल आर्चरी संघ | २०४४ | २०८०।२।६ | दीपकराज गुरुङ/रमेश सिवाकोटी |
| ७ | नेपाल स्क्वास र्‍याकेट्स संघ | २०४४ | २०८०।३।१६ | ध्रुवबहादुर गुरुङ/लोकेन्द्रमान सिंह भण्डारी |
| ८ | नेपाल कराते महासंघ | २०४६ | २०७९।१०।१२ | युवराज लामा/दावा गुरुङ |
| ९ | नेपाल उसु महासंघ | २०४६ | २०७९।१२।४ | जनक बर्तौला/नवराज ढुंगाना |
| १० | नेपाल शारीरिक सुगठन तथा फिटनेस महासंघ | २०४८ | २०८०।२।२८ | राजेशबाबु श्रेष्ठ/अजय वज्राचार्य |
| ११ | नेपाल बुद्धिचाल महासंघ | २०४८ | २०७९।१२।४ | विदुरप्रसाद गौतम/धरमबहादुर लामा |
| १२ | नेपाल रग्बी संघ | २०५२ | २०७९।९।२९ | दीपक देवकोटा/गोविन्द घिमिरे |
| १३ | नेपाल बेसबल एन्ड सफ्ट बल संघ | २०६६ | २०८०।३।२ | दीपक न्यौपाने/प्रदीप शाह |
| १४ | मोर्डन पेन्टाथलन फेडेरेसन नेपाल | २०७२ | २०८०।३।२३ | राजेन्द्र श्रेष्ठ/यादवबहादुर बस्नेत |
| १५ | नेपाल सेपाकताक्रो संघ | २०६५ | २०८०।१।३० | नेत्रबहादुर गुरुङ/नेसिर मास्के |
| १६ | नेपाल स्केटिङ तथा स्केट बोर्डिङ संघ | २०७२ | २०८०।२।२६ | अच्युत खनाल/ |
| १७ | नेपाल स्की संघ | २०६३ | २०८०।३।३१ | जीवनराम श्रेष्ठ/विजय श्रेष्ठ |
| १८ | नेपाल वादोरियो कराते डो संघ | २०६४ | २०८०।३।२७ | हरिशरण केसी/सन्ध्या थापा |
| १९ | नेपाल डोरीतान संघ | २०६४ | २०८०।२।६ | भवानीप्रसाद पौडेल/विमल पौडेल |

# परिषद्को सहयोगमा भएका प्रतियोगिता

## राष्ट्रिय प्रतियोगिता

| क्र.सं. | प्रतियोगिता अवधि | प्रतियोगिताको नाम |
|---|---|---|
| १ | २०७९ असोज ७ र ८ गते, काठमाडौं | आठौं जुनियर कराते च्याम्पियनसिप-२०२२ |
| २ | २०७९ असोज २८ देखि कात्तिक ७, ललितपुर | २५ औं ओपन नेसनल स्विमिङ च्याम्पियनसिप |
| ३ | २०७९, भदौ २२ देखि २८, काठमाडौं | डिप्लोमा कोर्स, जज कोर्स तथा पहिलो नेसनल उसु अवार्ड प्रोग्राम-२०७९ |
| ४ | २०७९ कात्तिक २५ गते, काठमाडौं | चौथो राष्ट्रिय योग खेलकुद प्रतियोगिता |
| ५ | २०७९, मंसिर ६ देखि १८, काठमाडौं | पुरुष यू-१९ राष्ट्रिय क्रिकेट प्रतियोगिता (सात प्रदेश) प्रधानमन्त्री कप |
| ६ | २०७९, पुस ८ देखि २६, काठमाडौं | फ्रेन्चाइज नेपाल टी-२० लिग प्रतियोगिता |
| ७ | २०७९, माघ २३-२९, धनुषा | पाँचौं सहाना प्रधान स्मृति महिला हक्की प्रतियोगिता |
| ८ | २०७९, माघ २१ र २२, सातदोबाटो, ललितपुर | सातौं हाप्किडो प्रतियोगिता तथा दोस्रो अन्तर्राष्ट्रिय हाप्किडो सेमिनार |
| ९ | २०७९, माघ २९ देखि फागुन ६, काठमाडौं | तेस्रो राष्ट्रिय क्लव रग्बी प्रतियोगिता |
| १० | २०७९, फागुन ७ देखि १२, विराटनगर | चौंथो गिरिजाप्रसाद कोइराला स्मृति पुरुष हक्की प्रतियोगिता |
| ११ | २०७९, फागुन ७ गते | छैटौं राष्ट्रिय मुवाँथाई प्रतियोगिता |
| १२ | २०७९, फागुन ९-११ भोटेकोशी, सिन्धुपाल्चोक | ११ औं नेसनल कायक सालोम च्याम्पियनसिप, सातौं नेसनल ऱ्याफ्टिङ च्याम्पियनसिप, नेसनल ऱ्याफ्टिङ रेफ्री कोर्स |
| १३ | २०८०, जेठ २६-२८, सुनसरी | दोस्रो राष्ट्रिय कुराँस प्रतियोगिता-२०८० |
| १४ | २०८०, जेठ २६-२७, इलाम | राष्ट्रिय यू-२० सेभेन्स रग्बी महिला/पुरुष प्रतियोगिता-२०८० |
| १५ | २०८०, जेठ २० र २१, भक्तपुर | राष्ट्रिय रग्बी सेभेन्स महिला प्रतियोगिता-२०८० |
| १६ | २०८०, जेठ २१ र २२, सातदोवाटो | ११औं एनएसए कप पौडी प्रतियोगिता-२०८० |

## रेफ्री, जज र प्रशिक्षक सेमिनार

| क्र.सं. | कार्यक्रम | स्थान | अवधि | आयोजक |
|---|---|---|---|---|
| १ | कराते मास्टर मिट्स २०७९ | चितवन | २०७९ चैत ७ देखि १३ | नेपाल कराते महा संघ |

## गोल्डकप फुटबल प्रतियोगिता

| क्र.सं. | कार्यक्रम | स्थान | अवधि | आयोजक |
|---|---|---|---|---|
| १ | सुदूरपश्चिम राजधानी कप | बराह क्षेत्र नगरपालिका | २०७९, असोज २९-कात्तिक ५ | पीएफए क्लब धनगढी |

| | | | | |
|---|---|---|---|---|
| २ | पाँचौं नैकाप गोल्डकप | चन्द्रागिरि स्पोर्ट्स एकेडेमी | २०७९, असोज १०- कात्तिक ५ | चन्द्रागिरि स्पोर्ट्स एकेडेमी |
| ३ | आठौ नारदमुनि स्मृति गोल्डकप | उदयपुर | २०७९  असोज ९ देखि १६ सम्म | श्री बसाह युवा क्लब |
| ४ | नवौं सप्तकोशी गोल्डकप फुटबल | बराहक्षेत्र नगरपालिका | २०७९  असोज २९- कात्तिक ५ | सप्तकोशी युवा क्लब, सुनसरी |
| ५ | २२औं आहारारा गोल्डकप | पोखरा | २०७९ , पुस १४ देखि २३ | सहारा युवा क्लब पोखरा |
| ६ | पाँचौं सहिद स्मृति आमन्त्रित मकवानपुर गोल्डकप | फापरबारी | २०७९ माघ २९ देखि फागुन ११ | वागमती गापा खेलकुद विकास समिति |
| ७ | सातौं गोर्खाली रनिङ कप | गोरखा | ०७९ फागुन ७ देखि १४ | हरमटारी क्लब गोरखा |
| ८ | १३औं आमन्त्रित इटहरी गोल्डकप फुटबल | इटहरी रंगशाला | २०७९ चैत ४ देखि ११ | राष्ट्रिय जनजागृति युवा क्लब, इटहरी |
| ९ | विराट गोल्डकप फुटबल | विराटनगर | २०७९ चैत ९ देखि १८ | विराट गोल्डकप फुटबल ट्रस्ट |
| १० | १३औं जितपुरसिमरा गोल्डकप | सिमरा बारा | २०७९ चैत ९ देखि १८ | नव जनजागृति युवा क्लब, बारा |
| ११ | छैटौं भरौल गोल्डकप फुटबल | भरौल, सुनसरी | २०७९ चैत १० देखि १७ | न्यु स्टार क्लब, भरौल सुनसरी |
| १२ | २३ औं बुढासुब्बा गोल्डकप | धरान, सुनसरी | २०७९ चैत १३ देखि २० | धरान फुटबल क्लब, सुनसरी |
| १३ | प्रथम कोहलपुर गोल्डकप | कोहलपुर | २०७९ चैत १५ देखि २२ | कोहलपुर रेसिङ क्लब |
| १४ | सुदूरपश्चिम छैटौं खप्तड गोल्डकप | कैलाली, धनगढी | २०७९ चैत ९ देखि १८ | सुदूरपश्चिम ११ स्पोर्ट्स क्लब |
| १५ | तेस्रो सुदुरपश्चिम गोल्डकप | कैलाली, धनगढी | २०७९ चैत १५ देखि २५ | गौरीगंगा ११ स्पोर्ट्स क्लब |
| १६ | पाँचौं स्थानीय तह सहिद स्मृति हेटौंडा गोल्डकप | पिप्लेक्याम्पा रंगशाला, हेटौंडा | २०७९ माघ २८- फागुन १० गतेसम्म | मकवानपुर जिल्ला फुटबल संघ |

## क्लब तथा डोजोका कार्यक्रम

| क्र.सं. | संघको नाम | अवधि | कार्यक्रम |
|---|---|---|---|
| १ | जापान गोजुरियो कराते डो मिसन संघ नेपाल | २०७९ असोज २३-३० सम्म | नेपाल भिजिट सेमिनार एवं डोजो निरीक्षण |

| | | | |
|---|---|---|---|
| २ | विद्या अर्जुन सितोरियो कराते डो संघ | ०७९ भाद्र २४-२५ सम्म, भक्तपुर | तेस्रो उपत्यकाव्यापी कराते प्रतियोगिता |
| ३ | नेपाल गोजुरियो कराते डो संघ | ०७९ साउन १५ देखि १७ सम्म, काठमाडौं | नेपाल ओपन अन्तर्राष्ट्रिय कराते प्रतियोगिता |
| ४ | नेपाल सितोरियो कराते संघ केन्दीय डोजो | ०७९ भाद्र ३-७, काठमाडौं | नवौं उपत्यकाव्यापी कराते तथा किक बक्सिङ प्रतियोगिता |
| ५ | इन्टरनेशनल फेडेरेसन अफ काईकान कराते नेपाल | २०७९ भदौ २४-२५ सम्म, काठमाडौं | चौथो आईएफकेके राष्ट्रव्यापी पुरुष तथा महिला तौल समूह फुल कन्ट्याक्ट कराते प्रतियोगिता |
| ६ | नेपाल सितोरियो कराते डो संघ | असोज ७ र ८ गते काठमाडौं | आठौं जुनियर कराते च्याम्पियनसिप-२०२२, काठमाडां |
| ७ | नेपाल जितकुन्डो मार्सल आर्ट्स संघ | २०७९ मंसिर २१ देखि २४ सम्म, दशरथ रंगशाला, काठमाडौं | तेस्रो टोखा नगरपालिका आमन्त्रण जितकुन्डो मेयर कप तथा सातौं जितकुन्डो सेमिनार, काठमाडौं |
| ८ | नेपाल सितोरियो कराते डो संघ ठमेल शाखा डोजो | २०७९ पुष ८ देखि ९ सम्म लैनचौर, काठमाडौं | आठौं जुनियर कराते च्याम्पियनसिप |
| ९ | नेपाल सोतोकान कराते सिन्धुपाल्चोक डोजो शाखा | २०७९ पुस १५ र १६ सम्म, सिन्धुपाल्चोक | प्रथम वागमती स्तरीय कराते प्रतियोगिता |
| १० | नेपाल गोजुकाई कराते संघ | अगस्ट २०-२१, २०२२ कर्नाटक, भारत | शिवमोझान ओपन तथा आठौँ अन्तर्राष्ट्रिय कराते च्याम्पियनसिप |
| ११ | जापान गोजुरियो कराते डो मिसन संघ नेपाल | डिसेम्बर २६-२७, २०२२, पुणे, भारत | एनकेएफआई अन्तर्राष्ट्रिय कराते तथा किक बक्सिङ च्याम्पियनसिप |
| १२ | नेपाल कराते महासंघ | २०७९ माघ २६-२८ सम्म, सातदोबाटो, ललितपुर | दोस्रो मेयर कप वादो कराते प्रतियोगिता |
| १३ | रसुवा स्पोर्ट्स एकेडेमी | २०७९ फागुन १७ देखि २० सम्म, दशरथ रंगशाला, | प्रथम सहिद स्मृति कराते प्रतियोगिता |

## विविध कार्यक्रम

| क्र.सं. | कार्यक्रम | स्थान | अवधि | आयोजक |
|---|---|---|---|---|
| १ | चौधौं काठमाडौं म्याराथन | काठमाडौं | ०७९ भदौ २८ गते | एनआरएन स्पोर्ट्स फाउन्डेसन प्रालि |

| | | | | |
|---|---|---|---|---|
| २ | यू-१९ राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगिता | काठमाडौं | २०७९ मंसिर ६ देखि १८ सम्म | नेपाल क्रिकेट संघ |
| ३ | एसियन एथलेटिक्स  च्याम्पियनसिप (क्रसकन्ट्री) | गोकर्ण | २०७९ फागुन २४ गते | नेपाल एथलेटिक्स संघ |
| ४ | पोखरा अन्तर्राष्ट्रिय म्याराथन प्रतियोगिता | पोखरा | २०७९ फागुन ६-७ | भूतपूर्व खेलाडी मञ्च पोखरा |
| ५ | प्रथम दक्षिण एसियाली महिला भलिबल प्रतियोगिता | काठमाडौं | २०८० जेठ ६  देखि १६ सम्म | नेपाल भलिबल संघ |
| ६ | अन्तर्राष्ट्रिय तेक्वान्दो आईटीएफ प्रतियोगिता | विराटनगर | २०८० असार १६ र १७ | नेपाल आईटीएफ महासंघ |
| ७ | राष्ट्रिय भलिबल प्रतियोगिता | काठमाडौं | २०८० वैशाख ६ देखि १० | नेपाल भलिबल संघ |
| ८ | मदन भण्डारी स्मृति खेलकुद प्रतियोगिता सञ्चालन | नेपालका ७ प्रदेशमा | २०७९ फागुन २१ देखि २०८० असार १५ सम्म | मदन भण्डारी स्पोर्ट्स एकेडेमी |
| ९ | गणेशमान सिंह स्मृति राष्ट्रिय महिला तथा पुरुष बक्सिङ प्रतियोगिता सञ्चालन अनुदान | काठमाडौं | २०७९ चैत २१ देखि २५ सम्म | गणेशमान सिंह फाउन्डेशन |
| १० | सहाना प्रधान स्मृति राष्ट्रिय महिला हक्की प्रतियोगिता | जनकपुर | २०७९ माघ २६ देखि २९ | नेपाल हक्की संघ |
| ११ | मदन भण्डारी अन्तर्राष्ट्रिय रोड रेस च्याम्पियनसिप | ठमेल, काठमाडौं | २०७९ चैत ४ गते | रन फर नेपाल |
| १२ | साहसिक तथा पर्वतीय खेलकुद योजना तर्जुमा, विकास तथा प्रतियोगिता आयोजनाका लागि माउन्टेन स्पोर्ट्स कन्क्लेभ | नगरकोट | २०८० असार २९ र ३० गते | राखेप र पर्वतीय खेलकुद महासंघ |
| १३ | गिरिजाप्रसाद कोइराला स्मृति राष्ट्रिय पुरुष हक्की प्रतियोगिता | विराटनगर | २०७९ चैत २२ देखि २८ | नेपाल हक्की संघ |
| १४ | सहिद स्मारक लिग पुरुष राष्ट्रिय लिग फुटवल प्रतियोगिता सञ्चालन | दशरथ रंगशाला, काठमाडौं | २०७९ साल फागुन १० गते देखि २०८० जेठ २७ सम्म | अखिल नेपाल फुटबल संघ |
| १५ | प्रधानमन्त्री कप राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता | नखिपोट, ललितपुर | २०८० असार १३ देखि १६ | नेपाल ब्याडमिन्टन संघ |

| | | | | |
|---|---|---|---|---|
| १६ | राष्ट्रिय/अन्तर्राष्ट्रिय रिङ रेस्लिङ प्रतियोगिता आयोजना | सात प्रदेश | २०७९ चैत मसान्तसम्म | नेपाल रिङ रेस्लिङ संघ |
| १७ | राष्ट्रिय आर्चरी प्रतियोगिता | पोखरा | २०७९ चैत २१ देखि २५ | नेपाल आर्चरी संघ |
| १८ | प्रज्ञा स्मृति साइक्लिङ प्रतियोगिता | चितवन | २०७९ फागुन १३ | प्रज्ञा स्मृति प्रतिष्ठान |
| १९ | प्रधानमन्त्री पुरुष/महिला राष्ट्रिय भलिबल प्रतियोगिता | राखेप कभर्डहल, काठमाडौं | २०८० असार २३ देखि ३० | नेपाल भलिबल संघ |
| २० | मौराखारा गुरिल्ला म्याराथन प्रतियोगिता आयोजना | सानोभेरी रुकुम | २०७९ फागुन १ | सानोभेरी रुकुम गाउँपालिका |
| २१ | पोष्टबहादुर बोगटी स्मृति भलिबल प्रतियोगिता | राखेप कभर्डहल | २०७९ चैत २८ देखि वैशाख २ | पोष्टबहादुर बोगटी स्मृति प्रतिष्ठान |
| २२ | राष्ट्रिय उसु प्रतियोगिता | राखेप कभर्डहल | २०८० असार १९ देखि २१ | नेपाल उसु महासंघ |
| २३ | राष्ट्रिय महिला तथा पुरुष रग्बी प्रतियोगिता | काठमाडौं | २०७९ माघ २९ देखि फागुन ६ | नेपाल रग्वी संघ |
| २४ | राष्ट्रिय जुडो प्रतियोगिता | काठमाडौं | २०७९ फागुन २४ देखि २८ | नेपाल जुडो संघ |
| २५ | राष्ट्रिय कराते प्रतियोगिता | काठमाडौं | २०७९ फागुन ५ देखि ७ | नेपाल कराते महासंघ |
| २६ | राष्ट्रिय तेक्वान्दो प्रतियोगिता | भक्तपुर | २०८० असार ८ र ९ | नेपाल आईटिएफ तेक्वान्दो महासंघ |
| २७ | रामवृक्ष यादव स्मृति राष्ट्रिय कुस्ती प्रतियोगिता | धनुषा | २०८० असार १३ र १४ | रा.खे.प. |
| २८ | मिस्टर हिमालय राष्ट्रिय शारीरिक सुगठन प्रतियोगिता | काठमाडौं | २०८० असार १३ र १४ | नेपाल शारीरिक सुगठन तथा फिटनेस संघ |
| २९ | सुनापति शैलुङ अल्ट्रा म्याराथन प्रतियोगिता | रामेछाप | २०७९ चैत ४ गते | जिल्ला खेविस रामेछाप |
| ३० | रानीमहल बिच भलिबल प्रतियोगिता आयोजना | पाल्पा, रानीमहल | २०८० असार २० देखि २५ सम्म | सञ्जय मेमोरियल फाउन्डेसन |
| ३१ | वर्ष उत्कृष्ट खेलाडी सम्मान कार्यक्रम -एनएनआईपीए अवार्ड) | काठमाडौं | २०७९ चैत १२ | नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघ |
| ३२ | वर्ष उत्कृष्ट खेलाडी पुरस्कार (स्पोर्टस अवार्ड) | काठमाडौं | २०७९ माघ २२ देखि २५ सम्म | नेपाल खेलकुद पत्रकार मञ्च |
| ३३ | जिल्लास्तरीय डुंगादौड प्रतियोगिता | रामेछाप | २०७९ फागुन १३ | माझी उत्थान संघ |

| | | | | |
|---|---|---|---|---|
| ३४ | राष्ट्रपति खेलकुद महिला सहभागिता अभिवृद्धि कार्यकज्म | शंखरापुर नगरपालिका | २०८० असार २० | नेपाल हाप्किडो संघ |
| ३५ | राष्ट्रपति खेलकुद महिला सहभागिता अभिवृद्धि कार्यक्रम | काठमाडौं | २०८० असार १२ देखि १४ | अखिल नेपाल कबड्डी संघ |
| ३६ | राष्ट्रपति खेलकुद महिला सहभागिता अभिवृद्धि कार्यक्रम | काठमाडौं | २०८० असार २५ देखि साउन १८ | नेपाल रग्बी संघ |

## म्याचिङ फण्डअन्तर्गत सम्पन्न कार्यक्रम

| क्र.सं. | आयोजक | प्रतियोगिता अवधि | प्रतियोगिताको नाम |
|---|---|---|---|
| १ | कालभैरव उसु क्वान क्लब | २०७९ माघ ९-११, काठमाडौं | प्रथम ग्रीनफिल्ड उपत्यकाव्यापी खुला जुनियर उसु च्याम्पियनसिप |
| २ | नेपाल एथलेटिक्स परिवार | २०७९ माघ २२-२४, काठमाडौं | गोल्डेन एथलेटिक्स मिट,२०७९ |
| ३ | टाइगर ग्रुप अफ पोखरा | २०७९ माघ ८ देखि १४, पोखरा | तेस्रो टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रण क्लब महिला तथा पुरुष भलिबल |
| ४ | शेरबहादुर खड्का स्मृति प्रतिष्ठान | २०७९ माघ २१-२४, काठमाडौं | छैटौं केएनपी राष्ट्रिय महिला भलिबल प्रतियोगिता |
| ५ | नेपाल एथलेटिक्स संघ (मीरा राई युनिसिएटिभ ) | २०७९ फागुन ६ गते काठमाडौं | स्तुपा टु स्तुपा रेस २०२३ |
| ६ | कालीमाटी युवा क्लव | २०७९ फागुन १ देखि ७ सम्म स्याङ्गजा | सातौं सेभेन ए फुटबल च्याम्पियनसिप |
| ७ | नेपाली युथ फिटनेस तथा क्यालिस्टिक प्रालि | २०८० साल बैशाख ९, कपन, काठमाडौं | पाँचौं राष्ट्रव्यापी स्ट्रिट वर्कआउट प्रतियोगिता |
| ८ | मनासलु युवा क्लव | २०८० बैशाख १-५, बारपाक, गोरखा | दोस्रो मनासलु कप २०८० |
| ९ | कर्णाली स्पोर्ट्स क्लब | २०८० वैशाख ११ गते जुम्ला, मुगु | चौथो जुम्ला रारा अल्ट्रा म्याराथन प्रतायोगिता |
| १० | केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठान | २०८० जेठ १६-२० गते हेटौंडा, मकवानपुर | केशवलाल श्रेष्ठ स्मृति राष्ट्रिय भलिबल प्रतियोगिता |

# विभाग तथा शाखाहरूको प्रगति विवरण

राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ द्वारा निर्दिष्ट उद्देश्य प्राप्तिका लागि राष्ट्रिय खेलकुद परिषद्बाट आफूअन्तर्गतका विभिन्न विभाग, शाखा, प्रतिष्ठान, केन्द्रमार्फत सम्पादन भए गरेका कार्यहरूको विवरण :

## तालिम तथा प्रशिक्षण विभाग

गण्डकी प्रदेशको पोखरामा आयोजित नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि प्रशिक्षक कम भएका खेलहरूमा परिषद् अन्तर्गत कार्यरत २९ जना प्रशिक्षक प्रदेश खेलकुदमा कामकाज गर्न परिचालित ।

नवौं राष्ट्रिय खेलकुदकै लागि प्रशिक्षक नभएका जिल्लाहरूमा एक सय स्वयंसेवक प्रशिक्षक परिचालन ।

परिषद्अन्तर्गत केन्द्र, काठमाडौं, ललितपुर र भक्तपुर जिल्लामा प्रशिक्षण सेवातर्फ कार्यरत ४० जना सहायक प्रशिक्षकको स्तरवृद्धिका लागि क्षमता अभिवृद्धि तालिम सम्पन्न ।

चीनको हाङ्झाउमा सन् २०२३ को सेप्टेम्बर २३ देखि अक्टोबर ८ तारिखसम्म हुने १९ औं एसियाली खेलकुदमा नेपालको तर्फबाट सहभागी हुने २९ खेलको २०७९ चैतदेखि तयारी तथा विशेष प्रशिक्षण सञ्चालन गरेको थियो । उक्त प्रतियोगितामा सहभागिताका लागि अनिवार्य (वाडा सर्टिफिकेसन कोर्स, एन्टी डोपिङ कोर्स एवं स्पोर्ट्स न्युट्रिसन कोर्स सम्पन्न ।

१९ औं एसियाली खेलकुदमा संलग्न हुने खेल, खेलाडी, प्रशिक्षक एवं व्यवस्थापकको कोटा निर्धारण, आवश्यक तयारी, बजेट तथा कार्यक्रम तर्जुमालगायतका कार्यहरू सम्पन्न गरेको थियो ।

## खेलकुद प्रतियोगिता तथा योजना विभाग

उपराष्ट्रपति रामसहाय प्रसाद यादवको प्रमुख आतिथ्यतामा १३औं केन्द्रस्तरीय राष्ट्रपति रनिङ सिल्ड खेलकुद सम्पन्न ।

विश्वविद्यालय खेलकुद प्रतियोगितासम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

प्रथम अन्तर विश्वविद्यालय खेलकुद प्रतियोगितामा एथलेटिक्स, भलिबल, टेबलटेनिस, ब्याडमिन्टन, बास्केटबल तथा मार्सल आर्टतर्फ कराते वा तेक्वान्दोमध्ये विश्वविद्यालयहरूको सुझावका आधारमा एक खेलमात्र समावेश गरिने ।

## नेपाल खेलकुद विज्ञान प्रतिष्ठान

| सि.नं. | क्रियाकलाप | लाभान्वित संख्या |
|---|---|---|
| १ | विद्यालयमा कार्यरत खेल शिक्षक तालिम | ८३ |
| २ | प्रदेशस्तरीय छनोटमार्फत राष्ट्रिय खेलकुदका लागि छनोट भएका खेलाडीको व्यक्तिगत विवरण र तन्दुरुस्तीको अवस्थासम्बन्धी अनुसन्धान (प्रदेश केन्द्र समन्वयात्मक कार्य) | २०५ |
| ३ | छात्रवृत्ति कार्यक्रम | |
| क) | भलिबल, (खेलाडी २६, प्रशिक्षक २) | २६ |
| ख) | कबड्डी, (खेलाडी १०, प्रशिक्षक २) | १० |
| ग) | कबड्डी, (खेलाडी १०, प्रशिक्षक २) | १० |
| घ) | रग्बी, (खेलाडी १२, प्रशिक्षक १) | १२ |
| ङ) | रग्बी, (खेलाडी १२, प्रशिक्षक १) | १२ |
| च) | रग्बी छनोट कार्यक्रम | २४ |
| छ) | अनुगमन भलिबल, कबड्डी | ३६ |
| ज) | अनुगमन खोखो | १० |
| ४ | आऊ खेल खेलौं कार्यक्रम | ७८ |

## खेलकुद चिकित्सा तथा अनुसन्धान केन्द्र

१. कोभिड-१९ विरुद्ध निःशुल्क खोप कार्यक्रम : जिल्ला स्वास्थ्य कार्यालय काठमाडौंको सहकार्यमा २०८० बैशाख १९ देखि २१ गतेसम्म २१० जना सहभागी।

२. रक्तदान कार्यक्रम : २०८० जेठ ३१ गते। ९० जनाले रक्तदान गरेको, सहकार्य : किंग्स कलेज काठमाडौं र नेपाल रेडक्रस सोसाइटी काठमाडौं।

३. निःशुल्क आँखा जाँच कार्यक्रम : २०८० असार १३ देखि १६ गतेसम्म। सहभागी संख्या : ३७० जना (१९ औं एसियाली खेलकुदमा सहभागी विभिन्न खेलका खेलाडी, प्रशिक्षक, कर्मचारी र पदाधिकारी समेत)। सहकार्य : नेपाल आँखा अस्पताल, त्रिपुरेश्वर, काठमाडौं।

४. नियमित रूपमा खेलाडी, प्रशिक्षक, कर्मचारी, खेल पदाधिकारी, खेलकर्मी स्वास्थ्य सेवा प्रदान :

क) फिजियोथेरापी सेवा : १३३० जना, (ख) एक्स-रे सेवा : ६६५ जना, (ग) इमर्जेन्सी सेवा : ९५३ जना, (घ) ल्याब सेवा : ६३४ जना, (ङ) ईसीजी सेवा : ३७० जना।

५. एसियाड टोलीको स्वास्थ्य परीक्षण : १९ औं एसियाली खेलकुदमा सहभागी हुने खेलाडी तथा प्रशिक्षकको स्वास्थ्य परीक्षण (रक्तचाप, ल्याब, ईसीजी र एक्स-रे) को सेवा प्रदान साथै दैनिक रूपमा खेलाडीको स्वास्थ्य सेवा (फिजियोथेरापी, एक्स-रे, इमर्जेन्सी, ल्याब) प्रदान।

## प्रचार प्रसार शाखा

१) मोबाइल एप सञ्चालन : नवौं राष्ट्रिय खेलकुद-२०७९ को समग्र नतिजा प्रकाशन गर्ने कार्य, नेपाली खेलकुदको समग्र इतिहास एपमा समावेश गरिएको थियो। ३ हजार बढीले राखेपको मोबाइल एप सर्च गरेको लाभ लिएको।

२) nsc.gov.np website सञ्चालनमा रहेको : खेलकुद परिषदका गतिविधिहरू वेवसाइटमा अपलोड गरिँदै आएको। website ६ हजारभन्दा बढीले visit गरेको, ७० हजारभन्दा बढी मानिसले बेवसाइट हेरिएको।

३) सामाजिक सञ्जाल सञ्चालन तथा व्यवस्थापन : परिषदका सबै गतिविधि सामाजिक सञ्जालमा पोस्ट गरिँदै आएको, परिषद् को Facebook, Instragram पेज सञ्चालन, फेसबुकमा १२५३७ जनाको like, ९४२६३६ को visit गरेको

४) नवौं राष्ट्रिय खेलकुद-२०७९ को Power Point Presentation तयार पारिएको

५) नवौं राष्ट्रिय खेलकुदको भिडियो डकुमन्ट्री तयार गरिएको।

६) नवौं राष्ट्रिय खेलकुदको स्मारिका प्रकाशन गरिएको।

७) १९ औ एसियाली खेलकुदमा सहभागी हुने नेपालका २९ खेलका खेलाडीको बन्द प्रशिक्षण तथा अन्य तयारीबारे फोटो भिडियो संकलन तथा सामाजिक सन्जालमा अपलोड गर्ने कार्य।

८) परिषद् आयोजक भएको वा परिषद्को आर्थिक सहयोगमा नेपालमा आयोजना गरिएका अन्तर्राष्ट्रिय प्रतियोगिताको Power Point Presentation र Video बनाउने कार्य थालनी गरिएको।

## पौडी पोखरीमा सर्वसाधारणको बाक्लो उपस्थिति : अन्तर्राष्ट्रिय खेलकुद परिसर, सातदोबाटो

पौडी पोखरीमा खेलाडी मात्र नभई सर्वसाधारणको समेत उपस्थिति बाक्लो हुने गरेको छ। कात्तिक र मंसिरमा मानिसले पौडीपोखरीको प्रयोग गरेको पाइँदैन भने बाँकी महिनामा पौडी खेल्न आउनेको संख्या उल्लेख्य रहने गरेको छ। एक बर्षमा सातदोबाटोस्थित अन्तर्राष्ट्रिय पौडी पोखरीमा ५५ हजार ९ सय १० जनाले पौडी खेलेका थिए।

## इ टिकटको सुरुआत

सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसर हातामा रहेको पौडी पोखरीमा इ टिकट सुरुआत गरिएको छ। विगतको झन्झ( टिलो टिकट प्रणालीलाई विस्थापन गर्दै रेकर्ड प्रणालीलाई चुस्त दुरुत र सरल बनाउन २०७९ साउन महिना देखि इ टिकटको सुरुआत गरिएको हो।

इटिकटका कारण सेवाग्राहीलाई सहज भएको छ भने रेकर्डमा पनि सहज हुने छ। पौडीका लागि आउनेहरूलाई अव अनलाइन टिकटको पनि सुरुआत गर्ने योजना रहेको परिषदका सदस्य सचिव टंकलाल घिरिडले बताउनुभएको छ।

पौडी शाखा प्रमुख देवराज कटुवालका अनुसार छपाईं टिकटमा धेरै असहज र झन्झट हुने भएकोले प्रविधि मार्फत काम गर्दा निकै सहज हुने हुँदा यो प्रक्रियाको सुरुवात गरिएको हो।

# राखेप र कागेश्वरी मनोहरा नगरपालिकाबीच सम्झौता



राष्ट्रिय खेलकुद परिषद् (राखेप) र कागेश्वरी मनोहरा नगरपालिकाबीच कागेश्वरी मनोहरा नगरपालिकालाई खेलकुद नगरी बनाउने सहमती भएको छ। खेलकुद नगरी बनाउने अभियानलाई मूर्त रुप दिन विभिन्न खेलका पूर्वाधार बनाउने, खेलकुदका गतिविधि आपसी सहयोगमा गर्ने, विभिन्न प्रशासनिक र प्राविधिक विषयमा सहयोग आदान-प्रदान गर्ने सम्वन्धमा द्विपक्षीय सम्झौता भएको छ। राखेपका तर्फबाट सदस्य-सचिव टंकलाल घिसिङ र कागेश्वरी मनोहरा नगरपालिकाका तर्फबाट मेयर उपेन्द्र कार्कील सम्झौता पत्रमा हस्ताक्षर गर्नु भएको छ।

यसैगरी, कागेश्वरी मनोहरा नगरपालिकाले रग्बी, भलिबल र बक्सिङको पूर्वाधार निर्माणका लागि जग्गा उपलव्ध गराउने भएको छ। सम्वन्धित खेलका राष्ट्रिय संघसंग जग्गा उपलब्ध गराउने सम्बन्धी सम्झौता पत्रमा पनि हस्ताक्षर भएको छ। कागेश्वरी मनोहरा नगरपालिकाका मेयर उपेन्द्र कार्की, नेपाल रग्बी संघका महासचिव गोविन्द घिमिरे, नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्रबहादुर चन्द र नेपाल बक्सिङ संघका वरिष्ठ उपाध्यक्ष अर्जुनबहादुर केसीले सम्झौता पत्रमा हस्ताक्षर गरे।

नगरपालिकाले रग्बीका लागि वडा ७ स्थित सोमतीर्थमा १०८ रोपनी १२ आना ३ पैसा ३ दाम जग्गा उपलब्ध गराउने भएको छ। भलिबललाई वडा ६ स्थित तिवारी टोलमा ६३ रोपनी ८ आना जग्गा प्रदान गर्ने छ। बक्सिङका लागि वडा ६ स्थित अधिकारी टोलमा ८६ रोपनी ५ आना १ दाम जग्गा उपलब्ध गराउने सहमती भएको छ।

कार्यक्रमलाई सम्बोधन गर्दै सदस्य-सचिव घिसिङले पूर्वाधार निर्माणका लागि सम्बन्धित संघले आफ्नो अन्तर्राष्ट्रिय महासंघसंग पनि समन्वय गरी श्रोत जुटाउन पहल गर्नु पर्नेमा जोड दिदै पूर्वाधार निर्माण गर्दा बिजुली, पानी, सडक आदिमा पनि ध्यान दिन आवश्यक रहेको बताए।

मेयर कार्कीले कागेश्वरी मनोहरा नगरपालिकालाई खेलकुद नगरी बनाउने योजना अनुरुप नगरपालिकामा भएका जग्गालाई अधिकतम खेलकुदका लागि प्रयोग गर्ने प्रतिबद्धता जनाउनुभयो। मेयर कार्कीले खेलकुदको माध्यमबाट चिनाउन नगरपालिकालाई खेलकुद नगरीका रुपमा विकास गर्ने योजना रहेको बताउदै सम्झौता ऐतिहासिक भएको बताए।

# हार्दिक श्रद्धाञ्जलि



किशोरबहादुर सिंह



निस्सिम थापा

राष्ट्रिय खेलकुद परिषद्का पूर्वसदस्य-सचिव **किशोरबहादुर सिंह**को ७३ वर्षको उमेरमा २०७९ साल मंसिर १५ गते तथा गण्डकी प्रदेशको पोखरामा भएको नवौं राष्ट्रिय खेलकुदअन्तर्गत प्याराग्लाइडिङ खेलका क्रममा खेलाडी **निस्सिम थापा**को २८ वर्षको अल्पायु उमेरमा २०७९ साल असोज ३० गते भएको निधनले नेपाली खेलजगतमा पुगेको अपुरणीय क्षतिप्रति राष्ट्रिय खेलकुद परिषद् अत्यन्त दुखित र मर्माहत भएको छ ।

दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं । यस दुखको घडीमा शोक सन्तप्त परिवारजनप्रति राष्ट्रिय खेलकुद परिषद् हार्दिक समवेदना व्यक्त गर्दछ ।

**राष्ट्रिय खेलकुद परिषद्**

**त्रिपुरेश्वर, काठमाडौं**

# राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिवहरू



स्व. होराप्रसाद जोशी
वि.सं. २०१५-०१७



सुशील शमशेर जबरा
वि.सं. २०१७-०२४



स्व. खड्गविक्रम शाह
वि.सं. २०२४-०३४



स्व. शरदचन्द्र शाह
वि.सं. २०३४-०४५



स्व. इन्दुबहादुर शाही
वि.सं. २०४५-०४६



स्व. युद्धविक्रम शाह
वि.सं. २०४६-०४८



स्व. राजबहादुर सिंह
वि.सं. २०४८५-०५०



स्व. रुक्म शमशेर जबरा
वि.सं. २०५०-०५१
२०५४-०५७



केशव स्थापित
वि.सं. २०५१-०५२



शरदकुमार भट्टराई
वि.सं. २०५२-०५३



जीवनराम श्रेष्ठ
वि.सं. २०५३-०५४
२०६३-०६६



बद्रीनाथ श्रेष्ठ
वि.सं. २०५३-०५३



विनोदशंकर पालिखे
वि.सं. २०५५-०५९



स्व. किशोरबहादुर सिंह
वि.सं. २०५९-०६३



हरिबाबु चौधरी
वि.सं. २०६६-०६८



युवराज लामा
वि.सं. २०६८-०७२



केशवकुमार विष्ट
वि.सं. २०७२-०७६



रमेशकुमार सिलवाल
वि.सं. २०७६-०७७
२०७७-०७८




राष्ट्रिय खेलकुद परिषद्
त्रिपुरेश्वर, काठमाडौं